

# श्री ५ वीरेन्द्रको नेतृत्वमा नेपाल

# श्री ५ वीरेन्द्रको नेतृत्वमा नेपाल

– गोकुल पोखरेल

प्रकाशक

श्री ५ को सरकार

सञ्चार मन्त्रालय

सूचना विभाग

प्रथम संस्करण

२,००० प्रति

२०३४ मंसीर

( December1977)

मुद्रक

श्री ५ को सरकारको छापाखाना

सिंहदरबार, काठमाडौं।



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव

# विषय-सूची

१ □ विकास युगको अभ्युदय
३६ □ श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक
५६ □ संविधानको दोस्रो संशोधन
६४ □ कानूनी सुधारहरू
७० □ श्री ५ को देश दर्शन कार्यक्रम
७७ □ व्यापक विदेश सम्बन्ध

# विकास युगको अभ्युदय

## (क) विकास योजनाको क्षेत्रीय व्यापकता

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राज्यारोहण गरिबक्सेको एक वर्ष नपुग्दै मौसूफबाट नेपाली जनतालाई सदियौंदेखिको आर्थिक पछौटेपन र गरीबीबाट उन्मुक्त पार्न ठोस आर्थिक कदमहरू चालिबक्स्यो । मौसूफबाट हुकुम भयो "आज हाम्रा कुनै शत्रु छन् भने ती हाम्रै पछौटेपन र अभाव हुन् र यिनै शत्रुहरूको विरूद्ध हामीले लड्नु परेको छ।"

छिटो र दिगो रूपमा आर्थिक विकासका लक्ष्यहरू हासिल गर्ने नीति-सम्बन्धी त्रुटिहरू र अस्पष्टताहरूको निराकरण गर्नु आवश्यक हुने हुँदा मौसूफबाट विकासका नयाँ चुनौतीहरूको सामना गर्न उपयुक्त नीतिहरूको निर्माण गर्नेतर्फ ध्यान दिइबक्स्यो। यस सन्दर्भमा विकास योजनालाई बढी जनमुखी र व्यावहारिक रूप दिन मौसूफबाट राज्यारोहण गरिबक्सेको वर्ष दिनभित्रै राष्ट्रिय विकास परिषद्को गठन र प्रादेशिक विकास नीतिको प्रतिपादन गरिबक्सेर आर्थिक विकासको परम्परागत धारणालाई क्रान्ति-कारी मोड दिइबक्स्यो ।

राष्ट्रिय विकास परिषद्को गठनबाट योजनासम्बन्धी नीति निर्माण र कार्यान्वयनमा समाजका सबै क्षेत्र एकत्रित गर्न प्रयास गर्ने वातावरणको

सिर्जना भयो भने प्रादेशिक विकास नीतिको कार्यान्वयनबाट आर्थिक विकासका साधनहरूको वितरणमा देखापरेका प्रादेशिक विषमताहरू हटाउन प्रभावकारी कदमहरू चाल्न सम्भव भयो ।

अधिराज्यका सबै क्षेत्रको सन्तुलित रूपमा विकास गर्ने निश्चित नीतिको अभावमा विकास कार्यहरू केही ठाउँहरूमा मात्र बढी केन्द्रित भएको र अरू धेरै ठाउँमा जनता विकासका अवसरहरूबाट वञ्चित रहन गई एक ठाउँदेखि अर्को ठाउँ बीच आवश्यक सम्बन्धहरू रहन नसकी अर्थ व्यवस्थाको एकीकरणमा समेत निकै अवरोधहरू पैदा हुनु मुख्य समस्या थिए ।

प्रादेशिक विकाससम्बन्धी विषमताहरूलाई अन्त्य गर्दै पिछडिएका र दुर्गम इलाकाहरूमा आर्थिक विकासका साधनहरू उपलब्ध गराउन तात्कालिक कदमको रूपमा श्री ५ महाराजाधिराजबाट २०२९ सालमा अधिराज्यलाई चार विकास क्षेत्रमा विभाजन गरिबक्स्यो । यस अनुसार स्थापना भएका विकास क्षेत्र र तिनका केन्द्रहरू यसप्रकार छन् :

| | विकास क्षेत्र | विकास केन्द्र |
|---|---|---|
| (१) | पूर्वाञ्चल विकास क्षेत्र | धनकुटा |
| (२) | मध्यमाञ्चल विकास क्षेत्र | काठमाडौं |
| (३) | पश्चिमाञ्चल विकास क्षेत्र | पोखरा |
| (४) | सुदूर पश्चिमाञ्चल विकास क्षेत्र | सुर्खेत |

प्रादेशिक विकास नीतिको कार्यान्वयन चौथो योजना (२०२७-२०३२) को मध्यावधिदेखि हुन लागेको हो र पाँचौं योजना (२०३२–२०३७) मा यसलाई मुख्य नीतिको रूपमा प्राथमिकता प्रदान गरिएको छ ।

पाँचौं योजनामा प्रादेशिक विकास नीतिका उद्देश्यहरू यसप्रकार निर्धारित छन् :–

(क) राष्ट्रिय आवधिक योजनालाई सामाजिक तथा भूमिगत स्थान पक्षसंग आबद्ध गरी योजना कार्यान्वयनलाई सुविधायुक्त तुल्याउने ।

(ख) उपेक्षित ठाउँहरू र पिछडिएका जनसमूहहरूको बीच आर्थिक

तथा सामाजिक उपलब्धिहरूको वितरण न्यायपूर्ण ढङ्गले हुन दिने व्यवस्थामा सुधार ल्याउने ।

(ग) आर्थिक उन्नति तथा जन कल्याणको अभिवृद्धि गर्ने कार्यक्रमहरू युक्त एकीकृत तथा समष्टीगत योजनालाई उपयुक्त भू–एकाई निर्धारण गरी कार्यान्वयन गर्ने ।

(घ) स्थानीय स्तरका विकास गतिविधिहरूलाई समन्वयात्मक ढङ्गले प्रादेशिक स्तरमा ल्याई त्यसलाई राष्ट्रिय विकास योजनामा सम्बद्ध गर्ने ।

(ङ) उपलब्ध स्रोत सम्पदाको परिचालन गरी सामाजिक-आर्थिक विकासको परिचालन गरी सामाजिक-आर्थिक विकासको गति तीव्रतर तुल्याउने ।

(च) लक्ष्य निर्धारण र कार्यक्रमहरूको कार्यान्वयनमा व्यापक जन सम्मिलित गराई स्थानीय आवश्यकता तथा वातावरणीय कुराहरूमा जन चेतना जागरण गराउने ।

(छ) पिछडिएका ठाउँहरूको विकास गर्ने तथा विकास क्षेत्र एवं उप-प्रदेशका ठाउँको बीच प्रभावकारी एकीकरण गरी आर्थिक गतिविधिलाई तथा जनसंख्याको वितरणमा सुधार ल्याउने र जनजीवन स्तरमा सुधार ल्याई प्रादेशिक सन्तुलन कायम गर्ने ।

यी उद्देश्यहरू हासिल गर्न श्री ५ को सरकारद्वारा अपनाइएका कार्य-क्रमहरू यसप्रकारका देखिन्छन् ।

(क) उत्पादन वृद्धिमा जोड – सबै विकास क्षेत्रमा आर्थिक विकासको स्थिति एकै किसिमको छैन । अत: विकाससम्बन्धी असन्तुलनहरू हटाउनका लागि विभिन्न विकास क्षेत्रमा स्थानीय स्रोत, आवश्यकता र सम्भाव्यताका आधारमा उपयुक्त विकास आयोजनाहरूको तर्जुमा र कार्यान्वयनमाथि ध्यान दिइएको छ । यस क्रममा अधिराज्यको प्राकृतिक बनोटलाई ध्यानमा राख्दै श्री ५ महाराजाधिराजबाट बक्सेको निर्देशन अनुरूप कम खाद्यान्न उत्पादन हुने हिमाली क्षेत्रमा पशु पालन र पहाडी क्षेत्रमा फलफूल खेती

तथा खाद्यान्न बढी हुन सक्ने तराई इलाकामा खाद्यान्न उत्पादनलाई योजनामा प्राथमिकता दिइएको छ। यस्का अतिरिक्त ग्रामीण क्षेत्रमा ठूलो संख्यामा रहेको अर्ध-बेरोजगार जनशक्तिलाई उत्पादनशील व्यवसायमा लगाउन गैर कृषि क्षेत्रमा घरेलु उद्योग, जडीबूटी खेती, पर्यटन उद्योग र अन्य शिल्पको विकासमाथि पनि जोड दिइएको छ।

(ख) सामाजिक सेवा सुविधाको विकास – प्रादेशिक आधारमा विकास आयोजनाहरूमा लगानी गर्दा त्यस्ता आयोजनाहरूबाट हुने आर्थिक लाभलाई मात्र लगानीको मापदण्ड बनाइएको छैन। विकासका पूर्वाधारहरू सिर्जना गर्ने र विकासका सुविधाहरूको उपभोगमा भएको अन्तर-प्रादेशिक असन्तुलन कम गर्ने क्रममा खाने पानी, स्वास्थ्य उपचार तथा शैक्षिक सुविधा जस्ता आधारभूत सामाजिक सेवा कार्यक्रमहरूको विकासतर्फ निकै ध्यान दिइएको छ। ग्रामीण समुदायको आधुनिकीकरणमा आवश्यक भएको विद्युत् सेवाको पिछडिएका क्षेत्रमा अधिकाधिक रूपमा विकास गर्नेतर्फ पनि तत्परता देखाइएको छ।

(ग) यातायात सुविधा र अन्य पूरक कार्यक्रमहरू – यातायात र परिवहनका आधुनिक सुविधाहरूबाट अन्तर प्रादेशिक सम्पर्क एवं आर्थिक एकीकरणमा सघाउ पुग्ने तथ्यलाई ध्यानमा राख्दै पिछडिएका इलाकाहरूमा यातायात सुविधाको विकासलाई बढी प्राथमिकता दिइएको छ। तर यातायात सुविधाको विकासका साथसाथै अन्य आर्थिक विकास कार्यक्रमहरू सञ्चालन नगरिएमा खास उपलब्धि हासिल नहुने हुँदा कृषि, उद्योग, वाणिज्य र सामाजिक सेवासम्बन्धी कार्यक्रमहरूलाई पनि यातायात विकासका साथसाथै कार्यान्वयन गरिने नीति लिइएको छ। यस अनुरूप चारै विकास क्षेत्रमा पिछडिएका उप-इलाकाहरूको विकास छिटो गराउन नियमित रूपमा आवागमन र व्यापारिक मार्गको रूपमा विकास रेखाहरू निर्धारित गरिएका छन्। क्षेत्रीय विकासको मेरूदण्डको रूपमा यी रेखाहरूबाट विकास कार्यक्रमहरू आसपासका अन्य पिछडिएका इलाकाहरूमा सुगमतापूर्वक परिचालन गर्ने परिकल्पना गरिएको छ।

(घ) प्रादेशिक विकास सघन कार्यक्रम – तोकिएको विकास रेखा र उपयुक्त ठाउँहरूको सम्भाव्यता अध्ययनका आधारमा विकास उप-केन्द्रहरू र सघन विकास क्षेत्रहरू निर्धारित गरिन्छन् । यसरी निर्धारित उप-केन्द्र र सघन विकास क्षेत्रहरूमा प्राथमिकताका साथ लगानी गरी विकासका विभिन्न आयोजनाहरू कार्यान्वयन गरिन्छन् । यस व्यवस्थाबाट ग्रामीण क्षेत्रको विकासका लागि आवश्यक भौतिक, आर्थिक एवं संस्थागत सुविधाहरू जुटाउन सम्भव हुनेछ ।

पाँचौं योजनाकालमा पञ्चायत क्षेत्र अन्तर्गत प्रमुख कार्यक्रमको रूपमा ८ देखि २० ठाउँहरूमा यस्ता प्रादेशिक सघन विकास कार्यक्रमहरू सञ्चालन गरिनेछन् । कार्यक्रमको मुख्य अभिप्राय ग्रामीण क्षेत्रको विकास गर्ने भएकोले सम्बन्धित क्षेत्रको कृषि विकासमा विशेष जोड दिइन्छ । यस्का अतिरिक्त स्थानीय सीपको विकास, घरेलु इलम र हस्तकलाको विकासलाई पनि यस कार्यक्रमले आवश्यक प्रोत्साहन प्रदान गर्दछ । विकास कार्यक्रमहरूमा स्थानीय जनतालाई बढीभन्दा बढी मात्रामा संलग्न गराउनु र स्थानीय स्रोतको परिचालन गर्नु यस कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष हो ।

## आर्थिक विकासमा परेको प्रभाव

क्षेत्रीय आधारमा विकास योजनाहरूको तर्जुमा र कार्यान्वयन गर्ने नीति लागू गरे पछि विकास क्षेत्रहरूलाई आवश्यकतानुसार बढी मात्रामा आर्थिक साधनहरू उपलब्ध हुने गरेको छ । विकासको कुनै पनि गतिविधि नभएका दुर्गम हिमाली र विकट पहाडी इलाकाहरूमा आज हवाई सेवा, झोलुङ्गे पुल र घोडेटोको निर्माणबाट अन्तरक्षेत्रीय आवागमन सुगम भएको छ भने ग्रामीण स्तरमा पनि सामाजिक जीवनमा न्यूनतम आवश्यकताहरू खानेपानी, शिक्षा र स्वास्थ्य सुविधाहरू जनतालाई उपलब्ध गराउन व्यापक मात्रामा प्रयास भइरहेको छ । यस्का अतिरिक्त उपेक्षित क्षेत्रका जनताको आर्थिक स्तर सुधार्न आधुनिक ढङ्गले खेतीपाती गर्नमा श्री ५ को सरकारले सबै जिल्लाहरूमा बहुमुखी कृषि प्रसार कार्यक्रम सञ्चालन

गरेको छ । कृषि प्रसार कार्यक्रममा किसानहरूलाई उन्नत बीउ, मल, कीटनाशक औषधीहरू, फलफूलका बोट र उन्नत जातका पशुहरू वितरण गरिनुका साथै कृषिका वैज्ञानिक प्रविधिहरू बारे पनि जानकारी प्रदान गरिन्छ । कृषि विकास कार्यक्रमलाई अझ बढी प्रोत्साहन दिन श्री ५ को सरकारका तर्फबाट मौसम र माटोको प्रकृति अनुसार कृषि अनुसन्धान केन्द्रहरू, बागवानी फार्महरू, पशु फार्महरू र व्यावसायिक कृषि केन्द्रहरू सञ्चालन गरिएका छन् । यी केन्द्रहरू हिमाली क्षेत्रका रसुवा, मुस्ताङ्ग, डोटी जिल्लादेखि लिएर तराईका विभिन्न ठाउँमा स्थापित गरिएका छन् । उन्नत खेती बारे जनतालाई नमूना प्रदर्शन गर्ने, आवश्यक बीज उत्पादन गर्ने, अनुसन्धानको क्षेत्रलाई व्यापक तुल्याउने र स्थानीय बजारका आवश्यकताहरू पूरा गर्ने कामहरू यी केन्द्रबाट लिइन्छ ।

यी बाहेक विभिन्न पर्वतीय, पहाडी र तराई क्षेत्रहरूमा पर्यटन उद्योगको बढ्दो प्रसारले पिछडिएका जनताको आर्थिक विकासमा निकै अनुकूल असर पारेको छ । श्री ५ को सरकारले क्षेत्रीय स्तरमा पर्यटन व्यवसायको विकासका लागि बढी प्रोत्साहन दिने नीति लिएको छ ।

## (ख) योजनाहरूमा जनसहभागिता

राष्ट्र निर्माण तथा विकास कार्यमा गाउँ स्तरदेखि नै बहुसंख्यक जनतालाई संलग्न गराउनु निर्दलीय पञ्चायती व्यवस्थाको मूल लक्ष्य रही आएको छ । पञ्चायती व्यवस्थाको शुरूदेखि नै गाउँ, नगर, जिल्ला तथा राष्ट्रिय तहमा निर्वाचित जनप्रतिनिधिहरू मार्फत यो उद्देश्य हासिल गर्ने परिकल्पना गरिएको हो । वास्तवमा निर्वाचित जनप्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रमा राजनैतिक शक्तिको परिचालनका साथसाथै निर्माण तथा विकास कार्यहरू सञ्चालन गर्ने उत्तरदायित्व पनि वहन गरेका हुन्छन् । गाउँ, नगर तथा जिल्ला पञ्चायत ऐनहरूमा आ-आफ्नो क्षेत्रमा स्थानीय साधन र स्रोतको परिचालन गरी विकासका आवश्यकताहरू पूरा गर्ने प्रशस्त अधिकारहरूको व्यवस्था गरिएको छ ।

विभिन्न पञ्चायत तहबाट सञ्चालन गरिने विकास आयोजनाहरू र श्री ५ को सरकारको योजना तर्जुमा गर्ने केन्द्रीय निकाय बीच नीति एवं कार्य सामञ्जस्यको अभावमा राष्ट्रिय योजना र स्थानीय विकासका आवश्यकताहरूमा निकै अन्तर आउन लागेको थियो। सानादेखि ठूला तहसम्म योजना निर्माण र साधनहरूको बाँडफाँटमा तादात्म्य नहुनुका साथै योजनाहरूमा जनसहभागिताका सिद्धान्तहरूलाई व्यवहारमा चरितार्थ गराउने प्रक्रिया निकै कमजोर र अस्पष्ट थिए।

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट मुलुकको शासनभार ग्रहण गरिबक्सेपछि राष्ट्रिय विकासका प्रक्रियाहरूलाई यी कमजोरीहरूबाट मुक्त गर्दै छिटो र प्रभावकारी तुल्याउनेतर्फ सर्वोपरि ध्यान दिइबक्स्यो।

विकास योजनाहरूलाई बढी जनमुखी रूप दिन र जनसहभागिता जुटाउन नीति निर्माण तहमै आमूल परिवर्तन ल्याउनु अपरिहार्य थियो।

## राष्ट्रिय विकास परिषद्

श्री ५ महाराजाधिराजबाट विकासको निम्ति समाजका सबै क्षेत्रबाट संगठित प्रयास जुटाउन र जन आकांक्षा अनुसार विकास आयोजनाहरूको तर्जुमा एवं कार्यान्वयन गर्ने उपयुक्त माध्यमको रूपमा राष्ट्रिय विकास परिषद्को गठन गरिबक्स्यो। स्वयं राष्ट्रनायक श्री ५ वीरेन्द्रको अध्यक्षतामा गठित यस सर्वोच्च निकायले समस्त जनतालाई आर्थिक विकासको एकमात्र लक्ष्यप्रति केन्द्रित पार्दै विकासका निम्ति राजनीति परिचालन गर्ने मौसूफको ऐतिहासिक आह्वानलाई पनि व्यवहारमा चरितार्थ गराउँदछ।

श्री ५ महाराजाधिराज सरकारबाट २०२९ साल वैशाख १ गते नव वर्षारम्भको शुभ-उपलक्षमा राष्ट्रका नाममा बक्सेको सन्देशमा देश विकासका लागि अपनाइने कुनै पनि योजना समस्त नेपाली जनताको भलाइका निमित्त बन्नु पर्ने भएको हुनाले योजना बनाउँदा वास्तविक जन आकांक्षाको प्रतिनिधित्व होस् भन्ने उद्देश्यले विकासको गतिलाई अझै तीव्र पार्न मौसूफका अध्यक्षतामा राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सने

कुरा हुकुम भएको थियो ।

त्यसपछि सोही वर्ष जेष्ठ १७ गतेका दिन राष्ट्रिय विकास परिषद्को गठन भयो । परिषद्मा मन्त्रिपरिषद्का सदस्यहरू, संवैधानिक अङ्गका प्रमुखहरू, योजनाविद्हरू, पञ्चायतका प्रतिनिधिहरू र समाजका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरू सदस्य छन् ।

राष्ट्रिय विकास परिषद्मा प्रतिनिधित्वको आधार यसप्रकार तोकिएको छः–

(क) मन्त्रिपरिषद्का सदस्यहरू, मन्त्री तथा राज्यमन्त्रीहरू ।
(ख) राजसभा स्थायी समितिका सभापति ।
(ग) भूतपूर्व प्रधानमन्त्री र मन्त्रिपरिषद्का अध्यक्षहरूमध्येबाट ३ देखि ५ जना व्यक्तिहरू ।
(घ) राष्ट्रिय पञ्चायतका ५ समितिका सभापतिहरू ।
(ङ) राष्ट्रिय योजना आयोगका सदस्यहरू ।
(च) वर्गीय र व्यावसायिक संगठनका केन्द्रीय सभापतिहरू ।
(छ) नेपाल अधिराज्यका ७५ जिल्लाका तराई, पहाड र दुर्गम जिल्लाहरू मिलाई १।१ वर्षको पालो गरी चौधै अञ्चलको प्रतिनिधित्व हुने किसिमले १४ जिल्ला पञ्चायतका सभापतिहरू।
(ज) उद्योग वाणिज्य संघका अध्यक्ष ।
(झ) विभिन्न क्षेत्रका लब्धप्रतिष्ठ व्यक्तिहरूमध्येबाट ३ देखि ५ जना व्यक्तिहरू

विकास कार्यक्रमहरू बारे नीति निर्धारण गर्ने र कार्यान्वयनको लेखा-जोखा गर्ने परिषद्को काम भएको हुँदा श्री ५ महाराजाधिराज सरकारबाट छलफल गरिने विषय वस्तुको महत्व अनुसार प्रतिनिधित्वलाई बढी व्यावहारिक र व्यापक स्वरूप दिइबक्सेको छ ।

यस अनुरूप चौथो योजनाको अन्तिम वर्ष २०३२ सालमा पाँचौं पञ्च वर्षीय योजनाको मसौदामाथि विचार गरिने राष्ट्रिय विकास परिषद्को बैठकमा साविक १४ वटा जिल्ला पञ्चायतका सभापतिहरूको व्यवस्थालाई

अझ व्यापक तुल्याई ७५ वटै विकास जिल्लाका पञ्चायत सभापतिहरूलाई भाग लिन आमन्त्रित गरिएको थियो। त्यस बेलादेखि श्री ५ महाराजाधिराज सरकारको निर्देशन अनुसार हरेक आवधिक योजनाको अन्तिम वर्षमा हुने विकास परिषद्को बैठकमा सबै जिल्ला पञ्चायतका सभापतिहरूलाई सामेल गराइने व्यवस्था भएको छ।

२०३३ सालमा अर्को शाही निर्देशनद्वारा राजपरिवारका केही अन्य सदस्यहरूलाई पनि परिषद्को सदस्यमा मनोनयन गरिएको छ।

श्री ५ महाराजाधिराज सरकारबाट अन्यथा हुकुम बक्सेमा बाहेक परिषद्को मनोनीत सदस्यहरूको कार्यावधि साधारणतया ४ वर्षको हुने व्यवस्था छ।

**परिषद्का कार्यहरू**

परिषद्ले गर्नु पर्ने कार्यहरू यसप्रकार निर्दिष्ट गरिएको छ :–

(क) आवधिक एवं वार्षिक योजना अन्तर्गत अपनाउनु पर्ने मूलभूत उद्देश्य एवं नीतिहरू बारे राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने।

(ख) राष्ट्रिय योजनालाई वास्तविक जन आकांक्षा र स्थानीय आवश्यकतामा आधारित गर्न देशको विभिन्न क्षेत्रको वास्तविक परिस्थिति र आवश्यकताको राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने।

(ग) विकासको गतिलाई तीव्र बनाउन आवधिक योजना अन्तर्गत प्रत्येक वर्षको प्रगतिको समीक्षा र मूल्याङ्कन गरी त्यसको आधारमा योजनाको उद्देश्य र लक्ष्य अनुरूप विकास कार्यक्रमको सही कार्यान्वयनको लागि आवश्यक कदम उठाउन राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने।

(घ) श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेमा, राष्ट्रिय योजना आयोगले मौसूफका हजूरमा चढाउने अर्ध-वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदनको आधारमा विस्तृत जाँच पड्ताल गरी

योजना कार्यान्वयनमा ढीला सुस्ती, लापरवाही, भ्रष्टाचार, बदनियत वा अन्य अवाञ्छनीय कारणहरूले गर्दा लक्ष्य मुताविक उपलब्धि हासिल गर्न नसकेकोमा तथ्य पत्ता लगाई सम्बन्धित पदाधिकारी वा व्यक्तिमाथि सजाय गर्नु पर्ने देखिएमा सो र कदर गर्न लायक काम गरेको भए यथोचित पुरस्कार समेतको लागि श्री ५ महाराजाधिराजका हजूरमा सिफारिश सहितको प्रतिवेदन चढाउने । सो कामका निमित्त आवश्यकतानुसार श्री ५ महाराजाधिराजबाट परिषद्को एक वा एकभन्दा बढी उप-समितिहरू गठन गरिबक्सनेछ ।

(ङ) परिषद्का सदस्यमार्फत योजना कार्यान्वयन स्थलको निरीक्षण समेत गराई कार्यान्वयनको रेखदेख र बाधा अडकाउ फुकाउने कार्यमा राष्ट्रिय योजनाआयोगलाई बढी अग्रसर एवं प्रभावकारी तुल्याउने ।

(च) श्री ५ महाराजाधिराजबाट समय समयमा हुकुम बक्सेबमोजिम विकाससम्बन्धी अन्य कार्यहरू गर्ने ।

## संगठनात्मक स्वरूप र कार्यविधि

राष्ट्रिय विकास परिषद् कुनै संवैधानिक वा प्रशासनिक निकाय नभई आर्थिक विकास प्रक्रियालाई बढी सुनियोजित तुल्याउने अभिप्रायले गठन गरिएको हुँदा राष्ट्रिय योजना आयोगलाई नै यसको प्रशासनिक निकाय बनाइएको छ र आयोगले यसको सचिवालयको रूपमा काम गर्दछ ।

चालू आर्थिक वर्षको प्रगति मूल्याङ्कन गरी आगामी वर्षको लागि राष्ट्रिय योजना आयोगलाई नीति निर्देशन दिन सुविधा पर्ने गरी राष्ट्रिय विकास परिषद्को बैठक कम्तीमा वर्षको एक पटक साधारणतया आर्थिक वर्षको मध्यकालतिर हुने गर्दछ ।

यसरी हुने राष्ट्रिय विकास परिषद्को बैठकमा राष्ट्रिय योजना आयोगकातर्फबाट आवधिक तथा वार्षिक योजनाको लागि अपनाउनु पर्ने

उद्देश्य र नीतिसम्बन्धी सिफारिशहरू एवं योजनाको प्रगतिसम्बन्धी मूल्याङ्कन सहितको प्रतिवेदन र तत्सम्बन्धमा उठाउनु पर्ने कदमसम्बन्धी सिफारिशहरू पेश गरिने छन्। परिषद्ले यसरी पेश हुन आएका सिफारिशहरूमा छलफल गरी निष्कर्षमा पुग्दछ र तद्नुरूप राष्ट्रिय योजना आयोगलाई निर्देशन दिन्छ ।

परिषद्को प्रत्येक बैठकमा छलफलका लागि कार्य सूची तथा योजनासम्बन्धी आवश्यक कार्यपत्रमा मसौदाहरू राष्ट्रिय योजना आयोगको सचिवालयले तयार पारी सदस्यहरूलाई वितरण गर्दछ ।

यसका अतिरिक्त कुनै सदस्यले विकास नीति वा उद्देश्यसम्बन्धी कुनै खास कुरा आफ्नोतर्फबाट परिषद्को बैठकमा छलफलका लागि प्रस्तुत गर्न चाहेमा त्यसको अग्रिम सूचना राष्ट्रिय योजना आयोगको सचिवालयमा पठाउने व्यवस्था छ ।

स्थापना भएपछिका दुइ वर्षहरूमा (२०२६ साल फागुन १५ गतेदेखि १७ गते र २०३० साल आश्विन ८ गते देखि १० गतेसम्म) वर्षको एक पटक र २०३२ सालदेखि वर्षको दुइ पटक यस परिषद्को बैठक हुँदै आएको छ ।

परिषद्को आन्तरिक व्यवस्था सुचारू रूपले सञ्चालन र अन्य भैपरी आउने कुराको व्यवस्था श्री ५ महाराजाधिराजबाट तोकिबक्सेबमोजिम हुने हुँदा यो परिषद् समयको हाँक र परिस्थिति अनुसार विकास प्रक्रियालाई नयाँ मोड दिनमा एक गतिशील निकाय भएको छ र यसको स्वरूपमा समयानुकूल परिमार्जन पनि हुँदै आएको पाइन्छ ।

विकास परिषद्कै सक्रियताको फलस्वरूप अधिराज्यमा प्रादेशिक इलाकाहरूको सन्तुलित रूपमा विकास गर्ने नीति, विकास अग्रणी दलको गठन, साझा कार्यक्रमको राष्ट्रव्यापी रूपमा विस्तार र विकास आयोजनाहरूको मूल्याङ्कन गर्ने वैज्ञानिक प्रणाली जस्ता प्रगतिशील कदमहरू श्री ५ को सरकारले जनसहयोगद्वारा सफलतापूर्वक सञ्चालन गर्न सकेको छ ।

## (ग) साझा कार्यक्रम

संवत् २०३२ साल मंसीर महीनामा भएको नेपालको संविधानको दोस्रो संशोधनले साझा कार्यक्रमलाई पञ्चायत व्यवस्थाको आर्थिक लक्ष्य हासिल गर्ने उपयुक्त साधनको संज्ञा दिएको छ। संविधानको भाग ४ को पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरू अन्तर्गत धारा १९ को उप-धारा ३ मा "देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई साझा र निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दबाव हुन नदिने व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य" भएको स्पष्ट गरिएको छ।

हुन त पञ्चायत व्यवस्थाको प्रारम्भदेखि नै साझा अभियानले प्रश्रय नपाएको होइन; विभिन्न क्षेत्रमा साझा कार्यक्रमहरू पनि सञ्चालन भई आएका हुन्। तर अब राष्ट्रनायक श्री ५ वीरेन्द्रको सुयोग्य मार्गदर्शनमा साझा सिद्धान्तको संविधानमै कीटान भएर यसको राष्ट्रव्यापी महत्व निर्विवाद रूपमा छर्लङ्ग भएको छ। मौसूफबाट पञ्चायत व्यवस्थाका निर्दिष्ट आर्थिक लक्ष्यहरू हासिल गर्ने सबल माध्यमको रुपमा सैद्धान्तिक मान्यता प्राप्त भएको साझा अभियानलाई राष्ट्रव्यापी रूपमा लागू गर्नु पर्ने आवश्यकता महसूस गरिबक्सी २०३३ साल वैशाख १ गतेको सन्देशमा खाद्य, कृषि मन्त्रालय अन्तर्गत एक उच्चस्तरीय निकायको गठन गर्ने कुरा हुकुम भएको थियो। सोही अनुरूप खाद्य, कृषि तथा भूमिसुधार मन्त्रीको अध्यक्षतामा केन्द्रीय साझा विकास समितिको गठन भएको छ। समितिमा गैर कृषि क्षेत्रमा सञ्चालित साझा संस्थाहरू, श्री ५ को सरकार र अन्य राजनैतिक, आर्थिक एवं वित्तीय संस्थाहरूको समेत प्रतिनिधित्व छ। यस समितिले राष्ट्रिय स्तरमा साझा अभियानको प्रसारमा नीति निर्माण, कार्यक्रम निर्देशन एवं समन्वय ल्याउने काम गर्दछ।

साझा के हो ?

धेरैले "साझा" लाई सहकारिताको अर्को रूपमा लिन्छन् तर सहकारी शब्दले साझाको व्यापक अभिप्राय: र स्वरूप स्पष्ट हुँदैन । साझा र सहकारिताको सैद्धान्तिक पृष्ठभूमि एउटै भए तापनि नेपालको निर्दलीय पञ्चायती व्यवस्थामा विकसित भएको साझाको धारणामा अन्यत्र प्रचलित सहकारिताको धारणाभन्दा आफ्नै मौलिकता छ भन्नु अत्युक्ति नहोला । राजनैतिक रूपमा "पञ्चायत" शब्द नेपाली मात्रका लागि जति परिचित र अर्थपूर्ण छ, "साझा" शब्द पनि उत्तिकै संस्कृति एवं परम्परासित गाँसिएको र परिचित छ ।

"साझा", "साझेदारी" जस्ता शब्दहरूको तात्पर्य अशिक्षित व्यक्तिहरूका लागि पनि स्पष्ट हुन्छ, सहकारिता शब्दले यो भावना र आत्मीयता दिन सक्दैन । साथै सहकारिताले सीमित रूपमा आर्थिक लक्ष्य प्राप्ति गर्ने माध्यम मात्र जनाउँदछ भने साझाले नेपालमा राजनैतिक व्यवस्थाकै लक्ष्य हासिल गर्ने सबल एवं व्यापक माध्यम भएको कुरा छर्लङ्ग पार्दछ ।

२०१९ सालमा प्रयोगात्मक रूपमा गैर सरकारी क्षेत्रमा सर्वप्रथम साझा संस्थाको स्थापना भएपछि २०२४ सालतिर मात्र गाउँफर्क राष्ट्रिय अभियान कार्यक्रममा यसको उल्लेख भएको पाइन्छ । गाउँफर्कको दश सूत्रहरूमा एउटा साझा कार्यक्रम पनि बनाइएकाले निर्दलीय पञ्चायती व्यवस्थामा यसको महत्व त्यसबेलादेखि नै छर्लङ्गिदै आएको हो । नेपालको संविधानको दोस्रो संशोधनमा यसको उल्लेख भएर साझा कार्यक्रमको प्रसार गर्नु, त्यसलाई स्थायित्व दिनु र यसको पोषण गर्नु एक राष्ट्रिय लक्ष्य भएको कुरा स्पष्ट हुन्छ ।

यसरी संविधानको दोस्रो संशोधन पछि साझा पञ्चायती व्यवस्थाका निर्दिष्ट लक्ष्यहरू हासिल गर्ने एक महत्वपूर्ण राजनैतिक कार्यक्रम पनि भएको छ । व्यवस्थाको राजनैतिक शक्तिको परिचालन र निर्देशन गर्ने अभिभारा प्राप्त भएको गाउँफर्क राष्ट्रिय अभियानले साझा धारणाको राजनैतिक व्याख्या गरेको छ र यसको समुचित ढङ्गले प्रसार गर्नु प्रत्येक पञ्चायतको

लक्ष्य भएको निर्दिष्ट गरेको छ । गाउँफर्क राष्ट्रिय अभियानले साझा धारणाको यसरी व्याख्या गरेको छ, "जनताका तल्लो तहबाट समेत सङ्कलन गरिएको व्यक्तिगत सम्पत्ति, साधन र श्रमको हिस्सेदारीमा आधारित व्यवसाय वा अन्य आर्थिक क्रियाकलापबाट राष्ट्र र व्यापक समाजको हितसंग नबाझ्ने गरी अनेक लाभहरू उपलब्ध गर्ने उद्देश्यले सञ्चालित कारोबार नै साझा हो ।" यस परिभाषाबाट बहुसंख्यक जनताको सानो पूँजीको सङ्कलन गरी हिस्सेदारीको आधारमा व्यक्ति र समाजलाई समेत लाभ हुने कुरामा साझाले कारोबारहरू गर्ने र केवल राष्ट्र र समाजको व्यापक हितसित बाझिने हदसम्म यसका क्रियाकलापहरू सीमित हुने बन्देजबाट यसको विशाल कार्य क्षेत्र भएको स्पष्ट हुन्छ । किनकि राष्ट्र र समाजको व्यापक हितका दृष्टिले नै पञ्चायत व्यवस्थाका आर्थिक लक्ष्यहरू निर्धारण गरिएका हुन्छन् र तिनको प्राप्तिमा साझालाई प्रमुख माध्यमको रूपमा स्वीकार गरिएको छ ।

सानो पूँजी र व्यक्तिगत स्वामित्वमा आधारित संगठित आर्थिक कारोबारको रूपमा नेपालमा अपनाइएको साझा प्रणाली जनतामा पूँजीको समुचित वितरणमा सघाउ पुऱ्याउँदै विभाजन र वर्गीय द्वन्द्वका संभावना-हरूलाई कम पार्नमा प्रभावकारी हुन सक्छ । साथै आर्थिक प्रणालीको सञ्चालनमा वर्ग वा व्यक्ति विशेषको एकाधिकारलाई क्रमिक रूपमा नियन्त्रण गर्दै जनतालाई राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरणमा साझेदार बनाउनु साझाको लक्ष्य हो । यसैले यसको प्रसारमा सरकारी क्षेत्रको निर्देशक भूमिकाको साथै पञ्च र वर्गीय संगठनका कार्यकर्ताहरूको सक्रियताको पनि परिकल्पना गरिएको छ ।

**साझा अभियानको विकास**

नेपालमा साझा कार्यक्रमको विकास २००७ साल पछि कृषि क्षेत्रमा सहकारी संस्थाहरूको स्थापनाबाट प्रारम्भ भएको हो भने पनि हुन्छ । संवत् २०१०सालमा श्री ५ को सरकारले कृषकहरूको सानोतिनो पूँजीलाई

सङ्कलित गरी साझेदारीको सिद्धान्तद्वारा कृषि क्षेत्रका आवश्यकताहरू पूरा गर्न सहकारी विभागको स्थापना एवं तत्सम्बन्धी ऐन कानूनहरूको तर्जुमा गरेको थियो ।

२०१७ सालको परिवर्तन पछि निर्दलीय पञ्चायत व्यवस्थामा सहकारिताका सिद्धान्तहरूलाई साझा अभियानको रूपमा महत्व प्रदान गरियो। त्यसबेला साझा अभियानको प्रसारको गैर कृषि क्षेत्रमा मात्र परिकल्पना गरिएको पाइन्छ । २०१८ सालमा तत्कालीन एक मन्त्रीको अध्यक्षतामा साझा केन्द्रीय सञ्चालक समितिको गठन भई श्री ५ को सरकारको प्रोत्साहनबाट समितिको मातहतमा सर्वप्रथम गैर कृषि क्षेत्रमा साझा संस्थाहरूको जग बसालियो । त्यसबेलादेखि क्रमशः स्थापित साझा यातायात, साझा स्वास्थ्य सेवा, साझा प्रकाशन र साझा भण्डार लिमिटेडले आज बढी संगठित रूप लिइरहेका छन्। यी साझा संस्थाहरूको स्थापना र सञ्चालनमा श्री ५ को सरकारबाट प्रशस्त मात्रामा सहयोग र प्रोत्साहन उपलब्ध गराइएको छ । यिनमा साझा प्रकाशनलाई पुरानो नेपाली भाषा प्रकाशिनी समितिको र साझा स्वास्थ्य सेवालाई चन्द्र डिस्पेन्सरीको जायज्यथा तथा साझा भण्डारलाई भवन र पूँजीको सहयोग उपलब्ध गराइएको कुरा उल्लेखनीय छ । यी संस्थाहरूले सुलभ मोलमा जनतालाई उपभोग्य सामाग्रीहरू उपलब्ध गराउँदै आएका छन् तथा साधनले भ्याएसम्म आपनो कारोवारलाई देशव्यापी रूपमा बढाउन प्रयत्नशील छन् ।

**कृषि र ग्रामीण क्षेत्रमा साझा**

२०१७ साल पछि ग्रामीण क्षेत्रमा सहकारी संस्थाहरूलाई व्यापक रूप दिने विभिन्न प्रयासहरू भए । देशको परम्परागत कृषि व्यवस्थालाई नयाँ मोड दिने सिलसिलामा २०२१ सालदेखि लागू भएको क्रान्तिकारी भूमिसुधार कार्यक्रमको मुख्य लक्ष्य सहकारिता बन्यो ।

भूमिसुधार कार्यक्रम अन्तर्गत एकातिर किसानहरूलाई सामन्तहरूको आर्थिक शोषणबाट मुक्त गर्न जग्गाको हदबन्दी तोक्ने, मोहियानी हक

सुरक्षित गर्ने, साहूहरूको ऋणबाट मोचन गर्ने जस्ता कदमहरू प्रभावकारी रूपमा उठाइयो भने उनीहरूलाई खेतीपातीका लागि आवश्यक पर्ने पूँजी र साधन उपलब्ध गराउन अनिवार्य बचत संकलन गरियो। यसरी अधिराज्य-व्यापी रूपमा सङ्कलित बचत रकमहरूको बितरणमा त्यसबेला गठन भइसकेका सहकारी संस्थाहरूलाई प्राथमिकता दिइएको थियो। किसान-हरूलाई कृषिका लागि आवश्यक मल, बीउ, कीटनाशक औषधी र औजार-हरू उपलब्ध गराउने, उनीहरूको उत्पादनको समुचित बेचबिखन गर्ने, कृषि कार्यका लागि आवश्यक रकम ऋण स्वरूप उपलब्ध गराउने तथा अन्य दैनिक उपभोगका वस्तुहरू पनि सुलभ गराउने सहकारी संस्थाहरूको मुख्य काम निर्धारित गरिएको थियो।

कृषि क्षेत्रमा साझा संस्थाहरूको विकास गर्ने क्रममा शुरू शुरूमा गठित सहकारी संस्थाका क्रियाकलापहरू सन्तोषजनक हुन सकेनन्। कतै आवश्यक पूँजीको अभाव खट्कन्थ्यो भने कतै दक्ष जनशक्तिको अभाव तथा आवश्यक निर्देशन र नियन्त्रणको कमी पनि पाइयो। त्यसैले यी कमजोरीहरू हटाई यस क्षेत्रमा बढी गतिशीलता ल्याउन २०२४ सालमा त्यसबेलाको सहकारी बैङ्क र भूमिसुधार बचत संस्थान दुवैलाई गाभेर कृषि विकास बैङ्कको स्थापना गरियो। भूमिसुधार कार्यक्रम अन्तर्गत उठाइएको सबै बचत रकम बैङ्कलाई प्राप्त भएपछि कृषि क्षेत्रको विकासमा पूँजीको कुनै कमी रहेन। यसका अतिरिक्त लगानी गर्ने संस्था कृषि विकास बैङ्कको निर्देशन र नियन्त्रणमा पुराना सहकारी संगठनहरूको पुनर्गठन गरेर निर्देशित सहकारी संस्थाहरूको रूपमा साझा संस्थाहरूको विकास भयो। श्री ५ को सरकारको अङ्ग सहकारी विभागले चाहिं कार्य समन्वय नीति निर्धारण तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा कृषि विकास बैङ्कले संगठन, नियन्त्रण र आवश्यक पूँजी लगानी गर्ने नयाँ व्यवस्था अन्तर्गत निर्देशित सहकारी संस्थाहरूको विकास भयो। यसरी वर्षेनी विभिन्न जिल्लाहरूमा संभाव्यता र जनसक्रियता हेरी पुराना सहकारी संस्थाहरूलाई निर्देशित सहकारी संस्थामा परिणत गर्ने र नयाँ पनि गठन गर्ने क्रममा २०२३ सालसम्ममा अधिराज्यका २

जिल्लाहरूमा २८६ निर्देशित सहकारी संस्थाहरू सञ्चालित भएको पाइन्छ । यी संस्थाहरूको कुल हिस्सा पूँजी रू. ३३,१०,०००।– र सदस्यसंख्या ८५,६३५ पुगेको थियो । संस्थाहरूको गठनका साथै प्रशिक्षित कर्मचारी-हरूको सेवा, आवश्यक पूंजी तथा निर्देशनहरू पनि उपलब्ध गराइने व्यवस्थाले गर्दा निर्देशित सहकारी संस्थाहरूको प्रयोग उत्साहप्रद रहेको राम्रो आभास मिल्दछ ।

राष्ट्रनायक श्री ५ वीरेन्द्रको निर्देशन अनुसार आर्थिक वर्ष ०३३।३४ देखि अधिराज्यव्यापी स्तरमा साझा कार्यक्रमको प्रसार गर्ने श्री ५ को सरकारले नयाँ कार्यक्रमको घोषणा गर्‍यो । त्यस अन्तर्गत पहिलो कदमको रूपमा अधिराज्यका २७ जिल्लाहरूमा कृषि विकास बैङ्कद्वारा सञ्चालित निर्देशित सहकारी संस्थाहरूलाई साझा संस्थाहरूमा परिणत गरियो । नाममा परिवर्तनका साथै संगठनात्मक स्वरूप र प्रशासकीय रेखदेखको प्रणालीमा समेत व्यापक हेरफेरले गर्दा नयाँ साझा संस्थाहरू पुराना निर्देशित सहकारी संस्थाहरूभन्दा बढी गतिशील र प्रभावकारी भए । शुरूको २७ जिल्लाबाट अरू थप ३ जिल्लामा गरी हाल ३० जिल्लाका सबै-जसो गाउँ पञ्चायतहरूमा साझा कार्यक्रम लागू भइसकेको छ । साझा कार्यक्रम लागू भएका जिल्लाहरूमा कृषि विकास बैङ्कले पूंजीसम्बन्धी सुविधाहरू उपलब्ध गराउन धेरै शाखा प्रशाखाहरूको स्थापना गरेको छ र ऋण लगानी पनि अघील्लो वर्षको तुलनामा १८२ प्रतिशत बढी गरेको छ । अघिल्लो वर्षमा सहकारी संस्थाहरू मार्फत बैङ्कले रू. ३ करोड ८३ लाख रूपैयाँ ऋण प्रदान गरेको थियो भने आर्थिक वर्ष २०३३।३४ मा रू. १० करोड ८१ लाखको लगानी गरेको छ ।

ग्रामीण क्षेत्रका यी साझा संस्थाहरूलाई तालीम प्राप्त सञ्चालकहरूको सेवा र बैङ्किङ्गको सुविधा उपलब्ध गराउनु नयाँ कार्यक्रमको विशेषता हो । कृषि विकास बैङ्कको प्रशासनिक रेखदेखमा गाउँ गाउँमा साझा संस्थाहरू-मार्फत सञ्चालित हुने बैङ्किङ्ग सेवाले कृषक जनताको पूंजी सङ्कलन, लेनदेन र आर्थिक कारोवारलाई आधुनिकीकरण गर्नेछ । बैङ्किङ्ग सुविधा

अहिलेसम्म सीमित रूपमा शहरी इलाकामा मात्र प्रचलित रहेकोमा अब ग्रामीण क्षेत्रले पनि त्यसबाट प्रत्यक्ष रूपमा लाभ उठाउन सक्ने स्थितिको श्रेय राष्ट्रिय साझा कार्यक्रमलाई नै छ। अहिलेको स्थितिमा यो सेवा केवल ग्रामीण साझा संस्थाहरूद्वारा प्रदान गरिनेछ, गैर कृषि क्षेत्रमा सञ्चालित अन्य साझा संस्थाहरू सेवामूलक कार्यक्रमहरूको विस्तारतर्फ बढी मात्रामा संलग्न छन् ।

## निष्कर्ष

पञ्चायती व्यवस्थाको इतिहासका साथसाथै साझा प्रणालीको पनि विकास भएको पाइन्छ । नेपालको संविधानको दोस्रो संशोधन पछि कृषि तथा गैर कृषि दुवै क्षेत्रमा साझा कार्यक्रमको अधिराज्यव्यापी रूपमा विकास हुने दृढ प्रशासनिक एवं संगठनात्मक आधारहरू तयार भएका छन् । साझा कार्यक्रममा पञ्चायती राजनैतिक कार्यकर्ताहरूदेखि लिएर विभिन्न क्षेत्रका प्राविधिज्ञहरूको पनि संलग्नता भएकाले यो एक बहुपक्षीय ( Multi-disciplinary ) कार्यक्रम भएको छ। सबै क्षेत्रको समुचित प्रतिनिधित्व भएको राष्ट्रिय साझा विकास समितिको गठनले यस्तो बहुपक्षीय कार्यक्रमको प्रभावकारी विस्तारमा आइपर्ने बाधाहरूको पनि समुचित निराकरण गरेको छ। साथै उच्चस्तरमा भएको समितिको गठनबाट साझा अभियानको प्रसारमा गतिशीलता ल्याउन आवश्यक कार्य संयोजन, समन्वय, नीति निर्माण एवं रेखदेख पनि संभव भएको छ ।

ग्रामीण क्षेत्रमा साझाको संस्थागत रूपमा विकास गर्ने नयाँ व्यवस्था पछि साझा संस्थाहरूको गठन र कारोवारमा पनि पहिलेको तुलनामा कैयौं गुना वृद्धि भएको छ। गत फागुन २०३३ सालसम्म प्राप्त तथ्याङ्क अनुसार अधिराज्यभर सञ्चालित साझा संस्थाहरूको संख्या १०५४ पुगेको छ जसको कुल सदस्यसंख्या ५,७६,२९० जति छ। यी संस्थाहरूलाई शेयर पूंजीको रूपमा कृषि विकास बैङ्कमा जम्मा रहेको रकम रू. १,४०,९८,०००।– हस्तान्तरण भइसकेको छ ।

## (घ) अन्तर्राष्ट्रिय विकास अभियान र नेपाल

सन् १९६८ को डिसेम्बर महीनामा भएको संयुक्त राष्ट्रसंघको महासभाको बैठकले सन् १९७० देखि १९८० सम्मको १० वर्षको अवधिलाई विश्वभर "द्वितीय विकास दशक" को रूपमा मनाउने घोषणा गरेको थियो। यस अनुरूप समय समयमा एक न एक महत्वपूर्ण विषयमा विश्वव्यापी अभियान चलाइन्छ। अहिलेसम्ममा अन्तर्राष्ट्रिय किताबवर्ष, अन्तर्राष्ट्रिय जनसंख्यावर्ष र अन्तर्राष्ट्रिय नारीवर्ष सम्पन्न भइसकेको छ र चालू वर्ष १९७७ लाई अन्तर्राष्ट्रिय बालवर्षको रूपमा मनाईंदैछ।

यी कार्यक्रमहरूको मूल उद्देश्य मानव समुदायमा व्याप्त सामाजिक एवं आर्थिक विषमता अन्त्य गर्न विश्वव्यापी रूपमा जागृति ल्याउनु तथा समुन्नत जीवन यापनका लागि आवश्यक चेतनाको प्रसार गर्नु हो।

राष्ट्रसंघको बडापत्रमा आस्था राख्ने एक जिम्मेदार सदस्यको हैसियतले नेपालले यी सबै कार्यक्रमहरूमा उत्साहपूर्वक भाग लिएको छ र अन्तर्राष्ट्रिय प्रयास अनुरूप मुलुकमा विभिन्न रचनात्मक कार्यक्रमहरू सम्पन्न गरेर राष्ट्रिय विकासमा समेत ठूलो सघाउ पुऱ्याएको छ। नेपालमा यी कार्यक्रमहरूलाई गतिशीलता प्रदान गर्नमा राजमुकुटबाट प्राप्त संरक्षण, निर्देशन एवं प्रेरणाको असाधारण देन रहेको छ।

विषयवस्तुको व्यापकताले गर्दा सम्पन्न भएका सबै वार्षिक कार्यक्रमहरूको उल्लेख गर्नु संभव नभए तापनि सन् १९७४ मा मनाइएको विश्व जनसंख्यावर्ष र सन् १९७५ को अन्तर्राष्ट्रिय नारीवर्ष विशेष महत्व राख्ने हुँदा तिनको मात्र यहाँ चर्चा गरिएको छ।

### विश्व जनसंख्यावर्ष

राष्ट्रसंघ महासभाद्वारा ११ डिसेम्बर सन् १९७० मा पारित एक प्रस्तावमा सन् १९७४ लाई "विश्व जनसंख्यावर्ष" मनाउने निर्णय गरे अनुसार ४ वर्षसम्मको बृहत् तयारी पछि विश्वका के विकसित, के अविकसित

सबै राष्ट्रहरूले यो वर्षलाई ठूलो उत्साह र लगनताका साथ मनाए ।

विश्वमा मानव सभ्यताको गुणात्मक विकास, स्थायित्व, शान्ति एवं समृद्धिमा खलल पार्ने गरी अनियन्त्रित रूपमा भइरहेको जनसंख्या वृद्धिलाई प्रत्येक राष्ट्रको विकासका आवश्यकताहरू अनुरूप सन्तुलित गर्न राष्ट्र संघका सदस्य राष्ट्रहरूले गरेका प्रयासहरूको मूल्याङ्कन गर्नु, अन्तर्राष्ट्रिय स्तरमा जनसंख्या सम्बन्धी कार्यक्रमहरूको संयोजन गर्नु र राष्ट्र राष्ट्रमा जनसंख्या समस्याका विभिन्न पक्ष बारे व्यापक जन-चेतना जगाउनु राष्ट्र–संघीय प्रस्तावको मुख्य लक्ष्य थियो ।

यस अनुरूप सन् १९७४ को अगष्ट १९ देखि ३० तारीखसम्म रुमानियाको राजधानी बुखारेष्टमा सम्पन्न भएको अन्तर्राष्ट्रिय जनसंख्या सम्मेलनद्वारा पारित कार्य योजना भविष्यमा विश्वव्यापी रूपमा यस समस्यामाथि नियन्त्रण हासिल गर्न निकै प्रभावकारी हुने आशा गर्न सकिन्छ । सम्मेलनमा नेपालको प्रतिनिधित्व तत्कालीन स्वास्थ्य सहायक मन्त्रीको नेतृत्वमा ५ सदस्यीय एक प्रतिनिधि मण्डलले गरेको थियो ।

## शाही सन्देश

नेपालमा जनसंख्यावर्ष कार्यक्रमको सिलसिलामा २०३१ साल साउन १७ गते श्री ५ वीरेन्द्रबाट बक्सेको सन्देश निक्कै महत्वपूर्ण छ । मौसूफबाट सन्देशमा जनसंख्या र राष्ट्रिय उत्पादनमा सन्तुलन नभएमा राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्तिमा पनि खलल पर्न जाने तथा "जनसंख्या नियन्त्रणको समस्या कुनै देश-विशेषको मात्र नभई देश वारपारको पनि समस्या हो" भन्ने कुरा हुकुम भएको थियो । जनसंख्या वृद्धि हुने बित्तिकै मानिसका आवश्यकताहरू पनि बढ्नु स्वाभाविकै हो । तर मानवीय आवश्यकता र आर्थिक उत्पादनका बीच सन्तुलन नभएमा देशमा दरिद्रता कायमै रहने, अभाव बढ्ने र महंगी चर्कने जस्ता गम्भीर समस्याहरू बारे पनि मौसूफबाट राष्ट्रलाई सचेत गराइबक्सेको थियो ।

सीमित साधन भएको सानो मुलुक नेपालको विकासमा जनसंख्या

वृद्धि एक ठूलो चुनौति रहेको छ। तर राजमुकुटको प्रगतिशील नेतृत्वमा यसको नियन्त्रणतर्फ झण्डै एक दशक अघिदेखि नै राष्ट्रिय स्तरमा प्रयास भइरहेको छ ।

## जनसंख्या नियन्त्रण बारे वहुपक्षीय अभियान

राष्ट्रनायक श्री ५ वीरेन्द्रको सुयोग्य निर्देशनको फलस्वरूप विश्व जन-संख्यावर्षकै अवसरमा जनसंख्या कार्यक्रमलाई राष्ट्रव्यापी रूपमा समन्वयात्मक ढङ्गले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने बारे सरकारी स्तरमा एक कार्य टोलीको गठन भएको थियो। कार्य टोलीको सुझाव अनुसार पाँचौं योजनाको प्रारम्भदेखि जनसंख्या कार्यक्रमलाई राष्ट्रिय विकास कार्यक्रमको एक अभिन्न अङ्ग मानिएको छ। यस सिलसिलामा २०३२ सालमा योजना आयोगका सदस्यको अध्यक्षतामा राष्ट्रिय जनसंख्या नीति समन्वय परिषद्को गठनबाट जनसंख्या कार्यक्रमले मुलुकभर एक वहुपक्षीय अभियानको रूप लिएको छ। यसरी अब जनसंख्या कार्यक्रम परिवार नियोजन सेवामा मात्र सीमित छैन यद्यपि जनसंख्या नियन्त्रणमा यसको ठूलो महत्व छ । अधिराज्यमा हुने आन्तरिक बसोबास समस्या, बाहिरबाट विदेशीहरूको बहावको प्रभाव भएपनि जन्म मृत्यु दर्ता प्रणाली व्यापक बनाउने, नागरिकताको प्रश्न तथा सानो परिवारमूलक सामाजिक र आर्थिक आधारहरूको निर्माणतर्फ राष्ट्रिय स्तरमा कार्यक्रमहरू सञ्चालित गरिएका छन्। राष्ट्रनायक श्री ५ वीरेन्द्रको प्रतापी नेतृत्वमा नेपालले केही वर्षमा विश्वमै अत्यन्त जटिल मानिएको जनसंख्या समस्याको आफ्नै ढङ्गले समाधान गर्नमा सफलता हासिल गर्न सक्ने कुराका उत्साहवर्द्धक संभावनाहरू छन्।

नेपालमा विश्व जनसंख्यावर्षसम्बन्धी कार्यक्रमहरू मनाउन सन् १९७३ को सेप्टेम्बर महीनातिर श्री ५ को सरकारले शिक्षा मन्त्रालय अन्तर्गत एक राष्ट्रिय समन्वय समितिको गठन गरेको थियो । समितिले नेपालमा सरकारी तथा गैर सरकारी क्षेत्रमा सम्पन्न गरिने विभिन्न कार्यक्रमको संयोजन गरेको थियो र कतिपय कार्यक्रमका लागि राष्ट्रसंघीय

जनसंख्या कार्यक्रम कोषबाट सहायता पनि उपलब्ध भएको थियो ।

जनसंख्यावर्षको सिलसिलामा सम्पन्न प्रमुख कार्यक्रमहरूमा पत्रकारहरूको गोष्ठी, कृषि कार्यकर्ताहरूको जनसंख्या समस्या बारे गोष्ठी तथा जनसंख्या र विकास बारे गोष्ठी विशेष उल्लेख्य छन् ।

अन्य शिक्षा तथा सूचनासम्बन्धी कार्यक्रम अन्तर्गत जनसंख्या बारे तथ्याङ्कमूलक बुलेटिनको प्रकाशन या रेडियो र पत्रपत्रिका मार्फत व्यापक रूपमा प्रचार प्रसार कार्यहरू सम्पन्न गरिएको थियो । साथै उक्त वर्षको अगष्ट महीनाको पहिलो सातामा अधिराज्यभर जनसंख्यावर्ष सप्ताह विभिन्न कार्यक्रमका साथ मनाइएको थियो र एक विशेष हुलाक टिकट पनि प्रकाशित गरिएको थियो ।

## अन्तर्राष्ट्रिय नारीवर्ष १९७५

विश्वको कुल जनसंख्याको आधा जसो भाग नारीवर्गको छ । मानव सभ्यताको विकासको साथसाथै समाजमा नारीवर्गलाई पुरुष सरह सबै कुरामा समानता दिलाउने, विकासमा बढी सकारात्मक योगदान गर्न सक्षम तुल्याउने र उनीहरूलाई सबै प्रकारका शोषण एवं बन्धनहरूबाट उन्मुक्त तुल्याउने हेतुले सन् १९७२ मा भएको संयुक्त राष्ट्रसंघको महासभाको बैठकले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारीवर्षको रूपमा विश्वभर मनाउने निर्णय गरियो । वास्तवमा यो वार्षिक कार्यक्रम मनाउनुभन्दा निकै पहिलेदेखि राष्ट्रसंघले महिलावर्गका विरूद्ध चाहे ती विकसित राष्ट्रमा होस् वा विकासोन्मुख राष्ट्रहरूमा गरिने सबै किसिमका भेदभाव र अन्यायको अन्त्य गर्न सक्रियता देखाउँदै आएको हो ।

अन्तर्राष्ट्रिय महिलावर्षको सिलसिलामा विश्वभर महिला हित र जागरणसम्बन्धी अनेकौं कार्यक्रमहरू सम्पन्न भए । यीमध्ये अमेरिकाको मेक्सिको शहरमा १९ जूनदेखि २ जुलाईसम्म भएको अन्तर्राष्ट्रिय नारी सम्मेलन एक महान ऐतिहासिक घटना थियो । राष्ट्रसंघका सदस्यहरू–मध्ये १३३ राष्ट्रका एक हजारभन्दा बढी प्रतिनिधिहरूले भाग लिएको

उक्त सम्मेलनले समस्त नारी समुदायको विकासका लागि एक विश्व कार्यक्रम-सम्बन्धी योजना पारित गर्‍यो। योजनामा सन् १९७५ देखि १९८५ सम्मको एक दशकलाई नारी विकास दशक घोषित गर्ने र त्यस अवधि भित्र सबै राष्ट्रमा महिलाहरूलाई जीवनका हर क्षेत्रमा पुरुषवर्ग समक्ष पुर्‍याउन सबै प्रकारका कदमहरू उठाउनु पर्ने कुराको उल्लेख छ।

## नेपाल र नारीवर्ष

नारी वर्षको सिलसिलामा नेपालमा सम्पन्न भएका रचनात्मक कार्यक्रमहरूको लेखा जोखा विस्तृत रूपमा गर्नु सम्भव छैन। राष्ट्रिय स्तरमा भएका प्रमुख क्रियाकलापदेखि लिएर गाउँ पञ्चायत स्तरमा पनि महिला-वर्गको हित र उत्थानसित सम्बन्ध राख्ने असंख्य कार्यक्रमहरू सम्पन्न भए। यसको फलस्वरूप अधिराज्यभर के पुरुष, के नारी सबैमा नारी समुदायका समस्याहरू बारे नयाँ चेतना र तिनको समाधान प्रति अभूतपूर्व जागरूकताको सञ्चार भयो।

वास्तवमा नेपालमा नारीवर्ष कार्यक्रमहरूको सार्थकता, त्यसमा आएको जनसक्रियता र उपलब्धिहरूको मूल प्रेरणास्रोत राजमुकुट नै हो। राजमुकुटबाट प्रत्यक्ष रूपमा मिलेको प्रेरणा, संरक्षण र प्रोत्साहनबाट यो कार्यक्रमको व्यापकता र वस्तुगत उपलब्धिहरू सम्भव भयो, नारीवर्गको उद्धारमा नयाँ युगको सूत्रपात भयो। नारीवर्षको प्रारम्भदेखि अन्त्यसम्म नै यस महान् ऐतिहासिक समाजसुधार अभियानमा राजमुकुटको प्रेरणा निहित थियो। समाजका दुइ अङ्गमध्ये एक नारीवर्ग पिछडिएको, अशिक्षित र उपेक्षित अवस्थामा रहेसम्म राष्ट्रको सर्वाङ्गीण विकास सम्भव छैन भन्ने भावना राखिबक्सने श्री ५ महाराजाधिराज वीरेन्द्रबाट २०३१ सालमा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको संरक्षकत्वमा १४ सदस्यीय अन्तर्राष्ट्रिय नारीवर्ष समिति, नेपालको गठन गरिबक्सेको थियो। समितिमा समाज सेवाका विभिन्न क्षेत्रका विशिष्ट

प्रतिनिधिहरूका साथै श्री ५ को सरकारका उच्चपदस्थ अधिकृतहरू पनि रहेकोले समितिको देशव्यापी महत्व विदित हुन्थ्यो ।

### शाही सन्देश

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट अन्तर्राष्ट्रिय नारीवर्ष, १९७५ को प्रारम्भमा २०३१ साल पौष १७ गते राष्ट्रका नाममा एक सन्देश बक्सँदै मुलुकमा "अशिक्षा, अन्धविश्वास तथा अपरिस्कृत सामाजिक परिपाटिले गर्दा पिछडिएको नेपाली नारीलाई उचित शिक्षा दीक्षाद्वारा विभूषित बनाई आफ्नो परिवार र देशको आकांक्षा पूरा गरी अन्तर्राष्ट्रिय क्षेत्रमा देन प्रदान गर्नमा सक्षम बनाउन" अग्रसर हुन समस्त देशवासीहरूलाई आह्वान गरिबक्स्यो ।

श्री ५ महाराजाधिराज सरकारको सदिच्छा अनुरूप श्री ५ बडामहारानी सरकारबाट अन्तर्राष्ट्रिय नारीवर्ष समिति, नेपाललाई संरक्षण एवं सक्रिय नेतृत्व प्रदान गरिबक्सेको कुरा नारीवर्गका उपलब्धिहरूमा विशेष उल्लेखनीय हुन आउँछ। मौसूफबाट नारीहितसम्बन्धी प्रमुख कार्यक्रमहरूमा सक्रिय रूपमा भाग लिइबक्सेको मात्र होइन, विभिन्न अवसरहरूमा महत्वपूर्ण भाषणहरू बक्सेर समस्त नेपालीहरूलाई आजको युगमा आइपरेको नयाँ दायित्व र कर्तव्यको बोध गराइबक्स्यो ।

### श्री ५ ऐश्वर्यबाट पथ पदर्शन

श्री ५ बडामहारानीबाट २०३१ साल पौष १७ का दिन नारीवर्ष समिति, नेपालको उद्घाटन गरिबक्सँदै बक्सेको ओजस्वी भाषणमा अशिक्षा, दरिद्रता, अन्धविश्वास, सामाजिक कुरीति जस्ता विभिन्न कारणले कैयौं वर्षदेखि पिछडिएका नेपाली नारीलाई जाग्रत गरी देशको सर्वतोमुखी विकास तथा विश्वशान्तिको सम्बर्धन गर्ने कार्यमा सरीक गराउनु पर्ने आवश्यकता बारे कर्तव्य बोध गराइबक्स्यो । मौसूफको भाषणबाट नारी विकासका लागि राष्ट्रिय स्तरमा हुने भावी क्रियाकलापको पनि राम्रो

संकेत मिल्दथ्यो। तिनमा नारीवर्गको सर्वाङ्गीण विकासमा अवरोध पार्ने संस्कार तथा परम्परामा सुधार ल्याउन अत्यावश्यक ऐन, नियम आदिको तर्जुमा गर्नु र उनीहरूलाई उचित शिक्षा दीक्षाद्वारा जाग्रत गरी स्वदेश तथा विश्वको विकास गर्ने कार्यमा योगदान गर्न सक्ने तुल्याउन विभिन्न कार्यक्रम-हरूको सञ्चालनमा दिइएको जोड अति सामयिक महत्व राख्दछन्। साथै मौसूफबाट केवल कानूनी सुधारमा भर पर्नाले नारीवर्गको अवस्थामा सुधार आउन नसक्ने यथार्थता हुकुम हुँदै नारीहरूलाई साक्षर र शिक्षित बनाई आफ्नै खुट्टामा उभिन सक्ने तुल्याउन कार्यक्रमहरू सञ्चालन हुनु पर्ने निर्देशनहरू पनि बक्स्यो। यस सन्दर्भमा महिला साक्षरता, परिवार नियोजन, सामाजिक कुरीतिहरूको निवारण तथा रोजगारमूलक घरेलु उद्योगहरूको प्रसारका लागि रचनात्मक अभियानहरूलाई बढी प्रभावकारी र व्यापक बनाउनु नारीवर्गको उत्थानमा नितान्त आवश्यक भएको स्पष्ट हुन्छ। यस्ता कार्यक्रमहरूको सफलतामा संयुक्त राष्ट्रसंघद्वारा नारी-वर्षका लागि निर्धारित ३ उद्देश्यहरू– नारी र पुरुषका बीच समताको सम्वर्द्धन, विश्वशान्तिको खोज तथा विकासमा महिला प्रतिभाको उपयोग गर्ने जस्ता कुरा हासिल हुन सक्ने कुरामा सन्देह रहन्न।

नारीवर्गको विकाससम्बन्धी प्रश्नलाई हेर्दा यसतर्फ सबै राष्ट्रिय प्रयास-हरू संलग्न हुनु पर्ने अनिवार्यता त छँदैछ, आधुनिक शिक्षा पाएका चेतन-शील नेपाली नारीले गाउँ गाउँमा गई अशिक्षा र अन्धकारमा अल्मलिएका आफ्नो दिदी बहिनीहरूलाई सचेत र आफू समान बनाउने काममा सधैं सक्रिय हुनु पर्दछ भन्ने श्री ५ बडामहारानी सरकारका प्रेरक वाणीहरू अति मनन योग्य छन्। नारीवर्षसम्बन्धी कार्यक्रमहरूमा श्री ५ बडामहारानी सरकारबाट प्राप्त प्रोत्साहन र प्रेरणा केन्द्रीय नीति निर्धारक तहदेखि अधिराज्यव्यापी रूपमा कार्य क्षेत्रमा पनि पुगेको छ।

श्री ५ बडामहारानी सरकारको प्रत्यक्ष निर्देशन र पथ प्रदर्शनमा नेपालमा राष्ट्रिय समितिको तत्वावधानमा कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक

सेवा कानून र प्रचार पक्षसित सम्बन्धित ४२ वटा जति प्रमुख कार्यक्रमहरू सम्पन्न भए।

## नारीवर्षसम्बन्धी कार्यक्रमहरू

स्वयं श्री ५ बडामहारानी सरकारबाट चारैवटा विकास केन्द्रहरूमा सवारी होइबक्सी महिला कल्याणसम्बन्धी विभिन्न रचनात्मक कार्यक्रमहरूको शुभारम्भ गरिबक्स्यो। यी कार्यक्रमहरूमा वृक्षारोपण, महिला साक्षरता अभियानको शुभारम्भ र महिला बहुउद्देश्यीय कार्य केन्द्रको स्थापना जस्ता कुराहरू उल्लेख्य छन्। यस्का अतिरिक्त मौसूफका बाहुलीबाट काठमाडौंमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पुतली प्रदर्शनी, धनकुटामा परिचारिका एवं सुडेनीहरूको तालीम कार्यक्रमको पनि उद्घाटन गरिबक्स्यो। महिलावर्षको सन्दर्भमा श्री ५ ऐश्वर्य महिला छात्रवृत्तिको स्थापना, महिला कानून गोष्ठीको आयोजना, महिला प्रतिभासम्बन्धी प्रतियोगिता, महिला साहित्यिक गोष्ठी तथा काठमाडौंमा नेपाल रेडक्रस सोसाइटीको सहयोगमा 'मदर्स क्लब' को स्थापना पनि अविस्मरणीय घटना भएका छन्।

नेपाली नारीहरूलाई समाजमा बढी प्रतिष्ठित र समुन्नत स्थान दिलाउन नारीवर्षको कार्यक्रमले एक महान् राष्ट्रिय समाजसुधार अभियानलाई जन्म दिएको छ। नारीवर्षकै अवधिमा पनि श्री ५ बडामहारानी सरकारको निर्देशनमा महिलावर्गको समस्याहरूको अध्ययन गरी तिनको निराकरणका लागि कार्यक्रमको रूप-रेखा तयार पार्न एक कार्यदलको गठन, महिला हितमा प्रतिकूल असर पार्ने केही कानूनी बन्देजहरूको संशोधन, शिक्षा र रोजगारमा प्राथमिकता दिने व्यवस्थाहरू भएका छन्। यी कदमहरूबाट भविष्यमा महिला हित सम्वर्द्धनमा सहायक अन्य कतिपय दीर्घकालीन समाज सेवा योजनाहरू लागू गरिने कुराको राम्रो संकेत मिल्दछ।

## (ङ) गाउँफर्क राष्ट्रिय अभियान

### राजनैतिक महत्व

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपाल र नेपाली जनताको सार्वाङ्गीण विकासका लागि उठाई बक्सेका महत्वपूर्ण कदमहरूमा गाउँफर्क राष्ट्रिय अभियान कार्यक्रमको नयाँ संस्थागत स्वरूप र संस्थाको राजनैतिक दायित्व विशेष रूपमा उल्लेख्य छ। गाउँफर्कका मूलभूत लक्ष्यहरूलाई कायमै राखी तिनलाई अझ बढी प्रभावकारी तुल्याउन मौसूफबाट २०३२ सालमा गरिबक्सेको संविधानको दोस्रो संशोधनमा यसलाई राज्यको एक संवैधानिक अङ्ग बनाइबक्सेको छ। यसभन्दा अघि २०३० सालमा पञ्चायत कार्यकर्ताहरूको कामको मूल्याङ्कन गर्ने सम्बन्धमा गाउँफर्कले मौसूफबाट बक्स भएका निर्देशनहरू अनुरूप नयाँ नीति निर्धारण गरेको थियो। यतिले मात्र पर्याप्त नभई गाउँफर्कलाई निर्दलीय पञ्चायती व्यवस्थाको एक सशक्त र गतिशील राजनैतिक निकायको रूप दिने महत्वपूर्ण कार्य संविधानको दोस्रो संशोधनले पूरा गरेको छ।

संविधानको दोस्रो संशोधन अघि गाउँफर्क एक संस्था नभई देशका पञ्च, सामाजिक कार्यकर्ता र बुद्धिजीवीहरूलाई राष्ट्र निर्माणतर्फ नैतिक रूपमा अभिप्रेरित गर्ने कार्य योजना मात्र प्रतीत हुन्थ्यो। सुदृढ संगठनात्मक आधारहरूको अभावमा गाउँफर्कको अवस्था एक निष्क्रिय पर्यवेक्षकको जस्तो थियो। अब पञ्चहरूको कार्य मूल्याङ्कन, उनीहरूलाई पथ प्रदर्शन, राजनैतिक निर्देशन र जनशक्तिको परिचालनका अतिरिक्त व्यवस्थाका नीतिहरूको समुचित व्याख्या एवं अनुसन्धान आदि कामहरू नियमित रूपमा सम्पन्न गर्न गाउँफर्क राष्ट्रिय अभियान एक सक्रिय र प्रभावशाली संस्था भएको छ।

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिद्वारा २०३३ साल माघ महीनामा आयोजित राष्ट्रिय स्तरको पञ्च-भेलाको विसर्जन समारोहलाई सम्बोधन गरिबक्सँदै कार्यकर्ताहरूमा

राजनैतिक संस्कार जन्माउन, उनीहरूलाई सक्रिय, अनुशासित र सुसंगठित पारेर राष्ट्रको विकास अभियानमा अग्रसर गराई जनशक्ति परिचालन गर्ने काममा गाउँफर्क राष्ट्रिय अभियान बढी उपयोगी हुन सक्ने विश्वास प्रकट गरिबक्सेको थियो ।

निश्चय पनि मौसूफ सरकारबाट जनशक्ति परिचालन र राजनीतिमा जनसहभागितालाई अझ व्यापक तुल्याउनका लागि नै गाउँफर्क राष्ट्रिय अभियानलाई दरिलो संस्थाको रूप बक्सेको हो । किनभने मौसूफ सरकारबाट त्यसै सम्बोधनमा स्पष्टतः "देशका सम्पूर्ण जनताको सामूहिक प्रयासले मात्र राष्ट्रिय विकासको आकांक्षा पूरा हुन सक्छ" भन्ने कुरा हुकुम भएको छ । त्यसैले गाउँफर्क राष्ट्रिय अभियानलाई देशका सम्पूर्ण जनताको सामूहिक प्रयास राष्ट्रको विकासका निम्ति जुटाउनका लागि तर्जुमा गरिएको एक निरन्तर अभियान हो भन्नु पर्दछ ।

## ऐतिहासिक पृष्ठभूमि

पञ्चायत व्यवस्थाका प्रवर्तक स्व. श्री ५ महेन्द्रबाट २०२४ सालको पौष १ गतेका दिन गाउँफर्क राष्ट्रिय अभियानलाई व्यवस्थालाई सुदृढ तुल्याउने एक प्रेरक कार्यक्रमका रूपमा राष्ट्रलाई बक्सेको थियो । त्यसबेला गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्य नेपालका अधिसंख्य अविकसित गाउँहरूको विकासका लागि सबै तहबाट सक्रियता जगाउनु नै रहेको थियो । गाउँनै गाउँले भरिएको जनजीवनमा आर्थिक, सामाजिक र राजनीतिक ह्रास आउन नदिएर, गाउँस्तरीय विकास अभियानहरूको सञ्चालनमा सक्रिय जनसहभागिता र समाजमा नैतिक परिष्कार, परिश्रम गर्ने बानी र अनुशासन जस्ता गुणहरूको विकास गराउनु गाउँफर्क राष्ट्रिय अभियानको मूल उद्देश्य रहेको थियो ।

स्व. श्री ५ महेन्द्रबाट गाउँफर्क राष्ट्रिय अभियानको कार्यक्रम देशवासीलाई बक्सेपछि गाउँको विकासतर्फ समस्त देशवासीहरूको ध्यान केन्द्रित भयो । स्थानीय श्रमको परिचालन प्रारम्भ भयो र गाउँको विकासमा

अनौठो जागरूकता देखापर्‍यो। ठाउँ ठाउँमा जनताको सक्रियतामा विकास र निर्माणका रचनात्मक कार्यहरू सम्पन्न भए।

यस कार्यक्रमका मूलभूत १० सूत्रीय आधारहरू यी हुन् :

(१) राष्ट्रियता र राष्ट्रिय एकताको भावना सुदृढ र व्यापक बनाउने।

(२) दलविहीन पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराउने र निर्दलीय भावनालाई विकसित र सुदृढ पार्ने।

(३) असंलग्न परराष्ट्र नीतिको अनुकूल आचरण गर्ने।

(४) भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीलासुस्ती समाप्त गर्न अभियान चलाउने।

(५) ग्रामीण समाजमा चेतना र सक्रियता ल्याउने।

(६) चालू भूमिसुधार, मुलुकी ऐन, समाजसुधार र देशव्यापी निर्माण कार्यक्रमको सफल कार्यान्वयनमा बल पुर्‍याउने।

(७) साझा (सहकारी) भावना र कार्यक्रमको प्रचार र विस्तार गर्ने।

(८) जनजीवनमा वृक्षारोपण, वन र वन्यजन्तुको रक्षासम्बन्धी कुराहरू बोध गराउने।

(९) कृषि उत्पादनको वृद्धिमा जोड दिने।

(१०) ठाउँ सुहाउँदो घरेलु उद्योगलाई प्रोत्साहन र विस्तार गर्ने भावना देशव्यापी रूपमा जागृत गराउने।

**गाउँफर्कको कार्यक्षेत्र**

"विकासको लागि राजनीति" हुनु पर्ने राष्ट्रनायकको नवीन चिन्तन अनुरूप संविधानको दोस्रो संशोधन पछि गाउँफर्कको कार्यक्षेत्र र संगठन प्रणालीमा व्यापक विस्तार भएको छ।

नेपालको संविधानमा श्री ५ महाराजाधिराजबाट बक्सेको मार्ग-दर्शनको अधीनमा रही गाउँफर्कले निम्न कामहरू गर्ने व्यवस्था छः–

(१) पञ्चायत प्रणालीको राजनैतिक सिद्धान्तको प्रतिपादन, व्याख्या र प्रचार,

(२) पञ्चहरूको प्रशिक्षण, सुसंगठन, योग्यता निर्धारण र मूल्याङ्कन,

(३) राजनीतिक कार्यक्रमको तर्जुमा, राजनीतिक सञ्चालन, पञ्च-भेला र पञ्चायत बीचको राजनीतिक सञ्चार,

(४) कानूनमा व्यवस्था गरिए अनुसारका अन्य कार्यहरू।

संविधानको दोस्रो संशोधनले गाउँफर्क राष्ट्रिय अभियानको एक केन्द्रीय समितिको व्यवस्था गरेको छ। यो केन्द्रीय समितिको गठन, कर्तव्य, अधिकार र अन्य कार्यविधिहरू श्री ५ महाराजाधिराजबाट तोकिबक्सने व्यवस्था छ। मौसूफ सरकारबाट समितिका अध्यक्ष र सदस्यहरूको मनोनयन गरिबक्सने र सदस्यहरूको कार्यावधि सामान्यतया चार वर्षको रहने व्यवस्था छ। केन्द्रीय समितिले खास गरेर पञ्चायत व्यवस्थाको राजनीतिक अधिवेशनहरू र केन्द्रीय पञ्च भेलाको आयोजना गर्ने गर्दछ। यति मात्र नभएर यसले पञ्चहरूका लागि राजनीतिक कार्यक्रमको व्यवस्था, पञ्च कार्यकर्ताको प्रशिक्षणको तर्जुमा, निर्दलीय व्यवस्थाको आधिकारिक व्याख्याको कार्य पनि गर्दछ। राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत र गाउँफर्क राष्ट्रिय अभियानका अञ्चल र जिल्ला स्तरीय अभियान समितिका सदस्य-हरूको मूल्याङ्कन र तिनीहरूको लागि तयार भएको आचार संहिताको पालना जस्ता कुराहरू पनि गाउँफर्कको कार्यक्षेत्र भित्र पर्दछन्।

गाउँफर्क केन्द्रीय समितिको मातहतमा देशका १४ अञ्चल र सम्पूर्ण जिल्लामा गाउँफर्क राष्ट्रिय अभियानको अञ्चल र जिल्ला समितिहरू गठन गरिएका छन्। यी समितिले केन्द्रको नियन्त्रणमा रहेर केन्द्रद्वारा निर्देशित कार्यक्रम सम्पन्न गर्दछन्।

## राजनैतिक कार्यक्रम

पञ्च कार्यकर्ताहरूमा श्री ५ को सक्रिय एवं गतिशील नेतृत्वमा सञ्चालित पञ्चायत व्यवस्थाका सिद्धान्तको स्पष्ट बोध र त्यसप्रति निष्ठा बढाउन र व्यावहारिक पक्षमा सञ्चालित आर्थिक तथा सामाजिक कार्यक्रमहरूबाट व्यवस्थाको सिद्धान्त एवं उद्देश्य अनुकूल सामाजिक बनावटमा परिवर्तन

ल्याउन तथा देशको सर्वाङ्गीण विकास गर्ने अभियानमा कार्यकर्ताहरूको सामूहिक उत्तरदायित्वको बोध र संलग्नतालाई प्रोत्साहित गर्न गाउँफर्कले राजनैतिक कार्यक्रम तयार पारेको छ ।

यथार्थमा यो राजनैतिक कार्यक्रमले गाउँफर्कका १० सूत्रीय मूल कार्यक्रमलाई अझ परिमार्जित र व्यावहारिक ढङ्गले जनसमक्ष प्रस्तुत गरेको छ ।

पञ्च र वर्गीय संगठनका कार्यकर्ताहरूका लागि तयार पारिएको राजनैतिक कार्यक्रममा मुलुकको आर्थिक एवं सामाजिक विकासका लागि राजनैतिक शक्तिको भूमिका स्पष्ट पारिएको छ । कार्यक्रममा पिछडिएका ग्रामीण जनताको विकासलाई विशेष जोड दिइएको, विभिन्न तहका पञ्च कार्यकर्ताहरूले गर्ने काम र मूल्याङ्कनका आधारहरू स्पष्ट गरिएको तथा कार्यक्रम तर्जुमा गर्दा जनआकांक्षा प्रतिबिम्बित हुने र कार्यान्वयनमा बढी से बढी जनसहभागिता बढाउने जस्ता कुराहरूमा जोड दिइएको छ ।

राजनैतिक कार्यक्रममा आर्थिक विकाससम्बन्धी कार्यक्रम, सामाजिक विकाससम्बन्धी कार्यक्रम, जनस्वास्थ्यसम्बन्धी कार्यक्रम, निर्माण तथा संरक्षणसम्बन्धी कार्यक्रम, तथ्याङ्क सङ्कलनसम्बन्धी कार्यक्रमहरूको गाउँ, नगर र जिल्लास्तरका लागि खुलस्त रूपमा व्याख्या गरिएको छ ।

यसका अतिरिक्त राजनैतिक कार्यक्रमको कार्यान्वयनमा गाउँफर्क केन्द्रीय समिति, अञ्चल समिति र जिल्ला समितिहरूको भूमिका र श्री ५ को सरकारको भूमिका बारे पनि स्पष्ट उल्लेख गरिएको छ ।

### पञ्च भेला र अधिवेशन

पञ्चायती व्यवस्थाको निर्दलीय स्वरूप अनुरूप राजनीतिमा जन-सहभागिताको प्रक्रिया गाउँफर्कले निर्धारित गरेको छ । यी प्रक्रियाहरू संसदीय परिपाटीभन्दा फरक छन् र आफ्नै मौलिकताहरूले युक्त छन् । संसदीय प्रणालीमा सत्तामा रहेको दलको हर प्रकारले विरोध गर्नु, सार्वजनिक रूपमा त्यसप्रति घृणा वा निन्दाको भावना जगाउनु र मतदानद्वारा पराजित

गराउनुमा राजनैतिक क्रयाकलापहरू सीमित हुन्छन् भने पञ्चायती व्यवस्था भित्र दलगत राजनीतिको अस्तित्व नभएको हुँदा जनताले आफ्ना राजनैतिक अधिकारहरूको प्रयोग मर्यादित ढङ्गबाट विभिन्न पञ्चभेला, अधिवेशनहरू र विचार गोष्ठीहरूमा सक्रिय भाग लिएर गर्दछन्। गाउँफर्कबाट निर्धारित राजनैतिक कार्यक्रममा व्यवस्थाको प्रारम्भिक तह गाउँ पञ्चायतको वडा देखि लिएर गाउँ, नगर, जिल्ला, अञ्चल र केन्द्रीय तहमा नियमित रूपमा पञ्चभेलाहरूको आयोजना गरिने परिपाटी अपनाइएको छ। वस्तुतः पञ्चभेलाहरू जन अभिव्यक्तिको सशक्त माध्यम भएका छन्। यी भेलाहरूमा राजनैतिक कार्यकर्ताहरूलाई समय समयमा आफ्ना कामहरूको समालोचना गर्ने, कमजोरीहरू केलाउने र रचनात्मक सुझावहरू प्रस्तुत गरी राजनैतिक निकायहरूमा परिमार्जन ल्याउने र प्रशासनलाई समेत जनमुखी बनाउनेतर्फ सक्रिय हुने राम्रो अवसर प्राप्त भएको हुन्छ।

गाउँ, नगर तथा जिल्ला स्तरमा आयोजना गरिने पञ्चभेलाहरू तीन किसिमका छन्:–

(१) कार्यक्रम सञ्चालन पञ्चभेला,

(२) कार्यक्रम समीक्षा पञ्चभेला र

(३) मूल्याङ्कन पञ्चभेला।

हरेक आर्थिक वर्षको प्रारम्भमा प्रत्येक पञ्चायतमा कार्यक्रम सञ्चालन पञ्चभेलाको आयोजना गरिन्छ। यस्तो भेलाले गाउँफर्कबाट निर्धारित कार्यक्रम र स्थानीय महत्वका विकास कार्यक्रमहरू कार्यान्वयन गराउने बारे कार्य योजना तयार गर्दछ। गाउँ, नगर वा जिल्ला स्तरमा वर्षमा एक पटक हुने समीक्षा पञ्चभेलामा कार्यक्रम सञ्चालन पञ्चभेलाले तर्जुमा गरेको कार्य योजना अनुसार भएका कामको प्रगति, शिथिलता अथवा काम अधुरो रहनुका कारणहरू बारे समीक्षा गरिन्छ। यस्ता पञ्चभेलाहरूमा कुनै कार्यकर्तामा ढीलासुस्ती, लापर्वाही वा भ्रष्टाचारी नियत वा शोषण गर्ने प्रवृत्तिबाट कार्यक्रममा असर परेको भए त्यस्तो विषयमा छलफल गरी सम्बन्धित कार्यकर्तालाई आत्म आलोचनाद्वारा भूलसुधार गर्ने मौका प्रदान

गरिन्छ । कुनै कार्यकर्ताले बढी सक्रिय रही समाजमा विशेष योगदान गरेको भए त्यसको पनि लेखा जोखा गरी पञ्चायतहरूमा स्वच्छ नैतिक वातावरणको सिर्जना गर्नमा समीक्षा पञ्चभेलाहरू प्रभावकारी भएका छन् ।

विकासको लागि राजनीति र सर्वसम्मतिको प्रक्रियालाई सघाउ पुऱ्याउन निर्वाचनको केही समय अघि मूल्याङ्कन पञ्चभेलाहरूको आयोजना गरिन्छ । यस्ता भेलाहरूमा पञ्चकार्यकर्ताहरूको वस्तुगत मूल्याङ्कन गरिनुका साथै पञ्चायतहरूमा बढी जनसहभागिता गराइने कुरालाई प्राथमिकता दिइन्छ ।

गाउँफर्कद्वारा प्रतिपादित राजनैतिक कार्यक्रम एवं राष्ट्रिय राजनीतिको समीक्षामा जनभावना सही रूपमा प्रतिबिम्बित हुन सकोस् भन्ने हेतुले समय समयमा जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा गाउँफर्क अभियानका अधिवेशन-हरूको आयोजना गरिन्छ । यस्ता अधिवेशनहरूमा खास गरेर राजनैतिक कार्यक्रममाथि छलफल गरी सुझाव दिने र पञ्चायत राजनीतिको संग-ठनात्मक पक्षमाथि विचार विमर्श गरिन्छ ।

## आचार संहिता

पञ्चायत व्यवस्थाका विभिन्न तहका राजनैतिक कार्यकर्ताहरूलाई आफूले प्राप्त अधिकारहरूको उपभोगका साथै निर्दिष्ट कर्तव्यहरूको पालना गर्न सचेत गराउन गाउँफर्क राष्ट्रिय अभियानले आचार संहिता बनाई लागू गराउने कानूनमा व्यवस्था छ । श्री ५ महाराजाधिराज सरकारबाट गाउँफर्क केन्द्रीय समितिका सदस्यहरूका लागि आचार संहिता निर्धारण गरिबक्सेको छ भने सोही आधारमा अभियानका अन्य तहका कार्यकर्ताहरू, राष्ट्रिय पञ्चायतका सदस्यहरू, जिल्ला गाउँ पञ्चायत र वर्गीय संगठनका कार्यकर्ताहरूका लागि गाउँफर्क केन्द्रीय समितिद्वारा आचार संहिता जारी गरिएको छ ।

निर्धारित आचार संहिताको उलङ्घन गरेमा, व्यवस्थाका मर्यादा

अनुरूप आचरण नगरेमा कुनै पनि पञ्च कार्यकर्ताहरूमाथि अनुशासन-सम्बन्धी कारवाईहरू गाउँफर्कले गर्न सक्नेछ। मन्त्रिपरिषद्का सदस्यहरू बाहेक राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष वा सदस्यहरू (निर्वाचित मात्र) मध्ये कसैले आचार संहिताको उल्लङ्घन गरेमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले कारवाई गरी सजायका लागि श्री ५ महाराजाधिराजमा सिफारिश चढाउन सक्ने र मौसूफबाट स्वीकृत गरिबक्सेमा सम्बन्धित व्यक्तिलाई आफ्नो ओहदाबाट निष्काशन गरिने व्यवस्था छ। यस्तै अरू तहका पञ्चकार्यकर्ताहरूमाथि पनि पदको मर्यादा अनुरूप आचरण नगरेमा पदबाट निष्काशन गर्ने प्रक्रिया निर्धारित गरिएको छ।

**मनोनयनसम्बन्धी अधिकार**

दलविहीन पञ्चायत प्रणालीको राजनैतिक शक्ति परिचालन र सुसंगठन गर्ने अभिभारा लिएको गाउँफर्क राष्ट्रिय अभियानले पञ्चायतका प्रत्येक तहमा निर्वाचनका लागि पञ्चहरूको योग्यता निर्धारण, कामको मूल्याङ्कनको आधारमा उम्मेदवारहरूलाई अनुमोदन दिने काम समेत गर्दछ। यसको अतिरिक्त गाउँफर्कलाई विभिन्न तहमा निश्चित संख्यामा पञ्चहरूको मनोनयन गर्ने व्यापक अधिकारहरू प्राप्त छन्। यस अनुसार गाउँफर्कले गाउँ पञ्चायतमा २ जना, नगर पञ्चायतमा २ देखि ६ जनासम्म र जिल्ला पञ्चायतमा ४ जना मनोनीत गर्नेछ। पञ्चायतहरूमा निर्वाचित महिला सदस्य कुनै पनि नभएमा मनोनीत गरिने व्यक्तिहरूमा एक जना महिला सदस्य हुनु अनिवार्य गरिएको छ।

गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्यहरूले सम्पूर्ण सदस्यसंख्याको दुइ तिहाई बहुमतद्वारा प्रधानपञ्च र उप-प्रधानपञ्चको निर्वाचन गर्न नसकेमा गाउँफर्कले सम्बन्धित पञ्चायतका सदस्यमध्येबाट प्रधानपञ्च र उप-प्रधानपञ्चको मनोनयन गर्नेछ। यस्तै जिल्ला पञ्चायतको सभापति र उप-सभापतिको निर्वाचनमा कुनै उम्मेदवारले पनि दुइ तिहाई बहुमत ल्याउन नसकेमा गाउँफर्क अञ्चल अभियान समितिले सदस्यहरूमध्येबाट

जिल्ला पञ्चायतका सभापति र उप-सभापति मनोनीत गर्नेछ ।

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले सबै वर्गीय संगठनहरूको उच्चस्तरीय संयुक्त निकाय वर्गीय संगठन केन्द्रीय सल्लाहकार समितिका सदस्यहरूको पनि विकास क्षेत्रको प्रतिनिधित्वका आधारमा मनोनीत गर्दछ । यसका साथै गाउँफर्कले प्रत्येक वर्गीय संगठनको १० सदस्यीय जिल्ला समितिको सभापति पदमा जिल्ला पञ्चायतका सदस्यमध्येबाट एक जनालाई मनोनीत गर्दछ ।

गाउँफर्क राष्ट्रिय अभियानले एक निरन्तर चलिरहने कार्यक्रमको रूप लिएपछि पञ्चायत राजनीतिमा देखिएका उच्छृङ्खल राजनीतिका धारणाहरूको बदलामा सम्पूर्ण पञ्च कार्यकर्ताहरूका लागि एकै प्रकारको राजनीतिक धारणा र कार्यक्रम आएको छ । वास्तवमा, गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्यहरूमध्ये यो पनि एक हो । पञ्चहरूमा नचाहिंदो प्रतिद्वन्द्विताको भावलाई गाउँफर्क राष्ट्रिय अभियानले विकासका लागि अनुकूल स्वस्थ्य चिन्तनमा परिणत गरेको छ । पञ्चहरूको कार्य र त्यसबाट देशको विकासमा पुग्न सकेको सहयोगको आधारमा पञ्चायतको उच्च ओहदामा अब पञ्चकार्यकर्ताहरू पुग्न सक्दछन् । प्रभाव र पैसाको भरमा हुने अश्रद्धापूर्ण राजनीतिको अब अवसान भएको छ ।

यसप्रकार गाउँफर्क राष्ट्रिय अभियानले श्री ५ महाराजाधिराज सरकारको देशको सर्वाङ्गीण विकास गर्ने महान आकांक्षालाई पूरा गर्ने महत्वपूर्ण उद्देश्य राखेर देशमा राजनीतिक सन्तुलन र स्थायित्व कायम राख्नमा ठूलो भूमिका खेल्दै आइरहेको छ ।

# श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक

२०३१ साल फागुन १२ गतेको स्वर्णिम दिन सवाकोटी नेपाली जनताका लागि एक चिरस्मरणीय र ऐतिहासिक दिन थियो । किनकि युगमा एक पटक मात्र आउने र सौभाग्यशालीहरूले मात्र हेर्न सुन्न पाउने यो दिनमा आर्य संस्कृतिका रक्षक, नेपालीहरूका भाग्य निर्माता र राष्ट्रियताका प्रतीक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवको शुभराज्याभिषेक बडो धुमधामका साथ सम्पन्न भएको थियो ।

नेपालमा आएको आर्थिक विकासको लहरका साथसाथै यातायात र सञ्चारका साधनहरूको विकास, औद्योगिकीकरण र जनजीवनमा आएको परिवर्तनले राज्याभिषेकलाई राष्ट्रिय उत्सवको रूपमा मनाउने प्रक्रियालाई अत्याधुनिक रूप दिए तापनि यस महान दिनले अनादिकालदेखि चलिआएको गौरवमय संस्कृति, परम्परा र आदर्शलाई प्रस्तुत गर्दथ्यो ।

## राज्याभिषेकको परम्परा र धार्मिक पक्ष

मानवोचित गुणहरूको धारण गर्दै जीवनलाई सार्थकत्व प्रदान गर्न हिन्दू धर्मशास्त्रहरूमा विभिन्न संस्कारहरूको व्यवस्था छ । धर्मशास्त्र अनुसार राजामा जगतको प्रतिपालन गर्ने ईश्वरीय शक्तिको अंश हुन्छ र प्रजाको संरक्षण एवं पालनाका लागि राजालाई समर्थ तुल्याउन राज्याभिषेकको विधि एक संस्कारको रूपमा निर्धारित गरिएको हुन्छ । वंशगत

रूपमा राज्यको अभिभारा आइपरे तापनि राज्याभिषेक समारोहबाट राजाले विधिवत आफ्नो राज्यपद सह्यालेको औपचारिक पुष्टि भएको मात्रै प्रचलन पनि छ ।

वास्तवमा राज्याभिषेक संस्कारको मूल उद्गम वेदनै हो र वैदिककाल-देखि नै हिन्दू समाजमा राजाहरूको धार्मिक विधिअनुसार राज्याभिषेक गर्ने परम्परा अटूट रूपमा चल्दै आएको छ । नेपालमा पनि शाहवंशका संस्थापक श्री द्रव्यशाहका पालादेखि र त्यसअघि पनि मल्ल राजाहरूको पालामा वैदिक विधिअनुसार राज्याभिषेक भएका तथा जनताले सार्वजनिक चाडको रूपमा खुशीयाली मनाएका प्रमाणहरू पाइन्छन् । हिन्दू समाज बाहेक विश्वका अन्य राजतन्त्रात्मक मुलुकहरूमा पनि राजाहरूको आ-आफ्नो धार्मिक नियमअनुसार राज्याभिषेक गर्ने प्रचलन छ ।

## राज धर्म

हिन्दू संस्कृति अनुसार राजालाई एक व्यक्तिको रूपमा मात्र नलिई एक पवित्र संस्थाको रूपमा लिइन्छ, जुन संस्थाले आफ्नो असाधारण नीति, निपुणता, कौशल र शौर्यद्वारा प्रजाको पालन गर्दछ ।

**"रञ्जिताश्च प्रजाःसर्वातेन राजेतिशब्द्यते"**

(महाभारत, शान्तिपर्व)

मानव सभ्यताको आदिकालमा विभिन्न जाति वा सम्प्रदायले आफ्नो अस्तित्व रक्षाका लागि संगठित समूह बनाएर बसेको र एक निश्चित भू-खण्डमा रहने समुदायको सुरक्षा एवं सुप्रबन्धका लागि राजाको संस्थागत व्यवस्था गरेको मानव शास्त्रीहरूको मत छ । यसरी राजसंस्था मार्फत संसारमा शान्ति एवं सुव्यवस्था राख्ने प्रचलन चल्यो ।

वास्तवमा अराजकताले गर्दा अव्यवस्थित भएको लोकको रक्षा गर्न ईश्वरले राजाको सृष्टि गरेको हुँदा धर्मशास्त्रहरूमा राजा सदा प्रजानुरागी (प्रजाहरूमाथि स्नेह गर्ने) हुनुपर्ने कुरा निर्दिष्ट गरिएको छ । यसैले धार्मिक दृष्टिले पनि राजसंस्था अति पवित्र मानिन्छ र राजालाई मानव

रूपमा रहेका ठूला देवता मानिन्छ। शास्त्रहरूमा राजा र प्रजा बीच अत्यन्त सुमधुर सम्बन्ध रहनु पर्ने कुरामा जोड दिंदै प्रजाले राजालाई देवतुल्य मानेको उल्लेख पाइन्छ। राजा र प्रजाका सुमधुर सम्बन्धका आधारहरूलाई धर्मको संज्ञा दिइएको छ र सबैले यस धर्मलाई समुचित रूपमा पालना गरेमा नै राष्ट्रको सर्वोपरि कल्याण हुने कुरा बताइएको छ।

महाभारत शान्ति पर्वमा राजधर्मको विस्तृत रूपमा चर्चा गरिएको छ। विशेष गरेर न्याय परायणता, लोक रक्षणका लागि तत्परता, उचित दण्ड दिने क्षमता एवं मर्यादा पालन गर्नु राजाको मुख्य धर्म हो। भीष्म पितामहले राजधर्मलाई सबै किसिमका सबै अवस्थाका धर्महरू लीन हुन सक्ने, धेरै कल्याणकारी फल दिने महाधर्म बताउनु भएको छ।

भीष्म पितामहका अनुसार राजामा स्वार्थ त्याग, प्राणी मात्रमा दया, लोक जीवनको यथार्थ ज्ञान, प्रजापालन र आपद्मा परेकाहरूको उद्धार गर्न सक्ने गुणहरू हुनु पर्दछ । जस्तोः–

काम त्यागः सर्व भूतानुकम्पा
लोक ज्ञानं पालनं पोषणश्च
विषण्णानाँ मोक्षणं पीडितानाम्
क्षत्रेधर्मो विद्यते पार्थिवानाम् ॥

(महाभारत, शान्ति पर्व)

समस्त प्रजाको सुखका निमित्त आफ्नो व्यक्तिगत सुख सुविधालाई राजाले तिलाञ्जलि दिई जीवनलाई व्यवस्थित गर्ने धर्मको समुचित पालनमा प्राणीहरूको अस्तित्व रहेको हुन्छ भने धर्म स्वयं राजाको आश्रयमा सुरक्षित हुन्छ (धर्मे तिष्ठन्ति भूतानि धर्मो राजनि तिष्ठति) ।

### राज्याभिषेकको वैदिक विधि

शुभराज्याभिषेकको पवित्र अवसरले राजा र प्रजा बीचको स्नेहपूर्ण सम्बन्ध गौरवमय आर्य संस्कृतिको जनमानसमा ताजा गराउँदछ। यस्तो पुनीत क्षणमा भावपूर्ण वेद वाक्यहरूले राजालाई प्रजाप्रतिको कर्तव्यको

स्मरण गराउँदछन् भने जनतामा राजाप्रति अगाध भक्ति, श्रद्धा र समर्पणको भावना जागृत गर्दछन्। वेदअनुसार राष्ट्रका शासक वा प्रधानले राजपदको अधिकारी हुन गरिने तीन यज्ञहरूमध्ये राजसूय यज्ञ मुख्य मानिन्छ। राज्याभिषेकसम्बन्धी धार्मिक विधिहरू राजसूय यज्ञकै एक भाग हो। यस अनुसार शुभ वर्ष, मास र तिथि जुटाई राज्याभिषेकको दिन निर्धारित गरिन्छ। शुभ मुहुर्तमा पूर्वाङ्गादि कार्यहरू सम्पन्न गरिन्छन् र त्यसको भोलिपल्ट अग्नि स्थापना, हवन आदि कार्यपछि राजाको अभिषेकसम्बन्धी कार्य शुरू हुन्छ।

पुरोहितले मङ्गल सूचक वैदिक मन्त्रहरूद्वारा राजाको अभिषेक गर्दछन्। ऋग्वेद र अथर्ववेदमा उल्लिखित कतिपय मन्त्रहरूमध्ये अथर्ववेदको मूल अर्थ जनाउने केही मन्त्रहरूको भावार्थ यस प्रकार छ:

"हे राजन् तिमी हाम्रा स्वामी बन। पृथ्वीका सबै प्रजा तिमीलाई स्वामी मान्छन्, तिमी आजै सिंहासनमा आरूढ होऊ। तिमी पर्वत जस्तो दृढ र स्थिर भएर आफ्नो यो राज्यलाई सम्हाल।" . . . .

"हे राजन् वरूण, वृहस्पति, इन्द्र र देवताहरूले तिम्रा राज्यलाई स्थिर गरून्।"

"हे राजन्, तिमी यो राज्यमा स्थिर भएर शत्रुहरूको दमन गरिरहू। शत्रुभाव राख्नेहरू सबैको पराजय गर। सबै दिशा शत्रु रहित भई तिम्रा सबै काम कुरा अनुकूल हुन् . . . इत्यादि।"

पुरोहितले विधिपूर्वक मन्त्रहरू पढेर अभिषेक गरेपछि राज्यका जनसमूहको विभिन्न वर्गको प्रतिनिधित्व गर्ने विशिष्ट व्यक्तिहरूले राजाको अभिषेक गर्दछन्।

अभिषेकको क्रममा राजाले भूईंमा बिछ्याएको सिंहको छालामा खडा भएर वैदिक मन्त्रको पाठ गरेर आफ्नो अधिकारको उद्घोषणा गर्दछन्। जसको तात्पर्य राज्याभिषेकको सर्वसाधारणमा प्रचार गर्नु हुन आउँछ।

अभिषेक सम्पन्न भएपछि राजालाई रत्न मणि आदिले सजिसजाउ सिंहासनमा आरोहण गराइन्छ। त्यस अवसरमा पढिने मन्त्रहरूको तात्पर्य

राज्यका चारै वर्णबाट राजाको रक्षा हुन्छ र आफ्नो पदमा प्रजाद्वारा सुरक्षित भएर राजाबाट शासन सञ्चालन हुन्छ भन्ने हो ।

सिंहासनमा चढेका राजालाई यस्तो शुभ-सूचक मन्त्रले सम्बोधन गरिन्छ ।

इयंते राट... ... यत्तासि यमनो ध्रुवोऽसि वरुण:

कृष्यैत्वा, क्षेमायत्वा, रथ्यैत्वा, षोषायत्वा ।

यसको अर्थ हुन्छ, "तिमीलाई यो राष्ट्र सुम्पिइन्छ, तिमी सञ्चालक र नियामक हौ, तिमी अविचल र धारण गर्न उत्तरदायित्व वहन गर्ने हौ र तिमीलाई कृषिको लागि, क्षेप (कल्याण) को लागि, सम्पन्नताको लागि, पोषण या सम्पन्नताका लागि यो राज्य सुम्पिइन्छ ।" यी सबैको तात्पर्य राज्यको सर्वोपरि सुख सम्पन्नताका लागि राजामा जनताले सत्ता सुम्पेको हुन आउँछ ।

राज्याभिषेकपछि राजाद्वारा नगरको यात्रा गर्ने प्रचलनको पनि धर्मशास्त्रमा उल्लेख छ ।

**राज्याभिषेक समारोह र उत्सव**

श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक वस्तुत: सनातन परम्पराहरू र आधुनिकताको अनुपम सम्मिश्रण थियो । राज्याभिषेकको मूल धार्मिक विधि तथा सार्वजनिक समारोह फागुन १२ गतेका दिन सुसम्पन्न भएको थियो तर औपचारिक रूपमा समारोहसम्बन्धी कार्यक्रम फागुन ८ गते प्रारम्भ भई १५ गतेसम्म सप्ताहभर चलिरह्यो ।

शुभराज्याभिषेकसम्बन्धी धार्मिक सबै विधि विधान परम्परानुसार हनुमानढोकास्थित पुरानो दरबारको ऐतिहासिक नासलचोकमा सुसम्पन्न भएको थियो । यही दरवारको नासलचोकमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह पछिका सबै शाहवंशीय राजाहरूको राज्याभिषेक हुँदै आएको छ । फागुन ९ गते बिहान श्री ५ महाराजाधिराज तथा श्री ५ बडा-महारानी हनुमानढोका दरबार सवारी होइबक्सी मौसूफहरूबाट ऐन्द्री तथा

विनायक शान्तिको पूर्वाङ्गको पुण्याहवाचन एवं ब्राह्मणहरूको वरण गरिबक्स्यो। फागुन १० र ११ गतेका दिन पनि मौसूफहरूबाट बिहान ऐन्द्री विनायक शान्तिको पूजा र शुभराज्याभिषेकसम्बन्धी बाँकी पूर्वाङ्ग कार्यहरू सम्पन्न गरिबक्स्यो ।

फागुन ९ गतेदेखि नै राजधानीमा यस महान ऐतिहासिक अवसरमा भाग लिन आमन्त्रित ६० भन्दा बढी राष्ट्रका राष्ट्राध्यक्ष, सरकारका नेताहरू एवं राजनयिक प्रतिनिधिहरूको आगमन शुरू भयो। समारोहमा भाग लिन आएका विशिष्ट व्यक्तिहरूमा बेलायतका युवराजकुमार चार्ल्स, जापानका युवराजकुमार अकिहितो र युवराज्ञी मिचिको, अष्ट्रेलियाका गभर्नर जनरल सर जोनकर, पाकिस्तानका राष्ट्रपति फजल इलाही चौधरी, श्रीलङ्काका राष्ट्रपति विलियम गोपल्लवा, भारतका उप-राष्ट्रपति श्री गोपालस्वरूप पाठक र प्रधानमन्त्री इन्दिरा गान्धी, बङ्गलादेशका उप-राष्ट्रपति, बर्माका प्रधानमन्त्री, सोभियत रूस र गणतन्त्र चीनका उप-प्रधानमन्त्रीहरू, फिलिपिन्सका राष्ट्रपतिकी श्रीमती इमेल्डा मार्कोसको नाम उल्लेखनीय छ।

वास्तवमा नेपाली जनताका लागि विभिन्न राष्ट्रका गन्यमान्य राजप्रतिनिधिहरूसित चिनारी गर्ने र उनीहरूको दिल खोलेर आतिथ्य गर्ने यो अपूर्व रमाइलो अवसर थियो ।

फागुन १२ गते शुभराज्याभिषेकका दिन बिहानै ६ बजे श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीको सवारी बडो सजधज र राजकीय सम्मानका साथ नारायणहिटी राजदरबारबाट हनुमानढोका दरबारमा भयो । शाही सवारी हेर्न हजारौंको संख्यामा बाटाका छेउमा, कौसी, देवलहरूमा जन समूहको भीड लागेको थियो। राजधानीभन्दा बाहिर टाढा टाढादेखि आएका जनता जीवनमा एक पल्ट त्यो पनि भाग्यले मात्र देख्न पाइने समारोहलाई हेर्न बेलुकादेखि नै बाटामा लाम लागेर बसेका थिए। राष्ट्रिय साँस्कृतिक बाजा गाजाहरू, शाही सेना र प्रहरीका थरि थरिका वेण्डहरूको धून, श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी राज भएको बग्गीका अघि पछि रङ्गीचङ्गी पोशाक लगाएका घोडसवार, रिसल्लाहरू,

गन्यमान्य विदेशी अतिथिहरू, राजपरिवार, श्री ५ को सरकारका संवैधानिक अङ्गका प्रमुखहरू, मन्त्रीगण, जंगी तथा निजामती कर्मचारीहरू सहितको शाही यात्रा दुइ माइलभन्दा बढी लामो थियो ।

हनुमानढोका दरबारभित्रको नासलचोकमा विशेष रूपले सुसज्जित मण्डपमा शास्त्रोक्त विधिअनुसार श्री ५ महाराजाधिराज सरकारको शुभराज्याभिषेक सुसम्पन्न भयो ।

राज्याभिषेकको विधि प्रारम्भ हुनुभन्दा पहिले राजदम्पतिबाट दरबारको अन्तः पुरमा सवारी भई शास्त्रहरूद्वारा निर्दिष्ट गरिए अनुसार आत्म शुद्धीकरणको काम पूरा गरिबक्स्यो । यस क्रममा पर्वतको शिखर, तालको पींध, नदीको दोभान, गाई र हात्तीको तवेला, इन्द्रध्वज एवं रथको पाँग्रामुनिको माटोले लेपन गरेपछि मौसूफहरूमा चार वर्णका प्रतिनिधिहरूद्वारा अभिषेक गर्ने काम सम्पन्न भयो । ब्राह्मणले सुनको कलशबाट घ्यूले, क्षेत्रीयले चाँदीको ग्राग्रीबाट दूधले, वैश्यले तामाको वर्तनबाट दहीले र शुद्रले माटाको भाँडाबाट महले अभिषेक गरे । तदनन्तर, मौसूफहरूबाट पुरोहितहरूको वैदिक मन्त्रोच्चारण बीच आठ नदी र सात समुद्रबाट ल्याइएको पवित्र जलले स्नान गरिबक्स्यो ।

अभिषेकद्वारा शुद्धीकरण विधि पूरा भएपछि श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सुसज्जित यज्ञ मण्डपमा सवारी भयो । त्यसपछि शुभमुहूर्तमा मङ्गलसूचक वैदिक मन्त्रहरूको पाठ र वाद्यवादनका बीच श्री ५ महाराजाधिराजको सुवर्णपदमा शोभित माथमा रत्नादि मणिहरूले जडाउ, नेपालीहरूको गौरवको प्रतीक राजमुकुट श्रीपेच पहिरिबक्स्यो । यसका साथै श्री ५ अधिराजकुमारी कोमलबाट श्री ५ बडामहारानी सरकारको माथमा टायरा लगाइदिइबक्स्यो ।

श्रीपेच धारण गरिबक्सेपछि श्री ५ महाराजाधिराज सरकारबाट श्री ५ बडामहारानीका साथ राजसिंहासनमा राजहोइबक्सी उपस्थित विशिष्ट समूहलाई दर्शन भेट बक्स्यो । सर्वप्रथम जङ्गी पोशाकमा सुशोभित श्री ५ युवराजाधिराज दीपेन्द्रबाट मौसूफहरूको दर्शन गरिबक्सी अभिनन्दन चढाइबक्स्यो

विशिष्ट व्यक्तिहरूबाट अभिनन्दन चढाउने कार्य समाप्त भएपछि परम्परानुसार श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीबाट पैदलै सवारी होइबक्सी अशोक विनायक गणेशको पूजा गरिबक्स्यो ।

दिउँसो दुइ बजेतिर आकर्षक ढङ्गले सुसज्जित हात्तीमा सवार होइबक्सी श्री ५ महाराजाधिराज श्री ५ बडामहारानी ऐश्वर्यका साथ नागरिक अभिनन्दन ग्रहण गरिबक्सन र जनतालाई दर्शन बक्सन टुंडिखेलमा विशेष रूपले निर्मित दरबार मन्दिरमा सवारी भयो । शाही यात्रामा २३ वटा हात्तीको जुलूस समारोहको आकर्षण बिन्दु बनेको थियो ।

टुंडिखेलको दरबार मन्दिरमा करीब एकलाख जनताको समूहबाट भक्तिपूर्ण अभिवादन ग्रहण गरिबक्सँदै श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रलाई भावपूर्ण ओजस्वी सम्बोधन गरिबक्स्यो ।

मौसूफबाट शुभराज्याभिषेकको अवसरलाई "प्रजामात्रको हितको निम्ति नयाँ संकल्पको शुभघडीको" रूपमा लिइबक्सेको उद्गार व्यक्त गरिबक्सँदै मौसूफका प्रत्येक चाहना, प्रत्येक प्रयास र प्रत्येक क्रियाकलाप देश र देशवासीको निरन्तर हित र कल्याणद्वारा सदैव निर्देशित रहने कुरा हुकुम भयो ।

श्री ५ महाराजाधिराजबाट अत्यन्त भावपूर्ण शब्दमा राजा र प्रजा बीच रहिआएको सुमधुर सम्बन्धको प्रतीक राजमुकुटको उत्कृष्ट स्थान बारे हुकुम भयो– "राजा र प्रजाको निःस्वार्थ र संयुक्त प्रयासनै यस देशको राज सञ्चालनको विशेषता हो र भविष्यमा रहनेछ । नेपालीको रगत पसीनाले संरक्षित नेपालमा राजमुकुट पनि प्रवल रूपले नेपालीनै रहनेछ र सधैं नेपाली जनहितकै संरक्षण र संवर्द्धन गर्दै अगाडि बढ्नेछ ।"

यस अघि नेपाली जनताका तर्फबाट श्री ५ को सरकारका प्रधानमन्त्री श्री नगेन्द्रप्रसाद रिजालले अभिनन्दन–पत्र पढेर श्रद्धेय सम्राटका जुनाफमा चढाउनु भएको थियो । टुंडिखेलको दरबार मन्दिरबाट नारायणहिटी राजदरबारसम्म बेलुकीपख बग्गीमा भएको फिर्ती सवारी यात्राबाट उक्त दिनको ऐतिहासिक समारोह सम्पन्न भयो ।

शुभराज्याभिषेकको धार्मिक तथा सामाजिक महत्वका साथै विकास कार्यहरूमा प्राप्त प्रेरणा पनि कम उल्लेखनीय छैन। विकासप्रेमी राजाको राज्याभिषेकको शुभघडीलाई समस्त नेपाली जनताले आर्थिक विकास र सामाजिक सुधारमा प्रण गर्ने महान घडीको रूपमा मनाए।

अधिराज्यभर गाउँ, नगर तथा जिल्ला पञ्चायत सबै तहका जनजीवनका सबै वर्गको प्रतिनिधित्व गर्ने शुभराज्याभिषेक समारोह समितिहरू गठन गरिएका थिए। यिनै समितिहरूको रेखदेख र आयोजनामा राजधानी बाहिर अधिराज्यका कुना कुनाका गाउँका जनताले पनि समारोहमा उत्तिकै उल्लास र सक्रियताका साथ भाग लिए। व्यापक तथा संगठित रूपमा अधिराज्यभरका जनताले शुभराज्याभिषेकसम्बन्धी क्रियाकलापमा भाग लिएको शायद यो पहिलो अवसर थियो होला। हरेक ठाउँमा सभा, प्रवचन, गोष्ठी र साँस्कृतिक कार्यक्रमहरूको आयोजना गरी राजसंस्थाको महिमा गान राजमुकुटप्रति भक्तिपूर्ण शुभकामनाहरू प्रकट गरिन्थ्यो भने विकासका नयाँ र नौला कामहरूको शुभारम्भबाट राष्ट्रनायकको देशबाट रोग, शोक र गरीबी हटाउने हृदयस्पर्शी वाणी सर्वत्र प्रतिध्वनित हुन्थ्यो। जतातत‍ै सार्वजनिक भवनहरू, कुलो, पुल, बाँध र बाटो जस्ता निर्माण कार्यहरूको शुभारम्भ र सम्पन्न भएका कार्यहरूको उद्घाटन गर्ने अभूतपूर्व लहर आएको थियो र यी रचनात्मक कार्यहरूद्वारा राज्याभिषेकको विकासमूलक सन्देशलाई अधिराज्यभर फैलिएको प्रतीत हुन्थ्यो।

राजधानीमा फागुन ८ गतेका दिन महीना दिनसम्म चालू रहने राष्ट्रिय विकास प्रदर्शनीको प्रधानमन्त्रीले उद्घाटन गर्नु भएको थियो। प्रदर्शनीमा नेपालको कला र संस्कृतिका झलकहरू, हस्तकला र शिल्पकलाका उत्कृष्ट नमूनाहरू र आर्थिक विकासका विभिन्न क्षेत्रमा भएका उपलब्धिहरू देखाइएका थिए। नेपाल भ्रमणमा आउनु भएका विदेशी अतिथिहरूले पनि प्रदर्शनीको अवलोकन गर्नुभएको थियो।

यसका अतिरिक्त विदेशी अतिथिहरूद्वारा त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर क्याम्पसमा वृक्षारोपण, राष्ट्रिय रङ्गशालामा विशेष खेलकूद र मनोरञ्जनका कार्यक्रमहरू तथा साँस्कृतिक कार्यक्रमहरू राज्याभिषेक समारोहका अन्य अविस्मरणीय आकर्षणहरू थिए ।

## (क) निःशुल्क प्राथमिक शिक्षा

२०३१ साल फागुन १२ गते सुसम्पन्न भएको श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवको शुभराज्याभिषेक नेपाल अधिराज्यका राजा र प्रजा बीच सनातनदेखि रहिआएको सुमधुर सम्बन्धहरूलाई अझ सुदृढ तुल्याउने ऐतिहासिक घटना थियो। यस महान् उपलक्ष्यमा नेपाली जनताले बडो उल्लास र उमङ्गसाथ विभिन्न उत्सवहरूको आयोजना गरी राजसंस्था प्रति परम्परागत आस्था एवं भक्ति प्रकट गरे भने विकासप्रेमी श्री ५ महाराजाधिराजबाट समस्त देशवासीहरूलाई निःशुल्क प्राथमिक शिक्षाको रूपमा एक अविस्मरणीय उपहार बक्स्यो ।

शुभराज्याभिषेकको अवसरमा प्रजाका नाममा विशेष महत्वपूर्ण सम्वोधन बक्सँदै मौसूफबाट आर्थिक पछौटेपनका अतिरिक्त अज्ञानता र अशिक्षा नै विकासको मूल तगारो भएको कुरा उल्लेख गरिबक्स्यो। देश विकासमा शिक्षानै अति महत्वपूर्ण भएको कुराको चर्चा गरिबक्सँदै मौसूफबाट हुकुम भयो– "देश विकासको मूल आधार शिक्षानै भएकोले यस क्षेत्रमा के पुरुष, के महिला सबैले समान रूपले अवसर उपलब्ध गर्न सकुन् भन्ने उद्देश्यले हामीले हाम्रो सरकारलाई हाललाई देशभर निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था गर्न अह्राएका छौं ।"

मौसूफको यो घोषणा वस्तुतः देशभित्र र देशबाहिरबाट जगेर्ना गर्न सकेको सम्पूर्ण साधन नेपाली मात्रको सर्वाङ्गीण विकासको निम्ति उपयोग गर्ने राष्ट्रनायकको सदिच्छाको भावपूर्ण अभिव्यक्ति थियो ।

प्रजावत्सल श्री ५ वीरेन्द्रको यस महान सदिच्छाको अनुसरण गर्दै श्री ५ को सरकारले २०३२–०३३ को आर्थिक वर्षदेखि अधिराज्यभर निःशुल्क प्राथमिक शिक्षा प्रदान गरिने नीतिलाई कार्य रूप दियो। यसरी

नेपालमा १ देखि ३ कक्षासम्मको शिक्षा निःशुल्क गरिएको दुइ वर्ष पूरा हुन लागेको छ । नेपाललाई सभ्य मुलुकहरूको दाँजोमा यथाशक्य चाँडो पुऱ्याउन सदा चिन्तनशील रहिबक्सने प्रगतिशील राजाको असीम अनुकम्पाबाट आज अधिराज्यका सुविधा प्राप्त ठाउँका मात्र होइन, कुनाकाप्चा र दुर्गम क्षेत्रका असंख्य बालबालिकाहरू निःशुल्क शिक्षाबाट लाभान्वित भइरहेका छन् ।

प्राथमिक स्तरसम्म शिक्षाको व्यवस्था गर्न श्री ५ को सरकारले सालिन्दा रू. ६ करोड ४६ लाखको ठूलो धनराशि खर्च गर्दैछ । यसमध्ये निःशुल्क शिक्षा प्रदान गर्ने योजना कार्यान्वयन भएपछि सालिन्दा रू. १,१६, ८३,१०० को थप रकम सरकारले व्यहोर्नु परेको छ ।

निःशुल्क प्राथमिक शिक्षालाई अधिराज्यमा २०२८ सालदेखि लागू भइरहेको नयाँ शिक्षा योजनाको एक महान उपलब्धिको संज्ञा दिन सकिन्छ । केटाकेटीहरूलाई सित्तैमा पढ्ने व्यवस्थाको प्रत्यक्ष प्रभावको प्राथमिक पाठशालाहरूमा छात्र–छात्राहरूको संख्यामा हाल भएको अत्यधिक वृद्धिबाट सहजै अनुमान हुन्छ । चौथो योजनाको अन्तिम वर्षमा प्राथमिक कक्षाको औसत भर्ती संख्या पाठशाला जाने उमेरका केटाकेटीको कुल संख्याको ४३ प्रतिशत भएकोमा निःशुल्क शिक्षा घोषित गरिएपछि एक वर्षमै ६१.५ प्रतिशत पुग्यो । प्राप्त तथ्याङ्क अनुसार निःशुल्क शिक्षा योजना लागू हुनुभन्दा पहिलेको वर्षमा अधिराज्यका ७,३८७ पाठशालाहरूमा ४,०१,०३४ केटाकेटी पढ्ने गरेकोमा एक वर्ष पछि पाठशालाहरूको संख्या ८,६७७ र भर्ती संख्या ६,४७,२१७ पुगेको पाइन्छ । २०३३।३४ आर्थिक वर्षमा पाठशालाहरूमा भएको भर्ती संख्या गत वर्षको तुलनामा करीब ४१ प्रतिशतले बढी भएको अनुमान गरिन्छ । पहिलेका वर्षहरूमा प्राथमिक पाठशालाहरूमा भर्ती संख्याको वृद्धि दर सालाना औसत २० प्रतिशत थियो भने हाल त्यसको दुगुना ४१ प्रतिशत पुग्नु कम उत्साहवर्द्धक कुरा होइन । यी आँकडाहरूले निःशुल्क प्राथमिक शिक्षा लागू भएपछि छात्र–छात्राहरूको संख्याका साथै विद्यालयहरूको संख्यामा पनि निक्कै वृद्धि भएको कुरा स्पष्ट गर्दछन् ।

### पाठ्य पुस्तकहरूको निःशुल्क वितरण

आधुनिक भौतिक सुविधाहरूबाट वञ्चित र आर्थिक रूपमा ज्यादै पिछडिएका क्षेत्रका छात्र-छात्राहरूलाई शिक्षा शुल्क माफी हुनुका साथसाथै पाठ्य पुस्तकहरूको निःशुल्क वितरण यस योजनालाई सकारात्मक रूप दिने अर्को सराहनीय कदम हो। यो सुविधाबाट खास गरेर अधिराज्यका २५ वटा दुर्गम जिल्लाको प्राथमिक पाठशालाहरूमा पढ्ने छात्र छात्राहरूलाई ठूलो लाभ भएको छ। बाँकी ५० जिल्लाका प्राथमिक पाठशालामा पढ्ने १५ प्रतिशत छात्र–छात्राहरूलाई श्री ५ को सरकारले पाठ्य पुस्तकहरू निःशुल्क वितरण गर्दछ।

## (ख) शान्ति क्षेत्रको प्रस्ताव

"ॐ शान्तिः। ॐ द्यौः शान्ति रन्तरिक्ष शान्तिः पृथ्वी शान्ति रापः शान्ति रोषधयः शान्ति वर्नस्पतयः शान्तिर्विश्वेदेवाः शान्ति ब्रह्म शान्तिः सर्वह शान्ति शान्तिरेव शान्तिः सामाशान्ति रेधि।"

हरेक चाडपर्व र पुण्य तिथिहरूमा नेपालीहरूको घरघरमा ऋग्वेदका सूत्रहरूको पाठद्वारा स्वस्ति वाचन गरिन्छ। यस्को अर्थ समस्त पृथ्वी, आकाश, जलमा, औषधिमा, वनस्पतिमा, देशमा र घरमा सर्वत्र शान्ति होस् भन्ने हो। २५०० वर्ष अघि भगवान बुद्धले हिंसा र दुःखका बिरूद्ध यिनै शान्तिका मानवीय सन्देशहरू नेपाल भूमिबाट विश्वभर फैलाएका थिए। नेपालीहरूको यो संस्कारजन्य भावना आजको वैज्ञानिक युगमा शान्ति क्षेत्रको रूपमा मानव मात्रको मुख्य आकांक्षा एवं चिन्तनमा परिणत भएकोमा आश्चर्य मान्ने कुरा छैन। दोस्रो महायुद्धमा भएको धन, जनको ठूलो बर्बादी पछि भावी विनाशकारी युद्धहरूबाट मानव सभ्यतालाई जोगाउने हिंसा द्वेषको सट्टा प्रेम र सद्भावना बढाउने उद्देश्यले संयुक्त राष्ट्रसंघको स्थापना भएको हो। राष्ट्रसंघको स्थापनामा स्थायी शान्तिको प्राप्ति नै मुख्य उत्प्रेरक तत्व बनेको छ।

तर राष्ट्रसंघ गठन भएको ३२ वर्ष पछि पनि मानवसमुदायमा युद्ध र विनाशको त्रास खतम हुन सकेको छैन । अतिघातक शस्त्रास्त्रहरूको निर्माणमा चलेको होड समाप्त भएको छैन, बरू बढेकै छ। औद्योगिक राष्ट्रहरूद्वारा विकासोन्मुख राष्ट्रका आर्थिक स्रोतहरूको शोषणले आर्थिक विषमतालाई तीव्र पारेको छ तथा शक्तिशाली राष्ट्रहरूले सामयिक शक्तिको बलमा साना राष्ट्रहरूमाथि आफ्नो प्रभाव विस्तार गर्ने आकांक्षालाई तिलान्जलि दिन सकेका छैनन्। सामयिक शक्तिको प्रतिस्पर्धाबाट भएको तथाकथित शक्ति सन्तुलनले शान्ति कायम राख्न सघाउ पुर्याउँछ भन्ने तर्क फितलो छ, यस्तो धारणाले केवल तानातानी, त्रास र अरू होडबाजी बनाउने नौलो र बढी प्रभावकारी उपायहरूको खोजी र तिनको प्रयोग आजको विश्वमा महत्वपूर्ण प्रश्न भएको छ। हरेक प्रमुख अन्तर्राष्ट्रिय सम्मेलनहरूमा यो प्रश्न छलफलको केन्द्र बिन्दु बन्दछ, सकारात्मक प्रस्तावहरूमा बढी से बढी राष्ट्रहरूको जनमत तयार हुन्छ । यस बाहेक विभिन्न मुलुकहरू आ–आफ्नो क्षेत्र र स्थिति अनुरूप शान्तिका सम्भावनाहरूलाई बढी सुदृढ, व्यावहारिक र यथार्थवादी रूप दिन प्रयत्नशील छन्।

संयुक्त राष्ट्रसंघका आदर्शहरूको दृढतापूर्वक अनुसरण गर्दै नेपालले विश्वमा शान्ति कायम राख्ने, तानातानी घटाउने, शास्त्रास्त्रको होडलाई सीमित गर्ने र मनमुटावको सट्टा सहयोग एवं सद्भावना बढाउने हर प्रयासहरूमा सक्रिय योगदान दिंदै आएको छ। दुइ ठूला राष्ट्रहरू बीच रहेको भूपरिवेस्टित सानो मुलुक नेपालको सार्वभौमिकता, स्थायित्व र विकासका लागि शान्तिको ठूलो महत्व छ। नेपालले अपनाएको असंलग्न परराष्ट्र नीतिको मूल योग शान्ति नै हो ।

**ऐतिहासिक प्रस्ताव**

यसैले राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट आजको जटिल विश्व राजनैतिक परिस्थितिमा शान्तिको धारणाको नयाँ व्याख्या गरिबक्सँदै त्यसलाई

"शान्ति क्षेत्र" को प्रस्तावको रूपमा विश्वसमक्ष प्रस्तुत गरिबक्सेको छ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवको शुभ–राज्याभिषेकको ऐतिहासिक अवसरमा एकत्रित विदेशी राजनयिक प्रतिनिधिहरू र विशिष्ट अतिथिहरूको सम्मानमा आयोजित विदाइ समारोहमा बक्सेको संबोधन भाषणमा मौसूफबाट नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव औपचारिक रूपमा राखिबक्स्यो।

त्यस अवसरमा शान्ति क्षेत्रको औचित्य माथि प्रकाश पारिबक्सँदै मौसूफबाट हुकुम भयो–"हाम्रो जनता आफ्नो मुलुकमा, छर–छिमेकमा र विश्वमा जताततै हृदयैदेखि शान्ति चाहने भएकोले हामीले शान्तिलाई सर्वोपरि स्थान दिएका छौं। त्यसैले शान्तिलाई संस्थागत गर्ने त्यही उत्कट अभिलाषाले प्रेरित भएरै म मेरो मुलुक नेपाललाई "शान्ति क्षेत्र" घोषित गरियोस् भन्ने प्रस्ताव राख्दैछु।"

वस्तुतः नेपाल अधिराज्यको भू-भागलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त शान्ति क्षेत्र बनाउने प्रस्ताव कुनै तेस्रो मुलुकको हितका विरूद्ध लक्षित छैन न त यस्ले अरू मुलुक बीच भएको तानातानीको पूर्ण स्थितिबाट लाभ उठाउने अभिप्राय राख्दछ। वास्तवमा श्री ५ वीरेन्द्रबाट हुकुम भए जस्तै यसरी संस्थागत रूपमा शान्ति कायम भएमा हामीले अरू कुनै मुलुकलाई कुनै पनि अवस्थामा बाधा नपर्ने गरी नेपालमा राजनैतिक स्थिरता र आर्थिक सुदृढता ल्याउन सघाउपुग्ने कुरा स्वतः स्पष्ट हुन जान्छ।

यहाँ यो कुरा विचारणीय छ कि नेपालको शान्ति क्षेत्रको प्रस्ताव नेपालमाथि कुनै मुलुकबाट खतरा हुने आशंकाबाट वा कुनै क्षेत्रबाट धम्किएर ल्याइएको होइन। नेपालको आफ्नो सीमा जोडिएका दुवै महान् देश चीन र भारतसंग अति मित्रतापूर्ण सम्बन्ध रहेको छ। केही समय अघिसम्म चीन र भारत बीच गम्भीर मन मुटाव हुँदा पनि नेपालको यी दुइ देशसितको मित्रतामा कुनै आँच आएन भने अब तिनीहरू बीच सम्बन्ध सामान्य हुँदै गएको सन्दर्भमा त्यस किसिमको आशंका यदि कतैबाट गरिन्छ भने सो

निरर्थक नै देखिन्छ। करीब एक दशकसम्म भारत र चीन बीचको सम्बन्धमा कटुता रहँदा पनि नेपालले आफ्नो इलाका कहिल्यै एक अर्का राष्ट्रका विरूद्ध प्रयुक्त हुन दिएन न त एक अर्काप्रति घृणा वा द्वेष फैलाउने कार्यवाहीहरूलाई नै प्रश्रय दियो। निश्चय पनि नेपाललाई शान्ति क्षेत्रको रूपमा घोषित गरिएमा असंलग्नता र शान्तिका यी आधारहरू अझ दीगो बन्ने छन्। यसको तात्पर्य यसबाट नेपालको भू-भाग कहिल्यै पनि अर्को मित्र राष्ट्रका हित विरूद्ध प्रयुक्त हुन नदिने नैतिक बाध्यताको सिर्जना हुन्छ यस्तै अरू मुलुकको भू–भाग नेपालको विरूद्ध प्रयुक्त हुन सक्ने आशंकाहरूको पनि सदाका लागि निराकरण हुन जानेछ। यसको मतलब यी आशंकाहरू अझै विद्यमान छन् र नेपालले त्यसबाट भयभीत भएर यो प्रस्ताव ल्याएको हो भन्ने चाहिं होइन। तर एक स्वीकृत सिद्धान्त भित्र आबद्ध नहुँदा यी आशंकाहरूको निराकरण भएको हुँदैन। श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भए जस्तै "समझदारीको ठाउँ भ्रमले र मेल मिलापको ठाउँ आपसमा लडाइँ झगडाले लिने गरेको वर्तमान समयको हावाले" कुनै पनि समयमा हाम्रो स्वतन्त्रता र स्वाधीनतामा आँच ल्याउन सक्ने जगजगी भने रहिरहन्छ। नेपालीहरू सदा स्वाधीन मुलुकका बासिन्दा भएको र शान्ति प्रेमी भएकाले संस्थागत शान्तिको व्यवस्था भएमा नेपालीहरू सुरक्षाको दृष्टिले ढुक्क भई आफ्नो आर्थिक विकासमा बढी तल्लीन हुने स्थितिलाई अस्वीकार गर्न सकिन्न।

**प्रस्ताव असंलग्नताको पूरक**

वास्तवमा शान्ति क्षेत्रको प्रस्तावले असंलग्नताको नीतिलाई बढी व्यावहारिक रूपमा प्रस्तुत गर्दछ। सैनिक गुटबन्दीको विरोध, एक राष्ट्रको भू–भाग अर्काको विरूद्ध प्रयुक्त हुन नदिने र अर्को राष्ट्रको सार्वभौमिकताको कदर जस्ता असंलग्नताका आदर्शहरू यस्तो प्रस्तावमा सही रूपमा प्रतिबिम्बित हुन्छन्।

यसरी नेपाललाई शान्ति क्षेत्र घोषित गर्ने प्रस्तावको असंलग्न आन्दोलन-

सित गहीरो तादात्म्य देखिन्छ र यो हतारमा एकाएक प्रस्तुत गरिएको कुरा होइन ।

वास्तवमा यस प्रस्ताव पछाडि नेपालले वर्षौंदेखि विभिन्न अन्तर्राष्ट्रिय बैठकहरूमा विश्वशान्तिका लागि अनवरत रूपमा गरेका प्रयासहरूको उज्ज्वल पृष्ठभूमि छ ।

### विश्वशान्तिमा योगदान

सन् १९७३ मा अल्जियर्समा भएको असंलग्न राष्ट्रहरूको चौथो शिखर सम्मेलनमा श्री ५ महाराजाधिराज सरकारबाट शान्ति क्षेत्रको धारणा र त्यसबाट विश्वशान्तिमा हुन सक्ने योगदानहरूको स्पष्ट रूपमा व्याख्या गरिबक्सेको थियो । असंलग्न आन्दोलनले गरेको सैनिक शक्तिको होडबाजी र गुटबन्दीको विरोध नै शान्ति क्षेत्रहरूको धारणालाई जन्म दिने उत्प्रेरक तत्व हो भन्ने कुराको मौसूफबाट सम्मेलनमा व्यक्त उद्गारहरूबाट आभास मिल्दछ । यस सन्दर्भमा अल्जियर्स सम्मेलनमा नेपालले ठूला शक्ति राष्ट्रहरूको सामरिक होडबाजीबाट मुक्त राख्न संयुक्त राष्ट्रसंघको २६ औं महाधिवेशनले हिन्द महासागर क्षेत्रलाई "शान्ति क्षेत्र" घोषित गरेको प्रस्तावको दिलैदेखि स्वागत गरेको कुरा मनन योग्य हुन आउँछ । यसबाट नेपालले आफ्नो सीमा जोडिएको इलाकामा मात्र होइन, विश्वका जुनसुकै भागमा भए पनि यस्ता विश्वशान्ति बढाउन सहायक प्रस्तावहरूको सदा जोडदार समर्थन गर्दछ भन्ने कुरा छर्लङ्ग हुन्छ । नेपालको यो दृष्टिकोणलाई श्री ५ वीरेन्द्रबाट यसरी व्याख्या गरिबक्सेको थियो– "हाम्रो विचारमा एक इलाकामा स्थापना गरिएको शान्ति क्षेत्रलाई संसारको अरू भागमा विस्तार गर्दै लगिएमा असंलग्नताका सिद्धान्तहरूको पुनः सुदृढीकरण गरिएको ठहरिने छ ।"

त्यस अवसरमा उत्तिकै जोडदार शब्दमा मौसूफबाट "संसारका हरेक राष्ट्रबाट मान्यता दिइएका र स्पष्ट रूपले सीमाङ्कन गरिएका शान्ति क्षेत्रको अभावमा स-साना र कम जनसंख्या भएका देशहरूलाई असुरक्षित

रहेको भावना लिन कर लाग्ने" स्थिति बारे पनि सम्मेलनमा भागलिने सबै असंलग्न राष्ट्रहरूलाई सचेत गराइबक्सेको थियो । मौसूफका यी महान् उक्तिहरूले विश्वमा राजनैतिक अस्थिरता र त्रासको वातावरण अझै व्याप्त भएको संकेत गर्दछन् । औद्योगिक र सामरिक दृष्टिले शक्तिशाली राष्ट्रहरूद्वारा कमजोर राष्ट्रहरूमाथि आफ्नो प्रभाव विस्तार गर्ने प्रवृत्ति-बाट नै यस्तो स्थितिको सिर्जना हुन्छ । यसबाट स-साना र कम जनसंख्या भएका राष्ट्रहरूमा असुरक्षाको भावना रहिरहन्छ र त्यस्तो स्थितिको पूर्णतया निराकरण तब मात्र हुन्छ जब त्यस्ता राष्ट्रहरूको सीमा स्पष्ट रूपमा निर्धारित गरिएको हुन्छ र तिनलाई अन्तर्राष्ट्रिय रूपमा मान्यता मिल्दछ ।

### व्यापक अन्तर्राष्ट्रिय समर्थन

आफ्नो वैदेशिक नीतिलाई संस्थागत रूपमा शान्तिसित आबद्ध राख्दै छर–छिमेकमा अक्षुण्ण मैत्री र सद्भाव कायम राख्ने नेपालको यस आकां-क्षाको व्यापक अन्तर्राष्ट्रिय समर्थन भएको छ । श्री ५ महाराजाधिराज सरकारबाट राखिबक्सेको शान्ति क्षेत्रको समर्थन गर्ने मित्र राष्ट्रहरूमा पहिलो सोभियत संघ थियो । छिमेकी महान् राष्ट्र चीनले यस प्रस्तावको खुला रूपमा समर्थन गरेको छ । यस्तै जापान, पाकिस्तान, युगोस्लाभिया, गणतन्त्र कोरिया लगायत अन्य धेरै युरोपेली, अफ्रिकी र एशियाली राष्ट्र-हरूले यस प्रस्तावलाई विश्वशान्ति दरिलो बनाउने प्रयासमा सकारात्मक कदमको रूपमा स्वागत गरेका छन् ।

जहाँसम्म मित्र राष्ट्र भारतको समर्थनको प्रश्न छ, २०३२ सालको चैत्र महीनामा नेपालका तत्कालीन प्रधानमन्त्री डा.तुलसी गिरीको भारतको औपचारिक यात्राको अवसरमा भारतले नेपालको शान्ति क्षेत्रको प्रस्तावको अध्ययन गरिरहेको कुराको प्रतिक्रिया प्राप्त भएको हो । शान्ति क्षेत्र जस्तो व्यापक राजनैतिक महत्वको प्रश्नलाई भारतले समर्थन नगरेसम्म सार्थक हुन नसक्ने कुरामा दुइमत नहोला । यस प्रस्तावको सार्थकताका लागि

सीमा जोडिएका भारत र चीन दुवैको सहमति प्राप्त हुनु नितान्त आवश्यक छ। सम्बन्धित राष्ट्रहरूको सहमति भएपछि मात्र यस्तो प्रस्तावलाई संयुक्त राष्ट्रसंघबाट औपचारिक मान्यता प्राप्त भएमा प्रस्ताव बढी सार्थक हुनेछ भन्ने कुरालाई नेपालले राम्ररी बुझेको छ। यसैले नेपालले उपयुक्त अवसर नआएसम्म यो प्रस्तावलाई विश्व संस्था समक्ष प्रस्तुत गर्नमा नै हतार देखाएको छैन।

नेपालले आफ्नो शान्ति क्षेत्रको प्रस्तावलाई कसैले चाँडोभन्दा चाँडो मान्नै पर्दछ भन्ने आतुरता पनि प्रदर्शित गरेको छैन। समय आएपछि स्वतः यस्को औचित्य स्पष्ट भई यस प्रस्तावले मान्यता पाउने कुरा शंका रहित छ। १५ वर्ष अघि असंलग्नताका सिद्धान्तहरूलाई विश्वमा उत्तिकै अविश्वासका दृष्टिले हेरिन्थ्यो। आज यिनै सिद्धान्तहरूलाई विश्वशान्तिका लागि र राष्ट्र बीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने आदर्शको रूपमा अधिकांश मुलुकहरूले अपनाएका छन्। यस्तै शान्ति क्षेत्रको प्रस्ताव चर्चामा आउन लागेको पनि करीब ५ वर्षदेखि मात्र हो, धेरै भएको छैन। तर आज संसारका विभिन्न भागलाई शान्ति क्षेत्र बनाउने प्रस्तावहरू हरेक अन्तर्राष्ट्रिय सम्मेलनमा बढी चर्चित प्रश्न भएका छन्। सन् १९७१ मा नै संयुक्त राष्ट्रसंघको साधारण सभाले हिन्द महासागर क्षेत्रलाई शान्ति क्षेत्र घोषित गर्ने प्रस्ताव पारित गरेको थियो। गत वर्ष मात्र ५ राष्ट्रहरूको दक्षिण पूर्वी एशियाली राष्ट्रहरूको संगठनले दक्षिण पूर्वी एशियाली क्षेत्रलाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखेको थियो। यी घटनाहरूबाट अल्जियर्स सम्मेलनमा श्री ५ महाराजाधिराज वीरेन्द्रबाट स्पष्ट रूपमा "एक क्षेत्रमा स्थापित गरिएको शान्ति क्षेत्रलाई संसारको अरू भागमा विस्तार गर्दै लगिएमा असंलग्नताका सिद्धान्तहरूको सुदृढीकरण" भएको मानिने दृढ विश्वासलाई अरू राष्ट्रहरूले पनि महसूस गरेको कुराको राम्रो पुष्टि हुन्छ।

## कोलम्बो सम्मेलन र शान्ति क्षेत्र

सन् १९७६ को अगष्त महीनामा कोलम्बोमा भएको असंलग्न राष्ट्र-

हरूको पाँचौं शिखर सम्मेलनका महत्वपूर्ण राजनैतिक प्रश्नहरूमा शान्ति क्षेत्र प्रमुख चर्चाको विषय बनेको थियो। शान्ति क्षेत्रको प्रस्ताव कुनै राष्ट्रका तर्फबाट निर्णयका लागि सम्मेलन समक्ष प्रस्तुत नगरिए तापनि प्रायः धेरै जसो राष्ट्राध्यक्षहरूको संबोधन भाषणमा त्यस्को औचित्य बारे राम्रो उल्लेख थियो। श्रीलङ्काका तत्कालीन प्रधानमन्त्री श्रीमती बण्डरानायकेले "हरेक असंलग्न राष्ट्र एक शान्ति क्षेत्र हुन्छ" भन्नु भएर शान्तिको धारणालाई संस्थागत रूप दिंदा हुने लाभहरूको नैतिक समर्थन गर्नुभएको छ।

सम्मेलनमा नेपालको नेतृत्व गरिबक्सँदै श्री ५ महाराजाधिराज सरकारबाट नेपालको शान्ति क्षेत्रको प्रस्ताव "राष्ट्रसंघ तथा असंलग्नताको सिद्धान्तमाथि रहेको हाम्रो आस्थालाई सत्व प्रदान गर्नलाई" ल्याइएको कुरा स्पष्ट गरिबक्सेको थियो। यस्तो प्रस्तावको कार्यान्वयनबाट वैरभाव र अरूको झै-झगडालाई ढोका बन्द हुने तथा निश्चित वातावरणमा नेपालको आर्थिक विकासका लागि उपयुक्त वातावरणको सिर्जना हुन सक्ने तथ्य-माथि पनि मौसूफबाट प्रकाश पारिबक्स्यो। यसरी ८५ राष्ट्राध्यक्षहरूद्वारा भाग लिएको अति महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्मेलनमा श्री ५ वीरेन्द्रबाट नेपालको शान्ति क्षेत्रसम्बन्धी धारणालाई पुनः सवल रूपमा अभिव्यक्त गरिबक्सेर यस धारणाप्रति विश्वव्यापी नैतिक समर्थनका लागि उपयुक्त आधार तयार भएको छ।

**निष्कर्ष**

आज विश्वका विभिन्न भागमा के ठूला, के साना, सबै राष्ट्रले शान्तिलाई स्थायित्व दिन नयाँ नयाँ उपायहरू प्रस्तुत गर्दैछन्। सन् १९७३ मा हेल-सिन्किमा सम्पन्न भएको यूरोपेली राष्ट्रहरूको ऐतिहासिक सम्मेलनले शक्ति गूटमा विभक्त समस्त यूरोपकै सामूहिक सुरक्षा हुन सक्ने संस्थागत उपायहरू बारे विचार विमर्श गरेको थियो। सोभियत रूसले झण्डै ५ वर्ष अघि एशियामा अनाक्रमण र सामूहिक सुरक्षाको संस्थागत व्यवस्थाको प्रस्ताव राखेको थियो भने भारतले सदा सामरिक होडबाजीहरूबाट मुक्त

शान्ति इलाकाहरू स्थापना गर्ने कुरामा जोड दिंदै आएको छ । यसरी शान्ति क्षेत्रको धारणाले आजको युगमा एक सवल नैतिक अभियानको रूप लिंदैछ र यस्को सैद्धान्तिक औचित्य बारे बढीभन्दा बढी राष्ट्रहरू सहमत हुँदैछन् । जति जति युद्ध र मन मुटावहरूका कुपरिणामहरू बढ्दै जान्छन् उति यस सिद्धान्तप्रति विश्वको आकर्षण बढ्दै जाने कुरा निर्विवाद छ ।

यूरोपमा धेरै पहिले नै अन्तर्राष्ट्रिय समझौताद्वारा स्वीट्जरल्याण्ड र अष्ट्रिया जस्ता केही राष्ट्रलाई शान्ति र तटस्थताको क्षेत्र घोषित गर्न सम्भव भएको हो । त्यस्को परिणामहरू सकारात्मक नै देखिन्छन् । नेपालको शान्ति क्षेत्रको प्रस्तावले स्वीट्जरल्याण्डको जस्तो तटस्थताको परिकल्पना गर्दैन किन कि दुवैका आधारहरूमा धेरै अन्तर छ । तर पनि ठूला शक्ति राष्ट्रहरूका बीच रहेको इलाकालाई शान्ति क्षेत्र बनाउन त्यस भू-भागमा स्थायी शान्तिका सम्भावनाहरू दिगो हुने तथ्यलाई उपेक्षा गर्न सकिन्न । शान्ति क्षेत्र बनाउँदा कमसेकम त्यस क्षेत्रमा सुरक्षा प्रवन्धमा हुन जाने ठूलो सैनिक खर्च र होडबाजीको आवश्यकता हुने छैन भने सम्बन्धित राष्ट्रहरू बीच स्थायी रूपमा शान्ति, आर्थिक सहयोग र बन्धुत्वका भावनाहरू फस्टाउने छन्, जुन कुराको प्राप्तिमा राष्ट्रसंघले सदा अनवरत प्रयास पनि गर्दै आएको छ ।

# संविधानको दोस्रो संशोधन

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपाल र नेपाली जनताको भलाइका लागि उठाइबक्सेका कतिपय कदमहरूमध्ये २०३२ साल मंसीर २६ गते गरिबक्सेको संविधानको दोस्रो संशोधन एक विशेष महत्वको घटना हो। पहिलो संशोधनको झण्डै १० वर्ष पछि संशोधित यस संविधानले निर्दलीय पञ्चायती व्यवस्थामा दलगत संसदीय प्रणालीको प्रभावबाट यदाकदा उठ्न जाने राजनैतिक अन्तर्द्वन्द्व र वैचारिक द्विविधाहरूको पूर्णरूपमा निराकरण गरेको छ र व्यवस्थाका मौलिकताहरूको व्यावहारिक रूपमा परिष्कार गरेको छ।

देशको राजनैतिक शक्तिलाई अनेकता र गूटजन्य प्रवृत्तिबाट राष्ट्रको सर्वाङ्गीण विकासतर्फ एकीकृत गराउनमा विगत केही वर्षदेखि भएका प्रयासहरूलाई संशोधित संविधानले पूरा गरेको छ।

श्री ५ महाराजाधिराजबाट संविधान संशोधन बारे बक्सेको शाही घोषणामा "विकासको निम्ति राजनीति" समस्त देशवासीको लक्ष्य हुनु पर्ने र यही नै पञ्चायत व्यवस्थामा सुधार एवं सुदृढीकरणको पहिलो पाइलो हुन सक्ने कुरा हुकुम भएको थियो। मौसूफबाट संशोधनहरू गर्नु पर्ने उद्देश्यहरूबारे अझ स्पष्ट गरिबक्सँदै हुकुम भयो "पञ्चहरू निष्क्रियताबाट सक्रिय होउन्, उच्छृङ्खलताबाट अनुशासित र मर्यादित बनुन्, नैतिक र चरित्रवान्

हुनुको साथै शक्तिभन्दा सेवाको भावनाले प्रेरित होउन् भन्ने धारणाले यी संशोधनहरू लागू गरिएका छन् ।"

श्री ५ महाराजाधिराज सरकारबाट २०३१ साल पौष १ गते संविधान दिवसको दिन बक्सेको शाही घोषणामा नेपाली जन आकांक्षा अनुरूप राष्ट्र-लाई विकास पथतिर अग्रसर गराउन संविधानमा के कस्ता समयानुकूल सुधारहरू गर्नु पर्दछ सो को छानवीन गरी सुझाव पेश गर्न एक संविधान सुधार सुझाव आयोगको गठन गरिबक्सने कुरा हुकुम भएको थियो। शाही सदिच्छा अनुरूप गठन भएको संविधान सुधार सुझाव आयोगले अधिराज्यका विभिन्न भागको अध्ययन भ्रमण गरी मुलुकका वरिष्ठ राजनीतिज्ञ, विभिन्न तहका पञ्च र बुद्धिजीविहरूसंग समेत व्यापक छलफल गरी प्रस्तुत गरेका सुझावहरूका आधारमा गरिएको संशोधनहरूबाट संविधानमा जन आकांक्षा राम्ररी प्रतिध्वनित भएको स्पष्ट हुन्छ। संविधान संशोधनको घोषणाका साथ साथै नयाँ सुधारहरूलाई ऐनमा परिणत गरी व्यवस्थित गर्न ९ वटा अध्यादेशहरू जारी गरिए। संविधान र त्यस अन्तरगत व्यवस्थित गरिएका ऐनहरू, संशोधित संविधानको मुख्य विशेषताहरू यसप्रकार छन्।

**गाउँफर्क राष्ट्रिय अभियानको संवैधानिक व्यवस्था**

संशोधित संविधानमा गाउँफर्क राष्ट्रिय अभियानलाई पञ्चायत व्यवस्थाका सैद्धान्तिक पक्षको समुचित व्याख्या समेत गर्ने एक अधिकार सम्पन्न संवैधानिक निकायको रूप दिइएको छ। संविधानको भाग १० (ख) धारा ६७ (ख) अनुसार गाउँफर्कको केन्द्रीय समितिको श्री ५ बाट गठन गरिबक्सने र त्यसअन्तर्गत अञ्चल र जिल्ला स्तरमा पनि समिति-हरू गठन गरिने व्यवस्था छ। निर्दलीय पञ्चायती व्यवस्थामा गाउँफर्कले एक सवल सचेतकको भूमिका लिएको छ। गाउँफर्कले पञ्चहरूलाई सक्रिय गराउन राजनैतिक कार्यक्रमको तर्जुमा गर्नुका अतिरिक्त पञ्चहरूको प्रशिक्षण, पञ्च भेलाहरूको आयोजना तथा विभिन्न निकायहरू बीच राजनीतिक सञ्चार गराउने काम पनि गर्दछ।

## वर्गीय संगठनहरू

संशोधित संविधानमा साविक पाँच वटा वर्गीय र व्यावसायिक संगठनहरूमा हेरफेर गरी नेपाल प्रौढ संगठन समेत ६ वटा वर्गीय संगठनहरूको व्यवस्था गरिएको छ। संविधान लागू हुनासाथ भएको कानूनी संशोधन अनुसार वर्गीय संगठनका केन्द्रीय र अञ्चल तहहरू खारेज भई प्रारम्भिक कार्यसमिति र जिल्ला कार्यसमितिहरू मात्र कायम गरिएका छन्। केन्द्रीय तहमा सबै संगठनहरूका बीच कार्य समन्वय गर्न र त्यस्तै संगठनहरूसंग अन्तर्राष्ट्रिय सम्पर्क राख्नका लागि गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले २४ जनाको एक वर्गीय संगठन केन्द्रीय सल्लाहकार समितिको गठन गर्दछ। समितिको अध्यक्ष पदमा गाउँफर्क केन्द्रीय समितिका एक जना सदस्य रहने व्यवस्था छ।

नयाँ व्यवस्था अनुसार वर्गीय संगठनहरू र पञ्चायत निकायहरूको क्रिया-कलापमा देखा पर्ने अस्पष्टताहरू हट्न गई वर्गीय संगठनहरू सही अर्थमा पञ्चायतहरूका परिपूरक बनेका छन्। यस्का अतिरिक्त पञ्चायतहरूमा निर्वाचित हुनका लागि कुनै एक वर्गीय संगठनको सक्रिय सदस्य हुनु पर्ने अनिवार्यताले पञ्चहरूलाई वर्गीय संगठनहरूका क्रियाकलापहरूप्रति सदा सजग गराउँदछ। वर्गीय संगठनहरू विभिन्न वर्गको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्र निर्माणको काममा लगाउन र स्थानीय पञ्चायतहरूलाई जनपरिचालनमा सघाउ पुऱ्याउने व्यवस्थाका महत्वपूर्ण अङ्ग बनेका छन्।

## राष्ट्रिय पञ्चायत

संविधानको संशोधनपछि पञ्चायती व्यवस्थाको एक सदनात्मक सर्वोच्च व्यवस्थापिका राष्ट्रिय पञ्चायतको सदस्यसंख्या साविक १२५ बाट बढाई १३५ पुऱ्याइएको छ। यसमा पञ्चायत क्षेत्रबाट निर्वाचित ११२ जना र उक्त संख्याको २०% (२३ जना) श्री ५ महाराजाधिराजबाट मनोनीत गरिन्छन्। एक दशक यता भएको जनसंख्या बृद्धिलाई दृष्टिगत गर्दा

प्रतिनिधित्वमा भएको वृद्धि न्यायोचित देखिन्छ।

राष्ट्रिय पञ्चायतको अध्यक्ष एवं उपाध्यक्ष पदहरूमा नियुक्त हुन उम्मेदवार हुने सदस्यले कुल सदस्यसंख्याको दुइ तिहाई बहुमतले सिफारिश प्राप्त गर्नसक्नु पर्दछ। सो हुन नसकेमा श्री ५ बाट गाउँफर्क केन्द्रीय समितिको सिफारिशमा राष्ट्रिय पञ्चायतका अध्यक्ष एवं उपाध्यक्षको नियुक्ति गरिबक्सने व्यवस्था गरिएको छ।

साथै राष्ट्रिय पञ्चायतका निर्वाचित एवं मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुने, राष्ट्रिय पञ्चायतको अधिवेशन सामान्यतया वर्षको एक पटक हुने र बैठकहरू राष्ट्रिय पञ्चायत नियमावलीको अधीनमा रही सामान्यतया खुलारूपमा हुने जस्ता महत्वपूर्ण सुधारहरू भएका छन्।

यस्का अतिरिक्त सदनहरूमा कुनै पनि विधेयक पहिले राष्ट्रिय पञ्चायतको सम्बन्धित समितिमा पेश गरी विस्तृत छलफल भएपछि मात्र अन्तिम निर्णयका लागि सदनमा पेश गर्ने व्यवस्था छ। यसबाट सदनको काम कारवाई छिटो र छरितो बनाउनमा निकै सघाउ पुगेको छ।

## गाउँ, नगर र जिल्ला पञ्चायतहरूको संगठनात्मक स्वरूप

गाउँ र नगरको प्रारम्भिक तहदेखि नै पञ्चायतहरूमा बढी जनसहभागिता हुन सकोस् भन्ने हेतुले संशोधित संविधान अनुसार प्रारम्भिक वडा तहमा ५ जनासम्मको एक वडा समिति निर्वाचनद्वारा खडा गर्ने व्यवस्था छ। निर्वाचनमा सम्बन्धित वडाका २१ वर्ष पुगेका सबै वयस्कहरूले भाग लिन सक्दछन्। निर्वाचित गाउँ वडा समितिका सदस्यहरू गाउँ सभाका सभासद हुने र वडा समितिका अध्यक्ष गाउँ पञ्चायतको सदस्य हुने व्यवस्था छ। यस्तै नगर वडा समितिका सदस्यहरू नगर सभासद हुने र त्यस्का अध्यक्ष नगर पञ्चायतको सदस्य हुने छन्।

निर्वाचित सदस्यहरू बाहेक गाउँफर्क राष्ट्रिय अभियानका तर्फबाट गाउँ पञ्चायतमा २ जना, नगर पञ्चायतमा २ देखि ६ जनासम्म र जिल्ला पञ्चायतमा ४ जना मनोनीत गरिन्छन्। गाउँ तथा नगर पञ्चायतको प्रधान

एवं उप–प्रधानपञ्चको चुनाव गर्दा उम्मेदवारले पूर्ण सदस्यसंख्याको दुइ तिहाई मत प्राप्त गर्न नसकेमा सदस्यहरूमध्ये कुनै पनि व्यक्तिलाई गाउँफर्क राष्ट्रिय अभियानद्वारा प्रधानपञ्च तथा उप–प्रधानपञ्चमा मनोनयन गरिन्छ ।

गाउँ र नगर पञ्चायतको निर्वाचन सम्पन्न भएपछि सबै प्रधानपञ्च र उप–प्रधानपञ्चहरू जिल्ला सभाका पदेन सदस्य हुन्छन् । पहिलेको परिपाटीमा गाउँ पञ्चायतहरूबाट कुनै पनि सदस्य जिल्ला सभासदमा निर्वाचित हुने व्यवस्थाले जिल्ला पञ्चायत र गाउँ पञ्चायतहरू बीच संगठनात्मक दृढता आउन सकेको थिएन । यस्का अतिरिक्त नगर पञ्चायतबाट जम्मा वडा संख्याको एक तिहाई सदस्यहरू जिल्ला सभाका सदस्य हुने व्यवस्था छ।

नयाँ व्यवस्था अन्तर्गत पूरा जिल्लालाई ९ इलाकामा विभाजित गरी प्रत्येक इलाकाबाट एक जना प्रतिनिधि पर्ने गरी जिल्ला पञ्चायतको गठन हुन्छ । गाउँफर्कबाट मनोनीत चार जना समेत जिल्ला पञ्चायतमा कुल १३ जना सदस्य हुन्छन् । जिल्ला पञ्चायतको सभापति र उप–सभापतिको निर्वाचनमा उम्मेदवारले दुइ तिहाई बहुमत ल्याउन नसकेमा उक्त पदमा सदस्यहरूमध्येबाट गाउँफर्कद्वारा मनोनयन गरिन्छ ।

साथै गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतका निर्वाचित सदस्यहरूमा एउटा पनि महिला नभएमा गाउँफर्कद्वारा मनोनीत गरिने सदस्यमा एक महिला सदस्य हुनु अनिवार्य गरिएको छ ।

**पदावधि र निर्वाचन क्रम**

संशोधित संविधान अनुसार सबै तहमा मनोनीत वा निर्वाचित पञ्चायत र वर्गीय संगठनका सदस्यहरूको पदावधिमा एकरूपता ल्याइएको छ । पहिले पञ्चहरूको पदावधि चार र छ वर्षको हुने भएकोमा अब सबै तहमा चार वर्षको कायम गरिएको छ ।

यस्तै निर्वाचनको प्रयोजनका लागि अधिराज्यका १४ अञ्चललाई चार समूहमा विभाजन गरिएको छ र हरेक वर्ष पालैसंग एक समूहमा

गाउँदेखि राष्ट्रिय पञ्चायतसम्म एकै चोटी चुनाव हुन्छ । सबै तहको चुनाव सामान्यतया माघदेखि चैत मसान्तसम्म सम्पन्न गर्नुपर्ने व्यवस्था छ ।

राष्ट्रिय पञ्चायतका सदस्यहरूको निर्वाचनको दायरालाई संशोधित संविधानले निकै फराकिलो पारेको छ । कुनै पनि जिल्लाबाट राष्ट्रिय पञ्चायतको लागि उम्मेदवार जिल्ला पञ्चायतका सभापति, उप–सभापति र सदस्यले मात्र हुन पाउँदछन् भने निर्वाचनमा सबै जिल्ला सभासदहरू (गाउँ पञ्चायतका प्रधान र उप–प्रधानपञ्च समेत) ले भाग लिन्छन् ।

**सदस्यहरूको सहवरण र प्रत्याह्वान**

राष्ट्रिय पञ्चायत बाहेक पञ्चायत र वर्गीय संगठनका सबै तहमा निर्वाचित कुनै सदस्यको पदावधि बाँकी छँदै पद रिक्त हुन गएमा बाँकी अवधिका लागि सो पदमा निर्वाचित व्यक्ति सरह योग्यता पुग्ने अर्को व्यक्ति सहवरणद्वारा नियुक्ति गर्ने व्यवस्था छ । सहवरणको नयाँ परिपाटीले गर्दा पञ्चायतहरूले निर्वाचनको समयमा बाहेक अरू बेला रिक्त पदहरूको चुनावमा अलमलिन् पर्ने स्थितिको अन्त्य भएको छ ।

पञ्चायतको कुनै पनि तहमा निर्वाचित सदस्यले आफूले प्रतिनिधित्व गरेको निकायमा जिम्मेदारी पूरा नगरेमा, राजसंस्थाप्रति अनास्था वा पञ्चायती व्यवस्थाप्रति भ्रम फैलाएमा, कार्यकर्ताहरू बीच गुटबन्दी गरेमा वा फूट पैदा गराएमा वा खराब आचरण गरेमा त्यस्ता सदस्यलाई प्रत्याह्वान गर्ने (फिर्ता बोलाउने) संविधानमा व्यवस्था गरिएको छ । श्री ५ का मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री र राष्ट्रिय पञ्चायतका मनोनीत सदस्यहरू बाहेक राष्ट्रिय पञ्चायतका अरू सदस्यहरूलाई अञ्चल र जिल्ला सभाले, जिल्ला पञ्चायतका सदस्यलाई जिल्ला सभाले, नगर पञ्चायतबाट जिल्ला सभामा निर्वाचित भएको व्यक्तिलाई नगर पञ्चायतले, गाउँ वा नगर पञ्चायतको सदस्यलाई गाउँ वा नगर सभाले र गाउँ वा नगर सभाका सदस्यलाई सम्बन्धित वडाका सदस्यहरूले प्रत्याह्वान गर्न (फिर्ता बोलाउन) सक्नेछन् ।

तर अभियोग लागी यसरी फिर्ता बोलाइने सदस्यलाई सम्बन्धित निकायहरूमा आफ्नो सफाइ पेश गर्ने मौका प्राप्त हुन्छ ।

**अख्तियार दुरूपयोग निवारण आयोग**

राजनैतिक निकाय वा विशिष्ट ओहदामा रहेका व्यक्तिहरूबाट हुन सक्ने अख्तियार दुरूपयोगलाई प्रभावकारी ढङ्गले नियन्त्रण गर्न अख्तियार दुरूपयोग निवारण आयोग गठन हुने संविधानमा व्यवस्था गरिएको छ । संशोधित संविधानका मौलिकताहरूमध्ये आयोगको गठनको महत्वपूर्ण स्थान छ ।

श्री ५ बाट आयोगका प्रमुख आयुक्त र आवश्यक परे अन्य आयुक्तहरूको नियुक्ति गरिबक्सन्छ र मौसूफबाट नियम बनाई तोकी बक्सेबमोजिम उनीहरूको काम, कर्तव्य, अधिकार र सेवाका शर्तहरू निर्धारित हुनेछन् ।

यसरी बनेका नियमहरूअन्तर्गत आयोगले आफ्नो काम, कर्तव्य र अधिकार सबै वा केही कुनै व्यक्ति वा कार्यालयलाई सुम्पन सक्नेछ ।

आयोगबाट अधिकार प्रत्यायोजन भई निर्णय भएका मुद्दाहरूउपर श्री ५ बाट सर्वोच्च अदालतका प्रधानन्यायाधीशको परामर्शमा गठन गरिबक्सेको अदालतमा मात्र पुनरावेदन दिन सकिने व्यवस्था छ ।

**मन्त्रिपरिषद्**

श्री ५ मा निहित कार्यकारिणी अधिकारको प्रयोग गर्न एक मन्त्रिपरिषद्को गठन हुने कुराको संविधानमा उल्लेख छ । मौसूफबाट राष्ट्रिय पञ्चायतका निर्वाचित वा मनोनीत सदस्यहरूमध्येबाट प्रधानमन्त्री, उप–प्रधानमन्त्री र मन्त्रीहरूको नियुक्ति गरिबक्सन्छ । मौसूफबाट चाहिबक्सेमा राष्ट्रिय पञ्चायतको सदस्य नभएका व्यक्तिलाई पनि बढीमा एक वर्षसम्म मन्त्रिपरिषद्मा नियुक्ति गर्न सकिबक्सने छ । मन्त्रिपरिषद्का सदस्यहरूको नियुक्ति गरिबक्सँदा मौसूफबाट चाहि बक्सेमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको परामर्श लिइबक्सने छ ।

संशोधित संविधान अनुसार मन्त्रीहरू श्री ५ प्रति सामूहिक र पृथक रूपमा उत्तरदायी हुनेछन् र आफ्नो मन्त्रालयको कामका लागि निजहरू व्यक्तिगत रूपमा जिम्मेदार रहनेछन्। प्रधानमन्त्री लगायत कुनै पनि मन्त्री-उपर आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पालना नगरेको भनी अविश्वासको प्रस्ताव राष्ट्रिय पञ्चायतको दुइ तिहाई बहुमतले पारित भएमा र सो प्रस्ताव श्री ५ बाट स्वीकृत गरिबक्सेमा सम्बन्धित व्यक्तिहरू आफ्नो पदबाट मुक्त हुने व्यवस्थाको पनि संविधानमा उल्लेख छ।

# कानूनी सुधारहरू

समस्त नेपाली जनताको अति सम्माननीय राजसंस्थाको छत्रछायामा नेपालमा लोक सम्मतिमा आधारित कानूनद्वारा मुलुकको शासन सञ्चालन हुन्छ । कानूनी राज कुनै पनि लोकतान्त्रिक प्रणालीको विशेषता हो । निर्दलीय पञ्चायती व्यवस्थामा कानूनी मर्यादाको राम्रो संरक्षण भएको छ र युग सुहाउँदो कानूनी सुधारहरू गर्दै मुलुकलाई अन्य विकसित राष्ट्रहरूको दाँजोमा पुऱ्याउने प्रयास निरन्तर जारी छ ।

राष्ट्रनायक श्री ५ वीरेन्द्रको कुशल नेतृत्वमा मुलुकको विकासका लागि जनजीवनका अन्य पक्षमा जुन सक्रियता आएको छ त्यसबाट कानूनी पक्ष अलग छैन,बरू यसबाट विकास र सुधारका प्रक्रियाहरूलाई दरिलो बनाउनमा ठूलो प्रेरणा प्राप्त भएको छ । मौसूफबाट शासनको अभिभारा सम्हाली बक्सेपछि मौसूफबाट बक्सेको कुशल मार्ग दर्शन अनुसार समयानुकूल कानूनहरूको तर्जुमा र कार्यान्वयन गर्नमा श्री ५ को सरकारले बडो तत्परताका साथ काम गर्दै आएको छ ।

राष्ट्रिय राजनीतिलाई फूट र गुटबन्दी जस्ता संकीर्णताहरूबाट उन्मुक्त पारी एकीकृत रूपमा विकासका नयाँ चुनौतीहरूको सामना गर्न सक्ने तुल्याउनमा श्री ५ महाराजाधिराजबाट २०३२ सालमा गरिबक्सेको संविधानको दोस्रो संशोधन सर्वाधिक महत्व राख्छ भने अन्य सामाजिक तथा न्यायिक क्षेत्रमा सामयिक सुधारको लागि मौसूफबाट समय समयमा

चालिबक्सेका कदमहरू राष्ट्रको समुन्नतिमा उत्तिकै उपयोगी सिद्ध भएका छन् ।

## मुलुकी ऐनमा संशोधन

नेपालको सबभन्दा पुरानो मुलुकी ऐनमा २०२१ सालमा स्व. श्री ५ महेन्द्रबाट व्यापक संशोधनहरू गरिबक्सेर समाजबाट कानूनी रूपमा जातपात प्रथा, उँच – नीचको भेदभाव र शोषण गर्ने प्रवृत्तिको अन्त्य गरिबक्सेको साथै बाल विवाह, बहुविवाह जस्ता कुरीतिहरूमाथि कानूनी नियन्त्रण हुन गई नयाँ मुलुकी ऐनबाट नेपालका विभिन्न जातको सामाजिक एकीकरणमा ठूलो सघाउ पुग्यो । राष्ट्रनायक श्री ५ वीरेन्द्रको नेतृत्वमा सुधारको यही सिलसिलामा अझ सुदृढता ल्याइएको छ । मुलुकी ऐन जारी भएको ११ वर्ष पछि २०३१ सालमा त्यसमा पहिलो पटक संशोधन भएको हो । हालसम्म ऐनमा ६ पटक संशोधन भएको छ । त्यसमध्ये पाँचौं र छैठौं संशोधन २०३१ र २०३३ सालमा भएका छन् ।

पुरुष र महिला बीचको लिंग भेदमा आधारित सामाजिक असमानता-हरूलाई समाप्त पार्दै छैठौं संशोधनले नेपाली नारीहरूलाई पुरुष सरह समाजमा प्रतिष्ठा दिलाउनमा महत्वपूर्ण कार्य गरेको छ । संयुक्त राष्ट्र-संघको सन् १९७५ (२०३१–३२) लाई अन्तर्राष्ट्रिय नारीवर्षको रूपमा विश्वभर मनाउने आह्वान अनुसार नेपालमा पनि महिला उत्थानसम्बन्धी अनेकौं कार्यक्रमहरू भए । श्री ५ महाराजाधिराजबाट श्री ५ बडामहारानी ऐश्वर्यको संरक्षकत्वमा यस कार्यक्रमका लागि एक राष्ट्रिय समितिको गठन गरिबक्सेको थियो ।

नारीवर्ष कार्यक्रमको सिलसिलामा राजनेतृत्वको असीम प्रेरणाबाट महिलावर्गको हित र प्रगतिका बाधक र लिंगको आधारमा पक्षपात युक्त ऐनका बुंदाहरूमा समेत सामयिक सुधारहरू भए । मुलुकी ऐनको छैठौं संशोधनमा यी सुधारहरूको राम्रो उल्लेख पाइन्छ । ऐनको भाग ३ अन्तरगत लोग्ने स्वास्नीको, अंश बण्डाको, स्त्री अंशधन, धर्मपुत्रसम्बन्धी १२, १३,

१४, १५ र भाग ४ अन्तरगतको बिहाबारीको महल १७ का धेर दफाहरूको २०३३ सालमा संशोधन गरिएको छ। बिहाबारीको संशोधित दफाहरूमा विवाहयोग्य पुरुष र स्त्रीको उमेरको हद बढाउनुका साथै एउटा स्वास्नी छँदै मनासिव कारण विना अर्को स्वास्नी ल्याएमा पुरुष र स्वास्नी भई आउने स्त्री दुवैलाई कैद र जरिवाना तोकिएका छन्। पहिलेका दफाहरूमा कैद वा जरिवाना हुन सक्ने मात्र व्यवस्था थियो र यस्तो दफा बहुविवाह रोक्नमा निकै फितलो भएको महसूस गरिएको थियो।

लोग्ने स्वास्नीको महल अन्तरगत संशोधित दफाहरू अनुसार लोग्ने स्वास्नीलाई सम्बन्ध विच्छेद गर्ने कुरामा बराबरीको अधिकार प्राप्त हुनुका अतिरिक्त आयस्ता नभएकी स्वास्नीमानिसलाई सम्बन्ध विच्छेद भएको लोग्नेबाट जीवन यापनका लागि सम्बन्ध विच्छेद भएको ५ वर्ष वा अर्को विवाह नगरेसम्म मनासिव खर्च भराउने व्यवस्था गरिएको छ।

अंशबण्डा महलका संशोधित दफाहरू अनुसार स्वास्नीमानिसलाई पनि विवाह भएको कम्तिमा १५ वर्ष र उमेर ३५ वर्ष पुगी सकेकोभए लोग्नेसित अंश लिई बेग्लै बस्न पाउने अधिकार छ। अंशबण्डा गर्दा बाबु आमालाई अंश छुटचाइ छोरा वा छोरी जोसंग पनि बस्न पाउने गरिएको छ। यस्तै ३५ वर्ष उमेर पुगेकी र विवाह नभएकी छोरीले छोरा सरह अंश पनि पाउने कानूनी व्यवस्था छ। स्त्री अंशधनको संशोधित दफा अनुसार भिन्न भएको कन्या, सधवा वा बिधुवा स्वास्नीमानिसले आफ्ना अंशको चलमा सबै र अचलमा आधासम्म कसैको मञ्जुरी बेगर आफू खुसी गर्न पाउँदछन्।

धर्मपुत्रको महलअन्तरगत छोरा छोरीलाई धर्मपुत्र वा धर्मपुत्री हुने समान अधिकार प्रदान गरिएको छ र धर्मपुत्रीको हक पनि छोरी सरह गराइएको छ।

वास्तवमा मुलुकी ऐनमा भएका सामयिक संशोधनहरूबाट पुरुष र महिला बीच देखिएका परम्परागत कानूनी असमानताहरूको निराकरण मात्र भएको होइन, महिलावर्गको पिछडिएको अवस्थालाई ध्यानमा राख्दै

केही बढी संरक्षणहरू पनि प्रदान गरिएका छन् ।

## न्याय प्रशासन सुधार ऐन २०३१

न्याय व्यवस्थालाई सुलभ, कम खर्चिलो, छिटो र छरितो बनाउने सिलसिलामा श्री ५ महाराजाधिराजबाट २०३१ सालमा लागू गरिबक्सेको न्याय प्रशासन ऐनको महत्वपूर्ण स्थान छ। उक्त ऐनअन्तर्गत चारै विकास क्षेत्रका केन्द्रहरूमा एक एक वटा क्षेत्रीय अदालतहरूको स्थापना गरिएको छ। क्षेत्रीय अदालतहरूको गठनबाट अब मुलुकमा जिल्ला, अञ्चल, क्षेत्रीय र सर्वोच्च गरी न्यायालयका चार तह भएका छन् । प्राय: सबै जसो मुद्दा-हरूको अन्तिम किनारा लगाउने र पुनरावेदन हेर्ने अधिकार क्षेत्रीय अदालत-लाई प्राप्त भएको हुँदा अब अधिराज्यका सुदूर पूर्व र पश्चिमका जनताले न्यायिक उपचारका लागि ठूलो खर्च र समयलाई राजधानीस्थित सर्वोच्च अदालत धाइरहनु पर्दैन। न्याय प्रशासनसुधार ऐन लागू हुनुभन्दा पहिले अधिकांश मुद्दाहरूको किनारा सर्वोच्च अदालतबाट हुने हुँदा सर्वोच्च अदालतमा मुद्दा मामिलाको बोझ बढ्न गई संवैधानिक प्रश्नहरू र न्याय व्यवस्थापन जस्ता कुरामा सर्वोच्च अदालतलाई दृष्टि पुऱ्याउन कठिनाइ परिरहेकोमा अब सो कुराको निराकरण भएको छ।

सर्वोच्च अदालतले मृत्यु दण्ड, सर्वस्व सहित जन्मकैद वा जन्मकैदको सजाय हुने मुद्दा, संविधानको व्याख्या वा सार्वजनिक महत्वको विषयमा प्रत्यक्षरूपमा गम्भीर र कानूनी त्रुटि भएको छ वा मुद्दाको रोहमा एउटा क्षेत्रीय अदालतले गरेको कानूनको व्याख्यासंग अर्को क्षेत्रीय अदालतले गरेको व्याख्या बाझिएको र सो भिन्नता हटाउन आवश्यक छ भन्ने कारण भई पुन-रावेदन गर्न सर्वोच्च अदालतले अनुमति दिएको मुद्दा वा क्षेत्रीय अदालत-हरूले आफ्नो मानहानी वापत सजाय गरेको मुद्दा मात्र सर्वोच्च अदालतमा सुनवाई हुन सक्दछन् ।

यसका साथै राजधानी लगायत व्यावसायिक महत्वका केही प्रमुख स्थानहरूमा राजस्वसम्बन्धी अन्य उजुरीहरू सुनेर टुङ्गो लगाउनमा ऐनमा

राजस्व न्यायाधिकरण गठन गरिने व्यवस्था गरिएको छ। यसबाट प्रशासनद्वारा कर असूलीको सम्बन्धमा गरेका कार्यवाहीहरूमा चित्त नबुझे जनतालाई यथोचित न्यायिक उपचार पाउने अवसर प्राप्त भएको छ।

**प्रमाण ऐन**

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट २०३१ साल कात्तिक महीनामा प्रमाण ऐन २०३१ लाई स्वीकृति बक्स्यो। मुलुकको तत्कालीन कानूनी व्यवस्थामा अन्य विकसित मुलुकहरूमा जस्तो मुद्दा मामिलाको तहकीकात गर्दा आवश्यक पर्ने प्रमाणसम्बन्धी ऐनको छुट्टै व्यवस्था नभएको, प्रमाणसम्बन्धी प्रक्रियाहरू विभिन्न कानूनहरूमा छरिएर रहेका र सो पनि धेरै अपूर्ण अवस्थामा रहेकाले प्रमाण ऐन बनाई जारी गर्नु पर्ने आवश्यकता परेको हो। प्रमाण ऐन लागू भएपछि अदालतहरूमा कस्ता कुराहरू प्रमाणको रूपमा पेश गर्नु पर्दछ सोको मुद्दाका पक्षहरूलाई पनि जानकारी रहने, न्याय प्रदान गर्दा स्वविवेक वा अनुमानको ज्यादा प्रयोगहुने स्थितिको अन्त्य भएको छ तथा प्रमाण ऐनको अभावमा न्याय हुनु पर्नेमा अन्याय पर्‍यो भन्ने जस्ता जन गुनासोहरूको पनि अब राम्रोसंग निराकरण भएको छ।

**सामाजिक व्यवहार (सुधार) ऐन**

प्रगतिशील ऐनहरूको निर्माणद्वारा सामाजिक कुरीतिहरूमाथि नियन्त्रण गर्दै समाजलाई सही मार्गतर्फ उन्मूख गराउने सन्दर्भमा राष्ट्र–नायक श्री ५ वीरेन्द्रबाट २०३३ सालमा जारी गरिबक्सेको सामाजिक व्यवहार सुधार ऐन एक उत्कृष्ट दृष्टान्त हो। आर्थिक दृष्टिले ज्यादै पिछडिएको मुलुक र जनताको अति निम्न आय स्तरलाई हेर्दा अनावश्यक रूपमा हुने फजूल खर्चहरूमा नियन्त्रण गरी पारिवारिक आर्थिक स्थिति सुधार्नेतर्फ ध्यान जानु सबैको कर्तव्य हो। तर विवाह, व्रतबन्ध, मृत्यु संस्कार आदि सामाजिक रीतिस्थितिहरूको पालना गर्दा अरूको देखासिकी गरी बढ्ता भडकिलोपना र रवाफ देखाउने, जन्ती, भोज, दाइजो र दान आदिमा अन्धाधुन्ध खर्च गर्ने नकारात्मक प्रवृत्ति समाजमा बढ्दै जानु राष्ट्रिय हितका

दृष्टिले पनि वान्छनीय नहुदा त्यस्ता कुरामाथि नियन्त्रण गन सामाजिक व्यवहार (सुधार) ऐन आएको हो।

जनहितका दृष्टिले लागू उक्त ऐनको समाजका सबै प्रगतिशील क्षेत्रबाट ठूलो स्वागत भएको छ। ऐनले विवाहमा जन्ती जाने संख्या, भोजमा आमन्त्रितहरूको संख्यादेखि लिएर दाइजो दिइने रकममा समेत सीमा निर्धारण गरी कडा बन्देजहरू लगाएको छ। कानूनी बन्देजहरूकै फलस्वरूप २०३३ सालदेखि विवाह, व्रतबन्ध र काज क्रियामा देखिने भडकिलोपना र अत्यधिक खर्च गर्ने प्रवृत्ति निकै घटेर गएको छ र यस किसिमका प्रवृत्तिहरू दुरुत्साहित भएका छन्। छरछिमेकका सम्पन्न मानिसले गरेको व्यवहारको देखासिकी गरी सामाजिक रीति सञ्चालन गर्न ऋणपान गरेर भएपनि लाज ढाक्नु पर्ने स्थितिबाट अब जनता मुक्त भएका छन्। कम आयका जनतालाई ऋण र आर्थिक शोषणबाट मुक्त गर्दै सामाजिक समानता कायम गर्नमा यस ऐनले उल्लेखनीय योगदान गरेको छ।

# श्री ५ को देश दर्शन कार्यक्रम

श्री ५ महाराजाधिराज वीरेन्द्र एक प्रजावत्सल र विकासप्रेमी राजा होइबक्सिन्छ । नेपालमा आर्थिक विकासको गति तीव्र पार्दै देशवासीहरू-लाई यथाशक्य चाँडो रोग, भोक, अशिक्षा तथा गरीबीबाट मुक्त गर्नु नै मौसूफको एकमात्र चिन्तन रही आएको छ । मौसूफबाट हुकुम हुन्छ, "जसरी मलाई मेरो देश र जनताको ममता छ, उसैगरी भोक र रोगले पीडित मेरा जनताप्रति मेरो जिम्मेदारी छ ।"

सम्वत् २०२८ साल माघ १७ गतेको अंध्यारो घडीमा अकस्मात श्री ५ महेन्द्रको स्वर्गारोहण पछि मौसूफबाट मुलुकको शासनको गहनतम अभिभारा उठाइबक्सेको थियो । मौसूफबाट सत्ता सम्हाली बक्सने बित्तिकै नेपालको राष्ट्रियता, सार्वभौमिकसत्ता र प्रादेशिक अखण्डता कायमराख्दै देशवासीको सर्वाङ्गीण विकासका लागि मरिमेटने संकल्प गरिबक्स्यो । मौसूफ सरकार युवराजाधिराज होइबक्सँदै विभिन्न मुलुकमा सवारी भई गरिबक्सेको अध्ययन र स्वदेशका विभिन्न इलाकाहरूको पैदल भ्रमणबाट प्राप्त अनुभवका आधारमा मौसूफलाई नेपाली जनताको कल्याणका मार्गमा आइपरेको मुख्य समस्या पत्तालगाउन कुनै बेर लागेन । राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट स्पष्ट शब्दमा हुकुम भयो– "आज हाम्रा कुनै शत्रु छन् भने ती हाम्रै पछौटेपन र अभाव हुन् र यिनै शत्रुहरूका विरूद्ध हामीले लड्नु परेको छ ।"

मौसूफबाट अशिक्षा, अभाव र पछौटेपन जस्ता समाजमा शदियौं-देखि जरो गाडेर बसेका शत्रुहरूको डटेर मुकाविला गर्न राष्ट्रिय स्तरमा विकासमुलक नीतिहरूको तर्जुमालाई प्राथमिकता दिइबक्स्यो भने विकासका किरणहरू अति पिछडिएका क्षेत्रका जनताको दैलो दैलोमा पुगी उनीहरूको मुहार उज्यालो होस् भन्नेतर्फ विशेष दृष्टि पनि दिइबक्स्यो ।

**सवारी भ्रमणहरू किन ?**

राष्ट्रिय विकास सम्बन्धी नीति निर्माण र कार्यान्वयन पक्षलाई बढी जनमुखी र यथार्थवादी रूप दिन मौसूफबाट नियमित रूपमा मुलुकको अनौपचारिक सवारी भ्रमण कार्यक्रम शुरू गरिबक्स्यो । राज्यारोहण गरिबक्सेको वर्षदिनभित्रै अधिराज्यका केही पिछडिएका क्षेत्रको भ्रमण पछि विकासका प्रयासहरूलाई क्रमबद्ध र सुदृढ रूप दिन मौसूफबाट अधि-राज्यलाई चार विकास क्षेत्रमा विभाजित गरिबक्सी उक्त विकास क्षेत्रहरूको सन्तुलित रूपमा आर्थिक विकास गर्ने नीतिको सूत्रपात गरिबक्स्यो । यति मात्र नभई मौसूफबाट प्रतिवर्ष क्रमैसंग विभिन्न विकास क्षेत्र एवं त्यहाँ सञ्चालन भइरहेको विभिन्न विकास आयोजनाहरूको निरीक्षण भ्रमण गर्ने परिपाटी समेत बसालिबक्स्यो । त्यसो त, श्री ५ महाराजाधिराज सरकारबाट श्री ५ युवराजाधिराज होइबक्सँदा नै देश दर्शनको एक नियमित क्रम चलाइबक्सेको थियो । मौसूफ सरकारबाट, घाम–पानी, सुख–दुःख कुनै कुराको वास्ता नराखिबक्सी देशको वास्तविक जानकारी हासिल गरिबक्सनका लागी मेचीदेखि महाकालीसम्म पैदल सवारी होइबक्सेको थियो । २०२१ सालको असोज र २०२२ सालको माघमा तत्कालीन श्री ५ युवराजाधिराज सरकारबाट पूर्व र पश्चिम नेपालको भ्रमण गरिबक्सँदा नेपालीहरूको दयनीय आर्थिक स्थितिको स्वयं प्रत्यक्ष रूपमा अनुभव-गरिबक्स्यो । नेपाली जनजीवनको करूण यथार्थताले मौसूफ सरकारको हृदय विदिर्ण भयो र देशवासीको आर्थिक विकासका लागि आफूलाई समपर्ण गर्ने श्री ५ बाट महत्तम संकल्प गरिबक्स्यो ।

यस क्रममा २०२८ साल मार्ग २० गते देशको वस्तुस्थिति बुझ्न आफ्ना परमपूज्य बुबाज्यू स्व. श्री ५ महेन्द्रबाट हुकुम बक्सेबमोजिम मौसूफ मेची अञ्चलको भ्रमणमा सवारी होइबक्सेको थियो। यस भ्रमणको अवसरमा मौसूफबाट देशको यथार्थ वस्तुस्थिति र जनजीवन तथा कार्यान्वयन भइरहेका विकास आयोजनाहरू बारे महत्वपूर्ण जानकारी प्राप्त गरिबक्स्यो।

राज्यारोहण पछि मौसूफ सरकारबाट गरिबक्सेको भ्रमणहरूबाट नेपाली जनजीवनमा ठूलो उत्साह र आशाको सञ्चार भयो। आफ्ना प्यारा राजालाई सम्पूर्ण सुख-सुविधाहरू त्यागेर आफ्नो उत्थानका लागि आफूलाई घच्घच्याउन आफ्नै दैलोमा पाएर नेपाली जनताले अपूर्व प्रेरणा पाए। श्री ५ महाराजाधिराज सरकारको यस प्रकारको नियमित भ्रमणबाट देशमा विकास कार्यहरूको तीव्र रूपले सञ्चालनमा अभूतपूर्व सक्रियता आयो।

## सवारी भ्रमणको जनजीवनमा प्रभाव

श्री ५ वीरेन्द्रबाट २०३० साल कात्तिकमा पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका गोरखा, पोखरी थोक, मुस्ताङ्गको मार्फा र जोमसोम जस्ता दुर्गम स्थलहरूको भ्रमण गरिबक्स्यो। मौसूफ सरकारबाट ओखरबोटको तामाखानी, म्याग्दी जिल्लाको कृषि फार्म र मुक्तिनाथ नगिचैको रानी–पौवाको निरीक्षण गरिबक्सेको थियो। यसैगरी २०३० साल पौषमा मौसूफबाट सुदूर पश्चिमाञ्चलको भ्रमण गरिबक्सँदा देशको सबैभन्दा कम विकसित मुगु, तिब्रीकोट, रूकुम, डोल्पा जस्ता दुर्गम स्थलहरूमा त्यहाँका जनताको लागि विकासका नयाँ सम्भावनाहरूको निरूपण गरिबक्सेको थियो। त्यसै वर्ष मौसूफबाट पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पिछडिएका इलाका-हरूमा सवारी होइबक्सी जन जीवनमा छिटो प्रत्यक्ष प्रभाव पार्ने किसिमका विकास आयोजनाहरूको कार्यान्वयनतर्फ राष्ट्रिय नीतिलाई अभिप्रेरित गरिबक्स्यो। यसपछि मौसूफ सरकारबाट प्रत्येक वर्ष दुइवटा जति विकास क्षेत्रहरूको नियमित रूपमा निरीक्षण भ्रमण गरिबक्सन्छ।

श्री ५ महाराजाधिराज सरकारबाट देशका चारै विकास क्षेत्र अन्तर्गत

सञ्चालित भइरहेका विकास आयोजनाहरू बारे जानकारी हासिल गरिबक्सन आयोजना स्थलमा नै सवारी होइबक्सने क्रमले विकास कार्यमा अपेक्षित शीघ्रता आएको छ। मौसूफ जहाँ जहाँ सवारी हुन्छ त्यस ठाउँमा विकासको नयाँ ज्योति जगमगाउँछ। नेपाली जनताले श्री ५ महाराजाधिराज सरकारको पाउ परेको क्षेत्रमा गरीबी टिक्न सक्दैन र समृद्धिको महान युग प्रारम्भ हुन्छ भन्ने कुरा अब बुझ्न थालेका छन्।

श्री ५ महाराजाधिराज सरकारको देश दर्शन कार्यक्रमले विकास कार्यक्रमहरूलाई बढी यथार्थवादी तथा राष्ट्रिय योजनालाई जनमुखी बनाएको छ। यति मात्र नभएर मौसूफ सरकार भ्रमणको अवसरमा देशमा सञ्चालित विकास आयोजनाहरूको प्रगति मूल्याङ्कन गरिबक्सन्छ र आवश्यक पर्दा स्थितिमा सुधार ल्याउन तत्कालै निर्देशनहरू पनि बक्सन्छ। वास्तवमा, मौसूफ सरकारको महान निर्देशन पाएर नै आज देशमा, सञ्चालित विकास आयोजनाहरूमा तीव्रता आई जनताले विकासका उपलब्धिहरूलाई आफ्नो दैनिक जीवनमा पनि अनुभूत गर्न पाएका छन्।

श्री ५ महाराजाधिराज सरकारबाट देशका चारै विकास क्षेत्रहरूको भ्रमण गरिबक्सेर नेपाली जनतामा विकास प्रति अभूतपूर्व अभिरुचि र सहभागिताको भावना जगाइबक्सेको छ भने अर्कातिर, कुसंस्कार अन्य कतिपय कुराहरू समाजबाट निर्मूल हुन लागेका छन्। जनताको रहन सहनमा भौतिक परिवर्तनका साथ–साथै धारणात्मक परिवर्तन पनि स्पष्ट रूपमा देखिन थालेको छ।

**व्यापक जनसम्पर्क**

श्री ५ महाराजाधिराज सरकारबाट सवारी भ्रमणको क्रममा, जनताको सुख–दुःख बुझेर तिनीहरूको आर्थिक स्थितिमा के गरे सुधार हुन सक्छ भन्ने हेतुले अधिकाधिक व्यक्तिहरूलाई दर्शन भेट बक्सिन्छ। मौसूफबाट यस प्रकार प्रत्यक्ष जनसम्पर्क स्थापित गरिबक्सेर जन आकांक्षा अनुरूप विकास आयोजनाहरूलाई नयाँ मोड बक्सिन्छ। सवारी भ्रमणको क्रममा पुरस्कार

र दण्ड दिने प्रणालीले गर्दा राम्रो काम गर्ने जनसेवी, राजनैतिक कार्यकर्ता र कर्मचारीले प्रोत्साहन पाउँदछन् । उनीहरूको काम गर्ने मनोबल दरिलो हुन्छ । नराम्रो काम गर्ने, जनतालाई दुःखदिने भ्रष्टा कर्मचारीहरूले उचित दण्ड पाउँदछन् । यसले गर्दा विभिन्न तहमा भ्रष्ट प्रवृत्ति दुरूत्साहित हुन गई जनतालाई राम्रो न्याय र प्रशासनिक रेखदेख पाउन सम्भव भएको छ । वास्तवमा राष्ट्रनायक श्री ५ वीरेन्द्रको यो देश दर्शन कार्यक्रम राष्ट्रिय विकास अभियानको महान उत्प्रेरक, पथ प्रदर्शक र सवल पक्ष भएको छ ।

सवारी भ्रमणबाट विकासको परम्परागत धारणामा नै क्रान्तिकारी परिवर्तन आएको छ । वस्तुस्थितिको जानकारी विना किताबी अध्ययन-हरूका आधारमा तर्जुमा गरिने विकास आयोजनाहरू कति त्रुटिपूर्ण रहेछन् भन्ने कुराबारे सवारी भ्रमणहरूबाट नेपालीहरूको आँखा खुलेको छ । अरू विकास योजनाहरू सचिवालयको टेबुलबाटभन्दा योजना स्थलहरूबाट जन आकांक्षा अनुसार निर्देशित हुन्छन् ।

## सवारी भ्रमण र राष्ट्रिय नीति निर्माण

सवारी भ्रमणहरूको सबभन्दा महत्वपूर्ण असर जन आकांक्षानुरूप राष्ट्रिय नीति निर्माणमा परेको पाइन्छ ।

राष्ट्रनायकबाट भौगोलिक विकटताले युक्त अति पिछडिएका ठाउँ-हरूमा सवारी भएपछि जनताका दुःख र आवश्यकताहरूको प्रत्यक्ष रूपमा अनुभव गरिबक्सी राष्ट्रिय नीतिलाई तदनुरूप नयाँ मोड दिइबक्सन बडो शीघ्रताका साथ कदम चालिबक्सन्छ । अनि विकास सम्बन्धी नयाँ नीति अनुसार योजनाहरूको तर्जुमा र कार्यान्वयनमा श्री ५ को सरकारका सबै प्रशासकीय निकायहरू सक्रिय हुन्छन् ।

विकास आयोजनाहरूमा बढी जनआकांक्षा र सहभागिता प्रतिबिम्बित होस् भन्ने हेतुले राष्ट्रिय विकास परिषद्को गठन, प्रादेशिक विकास योजनाको कार्यान्वयन तथा भौगोलिक स्थिति अनुसार हिमाली क्षेत्रमा पशुपालन,

मध्य पहाडी क्षेत्रमा फलफूल खेती र दक्षिण तराई भू-भागमा सघन खाद्यान्न उत्पादनमा जोडदिने नीतिसम्बन्धी विशेषताहरू सवारी भ्रमणकै उपलब्धि हुन् । कार्यस्थलबाट प्राप्त प्रत्यक्ष अनुभवका आधारमा योजनासम्बन्धी नीतिहरूमा परिमार्जन, संशोधन र हेरफेर गर्दै विकासको धारणालाई यथार्थवादी रूप दिनु सवारी भ्रमणको अर्को विशेषता हो ।

**सवारी भ्रमणका उपलब्धिहरू**

यी बाहेक शदियौंदेखि विकासको प्रकाश नपरेका क्षेत्रमा जनताको पीर मर्का हरण गर्नमा सवारी भ्रमणहरूबाट परेको तात्कालिक प्रभाव र अनुकूल परिवर्तनहरू सर्वाधिक महत्व राख्दछन् । सवारी भ्रमणकै फलस्वरूप अति दुर्गम ठाउँमा पनि पढ्ने सुविधा नपाएका जनताले पाठशालाहरू पाएका छन्, खाने पानीको अभाव भए खाने पानी पाएका छन्, खाद्यान्न नपुगेका ठाउँका जनताले खाद्यान्न पाउँदछन्, बाटोघाटोको असुविधा भए सो कुराको प्रबन्धतर्फ तत्परताका साथ काम हुन्छ, कृषि विकास र इलम व्यवस्था नभएका ठाउँमा आधुनिक कृषि विकासका साधन र प्रविधिहरू तथा घरेलु उद्योग, शिल्प व्यवसायको विकास भएको छ ।

यसैले आज कृषि पैदावार कम हुने पर्वतीय इलाका फलफूलका हरिया फूलवारीमा परिणत हुँदैछन् र पशुधनको विकास योजनाबद्ध ढङ्गले भइरहेको छ । सुदूर पश्चिमको दार्चुला, बैतडीदेखि लिएर जुम्ला, मुस्ताङ्ग, रसुवा, सोलुखुम्बु जस्ता उच्च पर्वतीय क्षेत्रमा चौंरी, भेडा फार्महरूको विकास भइरहेको छ भने यी जिल्ला र अन्यत्र गरी ३० भन्दा बढी स्थानहरूमा फलफूल विकास केन्द्रहरू सञ्चालित छन्। शुरूमा सरकारी क्षेत्रमा सञ्चालित केन्द्रहरूबाट पिछडिएका क्षेत्रका जनतालाई बिरुवाहरू प्रदानगरी फलफूल खेतीतर्फ प्रोत्साहित गरिन्छ । यसरी खाद्यान्न कम हुने पहाडी क्षेत्रका जनताको जीविका र आर्थिक आम्दानीको बागवानी एक भरपर्दो स्रोत हुँदै आएको छ ।

सवारी भ्रमणहरूकै फलस्वरूप आज पहाडबाट रोजगारी र जीविकाको

खोजीमा लाखौंको संख्यामा तराईमा झरेर जङ्गल फडांनी गरी अवैध बसोबास गर्ने प्रवृत्तिको रोक थाम सम्भव भएको छ। उन्नत कृषिका नयाँ सुविधाहरू, खाने पानी, स्कूल, स्वास्थ्य केन्द्र, घोडेटो र झोलुंङ्गे पुलहरूको निर्माणले अब दुर्गम पहाडी क्षेत्र पनि सुगम हुन थालेकोछ, त्यस्ता ठाउँमा पनि विकासका आर्थिक पूर्वाधारहरू खडा हुँदैछन् र जनता आफ्नो समुन्नत भविष्यप्रति दिनानुदिन आश्वस्त हुँदै गइरहेका छन् ।

यसरी श्री ५ महाराजाधिराज सरकारबाट गरिबक्सने स्वदेश दर्शन कार्यक्रमको प्रभाव स्थानीय जनताका खाने पानी, स्वास्थ्य, शैक्षिक सुविधा जस्ता सानातिना समस्याहरूको निराकरणदेखि लिएर राष्ट्रिय योजना, नीति एवं चिन्तनमै दूरगामी परिवर्तनहरू ल्याउने ज्यादै सबल एवं उत्प्रेरक भएको पाइन्छ ।

विभिन्न ठाउँको स्थिति, जनजीवन र आर्थिक समस्याहरूको पूर्व अध्ययन र तयारीका आधारमा गरिने सवारी भ्रमणहरू जनताको दुःख निवारण गर्न र विकासको प्रकाश फिंजाउनमा अमोघ अस्त्र सिद्ध भएका-छन् ।

विकासका भौतिक उपलब्धिहरूका अतिरिक्त सवारी भ्रमणहरूको फलस्वरूप आज गाउँ पञ्चायतस्तरमा पनि योजनाहरूको तर्जुमा र स्रोत-हरूको परिचालन सम्बन्धी कार्यदक्षताको विकास हुन थालेकोछ । प्रत्येक जिल्लामा विकास आयोजनाहरूको कार्यान्वयन स्थितिको झलक प्रस्तुत गर्न समीक्षालयहरूको स्थापना, कर्मचारी र जनप्रतिनिधिहरूमा लक्ष्य अनुरूप काम गर्ने बानी र कार्यान्वयन स्थितिको मूल्याङ्कन जस्ता नवीनतम परिपाटीहरूको सूत्रपात पनि सवारी भ्रमणहरूकै देन हुन् ।

अतः आज श्री ५ को स्वदेश दर्शन कार्यक्रम र विकास नेपाली जनताका नजरमा एकै तात्पर्यका दुइ शब्द बनेका छन् र जहाँ राजाको सवारी हुन्छ त्यस ठाउँको विकास भई छाड्ने जनताको अटल विश्वास बनेको छ ।

# व्यापक विदेश सम्बन्ध

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवको दूरदर्शी नेतृत्वमा नेपालको वैदेशिक सम्बन्ध बढी व्यापक भएको छ तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल र नेपालीको प्रतिष्ठा अझ उँचा भएको छ। मौसूफको मार्ग दर्शनबाट निर्दिष्ट हाम्रो परराष्ट्र नीतिले आज समयका कठीन चुनौतीहरू पनि सफलतापूर्वक पार गरी सर्वमान्य आदर्शको रूप लिएको छ। असंलग्नता र शान्तिपूर्ण सह–अस्तित्वका सिद्धान्तहरूमा आधारित वैदेशिक नीतिलाई नेपालले दृढतापूर्वक अनुसरण गर्दै आएको छ। यसबाट मुलुकको स्वतन्त्र अस्तित्वको संरक्षण र आर्थिक विकासमा योगदान हुनुका साथै अन्तर्राष्ट्रिय जगतमा शान्ति, सद्भाव र सहयोग बढाउनमा पनि सकारात्मक प्रभाव परेको छ।

श्री ५ महाराजाधिराज सरकारबाट मुलुकको विदेश नीतिलाई बढी जनभावनानुकूल, यथार्थवादी र गतिशील स्वरूप बक्सेको छ । मौसूफ सरकारको राज्यारोहण यताका ५ वर्षको छोटो अवधिमा नेपालको मित्र राष्ट्रसरूसंगको सम्बन्ध बढी सौहार्दपूर्ण र सुदृढ भएको छ । एशिया, अफ्रिका र लेटिन अमेरिकाका कतिपय मुलुकहरूसंग दौत्य सम्बन्ध स्थापित भएको छ । नेपालको दौत्य सम्बन्ध स्थापित भएका मुलुकहरूको संख्या अब ७६ पुगेको छ । यसमा मध्यपूर्वका अरब राष्ट्रहरूसंग मैत्री सम्बन्धको विकासलाई विशेष उपलब्धिको रूपमा लिन सकिन्छ । एकै महाद्वीपका अङ्ग र अन्य पश्चिमी राष्ट्रहरूभन्दा भौगोलिक दृष्टिले निकट

रहेका मध्यपूर्वका सउदी अरेबिया, कुवेत, कतार, युनाइटेड अरब इमिरेटस्, जोर्डन, बहराइन र लिबिया (अफ्रिकी महाद्वीप) सित स्थापित सम्बन्ध-हरूले पारस्परिक हित हुने गरी आर्थिक सहयोगका सम्भावनाहरूलाई निकै बढाएका छन् ।

## राजकीय यात्राहरू

नेपालको वैदेशिक सम्बन्धलाई समयानुकूल रूपमा नयाँ मोड दिनमा श्री ५ महाराजाधिराज सरकारबाट राज्यारोहण पछि गरिबक्सेका विभिन्न मित्र राष्ट्रहरूको राजकीय यात्राहरूको विशिष्ट स्थान छ । सर्वप्रथम मौसूफबाट नेपालका निकटतम दुइ महान् छिमेकी मित्रराष्ट्रहरू भारत र चीनको राजकीय यात्राहरू सम्पन्न गरिबक्सेको थियो । यसबाट नेपालको वैदेशिक सम्बन्धमा यी राष्ट्रहरूसंगको सम्बन्धको महत्वपूर्ण स्थान भएको कुरा स्पष्ट हुन्छ ।

मौसूफबाट २०३० साल असोज २६ गतेदेखि कात्तिक ३ गतेसम्म भारतका तत्कालीन राष्ट्रपति श्री बराह गिरी वैंकट गिरीको मैत्रीपूर्ण निमन्त्रणामा गरिबक्सेको भारतको राजकीय यात्राको फलस्वरूप नेपाल र भारत बीच राजनैतिक स्तरमा राम्रो समझदारी र सद्भावना बढेको छ । दुइ देश बीच परम्परादेखि रहिआएका आर्थिक, सांस्कृतिक, व्यापारिक एवं राजनैतिक सम्बन्धहरूको सुदृढीकरणमा यस यात्राको राम्रो प्रभाव परेको छ ।

सोही वर्षको मंसीर २२ गतेदेखि एक सातासम्म गणतन्त्र चीनका तत्कालीन कार्यवाहक राष्ट्रपति श्री तुङ पि-उ तथा प्रधानमन्त्री श्री चाउ एन-लाइको मैत्रीपूर्ण आमन्त्रणमा पहिलो पटक चीनको राजकीय यात्रा गरिबक्स्यो । आधुनिक चीनका निर्माता अध्यक्ष माओ त्से–तुङ र प्रधानमन्त्री चाउ एन–लाइसंग मौसूफको भेटघाट चीन–नेपाल मैत्रीको सुदृढीकरणमा एक महान घटना भएको छ ।

यसपछि २०३३ साल भदौमा मौसूफबाट दोस्रो पटक चीनको सेचुआँ र तिब्बत प्रदेशको मैत्रीपूर्ण राजकीय यात्रामा सवारी भयो । अध्यक्ष माओ

र प्रधानमन्त्री चाउ एन–लाइको निधन पछि चीनमा नयाँ नेता श्री हुआ को फेङको उदयकालमा चीनमा सवारी हुने मौसूफ पहिलो विदेशी राष्ट्राध्यक्ष होइबक्सिन्छ । नेपालको सीमा जोडिएको तिब्बत प्रदेशमा सवारी हुने पनि मौसूफ पहिलो विदेशी राष्ट्राध्यक्ष होइबक्सेको कुरा एक ऐतिहासिक महत्वको घटना भएको छ । मौसूफबाट चीनका नयाँ नेतावर्गसित राखिबक्सेको व्यक्तिगत चिनापर्ची र त्यसबाट बढेको समझदारीको नेपाल–चीन बीच मैत्री एवं सहयोगको सम्बन्ध विस्तारमा अत्यधिक देन छ ।

मित्रराष्ट्रहरू सितको सम्बन्धलाई व्यापक बनाउने सिलसिलामा श्री ५ महाराजाधिराज सरकारबाट २०३२ सालको असोज महीनामा युगोस्ला–भियाको राजकीय यात्रामा सवारी भयो । करीब एक साताव्यापी यो यात्राको अवसरमा नेपाल र युगोस्लाभिया बीचको सम्बन्ध अझ नवीकृत हुनुका साथै असंलग्न आन्दोलनका अधिष्ठतामध्ये एक युगोस्लाभियाका राष्ट्रपति मार्शल जोसिप ब्रोज टिटोसंग मौसूफको व्यक्तिगत रूपमा सम्पर्क र विचारहरूको आदान प्रदान असंलग्न राष्ट्रहरूको समूह बीच एकता र सहयोग बढाउनमा निकै महत्व राख्दछ । यस अघि राष्ट्रपति टीटोले गर्नु भएको नेपाल यात्रा पनि द्विपक्षीय सम्बन्धहरू सुदृढ बनाउन र आपसी समझदारी बढाउनमा अत्यन्त उपयोगी सिद्ध भएका छन् ।

युगोस्लाभियाको राजकीय यात्राको समाप्ति पछि स्वदेश फिर्दा राष्ट्र-नायक श्री ५ वीरेन्द्रबाट जोर्डन, इरान र भारतको पनि अनौपचारिक यात्रा गरिबक्सेको थियो । त्यस अवसरमा जोर्डनका राजा हुसेन, इरानका शाहंशाह आर्य मेहर रेजा पहलवी र भारतका तत्कालीन प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीसंग मौसूफबाट गरिबक्सेका भेट वार्ताहरू ती देशहरूसंग द्विपक्षीय आधारमा नेपालको सम्बन्ध दरिलो बनाउन तथा अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति, समझदारी र सहयोग बढाउनमा धेरै प्रभावकारी भएका छन् ।

यसै क्रममा श्री ५ महाराजाधिराज सरकारबाट २०३३ साल मंसीर महीनाको पहिलो हप्तामा सोभियत संघका तत्कालीन राष्ट्रपति श्री

निकोलाई भी. पोद्गोर्नीको निमन्त्रणामा रूसको एक साताव्यापी राजकीय यात्रा गरिबक्स्यो । विश्वको एक ठूलो शक्ति राष्ट्र रूससित नेपालको मैत्री र सहयोगका सम्बन्धहरू सदा सद्भावनापूर्ण रहि आएका छन् । रूसले नेपालमा विकासका पूर्वाधारहरूको स्थापना गर्नमा निकै सहयोग गरेको छ। अहिले पनि नेपालमा दक्ष जनशक्तिको विकासमा यो सहयोगको उल्लेखनीय स्थान छ। मौसूफबाट गरिबक्सेको यस राजकीय यात्राको फलस्वरूप यी सम्बन्धहरू अझ सुदृढ भएका छन् र दुवै देशबीच समझदारी बढेको छ।

## अन्तर्राष्ट्रिय सम्मेलनहरू

नेपालको वैदेशिक सम्बन्ध द्विपक्षीय आधारमा बढी लाभदायक र दरिलो तुल्याउनमा श्री ५ महाराजाधिराज वीरेन्द्रबाट गरिबक्सेका विभिन्न मित्र राष्ट्रहरूको राजकीय यात्राहरूको उल्लेखनीय देन छ भने मौसूफबाट अन्तर्राष्ट्रिय सम्मेलनहरूमा नेपालको नेतृत्व गरिबक्सेर विश्व मानचित्रमा नेपालको गौरव र प्रतिष्ठामा निकै वृद्धि भएको छ। मौसूफबाट सन् १९७३ को भाद्र महीनामा अल्जियर्समा र सन् १९७६ को अगस्त महीनामा कोलम्बोमा भएका असंलग्न राष्ट्रहरूको चौथो र पाँचौं शिखर सम्मेलनहरूमा भाग लिइबक्सेको छ। विश्वका झण्डै दुइ तिहाइ राष्ट्रका राष्ट्राध्यक्षहरूले भाग लिएको र राष्ट्रसंघ महासभा पछि दोस्रो महत्वपूर्ण यी अन्तर्राष्ट्रिय सम्मेलनहरूमा मौसूफबाट नेपालको परराष्ट्र नीतिका मौलिकताहरू, विश्वमा शान्तिको पक्षलाई स्थायी बनाउने बारे नेपालका दृष्टिकोणहरू र विकासशील राष्ट्रहरूबीच आर्थिक विकास एवं सहयोग जस्ता जटिल समस्याहरू बारे दूरदर्शी एवं यथार्थवादी विचारहरू प्रस्तुत गरिबक्सेको छ। यसरी महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्मेलनहरूमा मौसूफबाट गरिबक्सेको प्रतिनिधित्वबाट उच्चस्तरमा नेपालको कूटनैतिक सम्बन्ध विकास गर्ने प्रयासहरूलाई नयाँ गतिशीलता प्राप्त भएको छ भने नेपाल र नेपाली जनता विश्व रङ्गमञ्चमा पहिलेभन्दा बढी परिचित भएका छन् तथा नेपालको विकासमा

सकारात्मक रूपमा सघाउ पुऱ्याउने आर्थिक सहयोगको क्षेत्र विस्तृत हुँदोछ ।

## एक आदर्शको निर्माण

राष्ट्रनायक श्री ५ वीरेन्द्रको पथ प्रदर्शन र नेतृत्वमा आज शान्तिपूर्ण सह–अस्तित्व र असंलग्नताका सिद्धान्तहरूमा आधारित नेपालको परराष्ट्र नीति अब नेपाली मात्रका लागि जीवन पद्धतिमा अनुकरण योग्य महान् आदर्श बनेका छन् । नेपाल अधिराज्यका संस्थापक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट एशिया महादेशका दुइ ठूला राज्यहरू बीच रहेको नेपालको भौगोलिक स्थितिलाई "दुइ ढुंगा बीचको तरूल" को संज्ञा दिएर दुवैसंग समान रूपमा शान्ति एवं मैत्रीपूर्ण सम्बन्ध कायम राख्ने उपदेश प्राप्त भएको थियो ।

राणाकालीन युगमा ब्रिटिश साम्राज्यवादको प्रभावमा परेर नेपालको स्वतन्त्र एवं असंलग्न नीति अनुरूप विदेश सम्बन्धको विकासमा प्रतिकूल असर परेको पाइन्छ । तर युग प्रवर्तक स्व. श्री ५ महेन्द्रको अभ्युदयबाट नेपालको वैदेशिक सम्बन्धमा ऐतिहासिक मोड आयो । मौसूफबाट राज्यारोहण गरेको वर्ष २०१२ सालमा (डिसेम्बर १५, सन् १९५५) नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गरेको थियो । त्यस पछि यताका १७ वर्षसम्म स्व. श्री ५ महेन्द्रको दूरदर्शी नेतृत्वमा द्रुतगतिले विश्वमा विभिन्न मुलुकहरूसंग नेपालको कूटनैतिक सम्बन्धको विकास भयो । भिन्न भिन्न सामाजिक, आर्थिक एवं राजनैतिक व्यवस्था भएका साना-ठूला औद्योगिक वा विकासोन्मुख सबै राष्ट्रसंग दौत्य सम्बन्धको मुख्य आधार सन् १९५६ मा इण्डोनेशियाको बाङ्डुङ्गमा सम्पन्न भएको अफ्रो एशियाली सम्मेलनद्वारा प्रतिपादित पञ्चशीलका सिद्धान्तहरू भए । पञ्चशीलले समानता, क्षेत्रीय अखण्डता वा सीमाको कदर, सार्वभौमसत्ताको आदर, शान्तिपूर्ण सह-अस्तित्व र एक अर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने नीतिलाई जनाउँदछ । वास्तवमा असंलग्न आन्दोलन पञ्चशीलकै सूत्रहरूबाट अभिप्रेरित भएको छ ।

स्व. श्री ५ महेन्द्रबाट २०१८ सालमा बेल्ग्रेडमा भएको असंलग्न राष्ट्रहरूको प्रथम शीर्षस्थ सम्मेलनमा नेपालको स्वतन्त्र र असंलग्न पर-राष्ट्र नीतिको स्पष्ट रूपमा व्याख्या गरिबक्सेको थियो। मौसूफबाट २०२१ सालमा कायरोमा भएको असंलग्न राष्ट्रहरूको दोस्रो शिखर सम्मेलन र २०२७ मा लुसाकामा भएको तेस्रो सम्मेलनहरूमा बक्सेको सम्बोधनहरूबाट अन्तर्राष्ट्रिय सम्बन्धमा नेपालको परराष्ट्र नीतिको स्वरूप र लक्ष्यहरू बारे यथार्थवादी दिग्दर्शन भएको थियो।

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट नेपालको राजनैतिक वास्तविकता सुहाउँदो किसिमले प्रतिपादित परराष्ट्र नीतिलाई कायम राखिबक्सँदै त्यसको सफल कार्यान्वयनका लागि बढी प्रयत्नशील रहिबक्सेको छ। मौसूफबाट वैदेशिक मामलामा समयले पारख गरेको परम्पराको संरक्षण मात्र होइन, त्यसमा आवश्यक परिपोषण एवं परिष्कार समेत ल्याइबक्सेको छ।

## नीति निर्देशक तत्वहरू

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्वका अवसरहरूमा बक्सेका संबोधन भाषणहरू, पञ्चायती प्रजातन्त्रका संस्थापक स्वर्गीय श्री ५ महेन्द्रबाट निर्धारण गरिबक्सेका आधारहरू तथा समय समयमा राज संस्थाबाट प्राप्त हुने मार्ग दर्शन हाम्रो असंलग्न परराष्ट्र नीतिका निर्देशक तत्व हुन्।

दुइ ठूला मित्रराष्ट्रहरूको बीचमा रहेको भू-परिवेष्टित राष्ट्र नेपालका निमित्त असंलग्न नीतिको अनुसरण ठूलो महत्व राख्दछ र यसैको माध्यम-बाट नै विश्व शान्तिको पक्षमा योगदान पुऱ्याउन सकिन्छ भन्ने नेपालको दृढ धारणा रहिआएको छ।

श्री ५ महाराजाधिराज वीरेन्द्रबाट हुकुम भए जस्तै नेपालको वैदेशिक नीति यस मुलुकको शान्ति र सुरक्षाको आवश्यकता अनुरूप प्रतिपादित भएको छ र राष्ट्रको शान्ति सुरक्षा एवं आर्थिक विकासका लक्ष्य हासिल

गर्नमा हाम्रो गतिशील वैदेशिक नीतिको ठूलो भूमिका छ । यथार्थमा हेर्ने हो भने हाम्रो असंलग्न परराष्ट्र नीतिको मूल सूत्र शान्ति र विकास हुन्। शस्त्रास्त्रको होडबाजी, विकसित र विकासोन्मुख राष्ट्रहरू बीच बढ्दै गइरहेको आर्थिक विषमताको खाडल तथा शक्तिको आडमा प्रभाव विस्तार गर्ने प्रवृत्तिहरू आज पनि विश्वमा शान्तिका लागि ठूलो अवरोध भएका छन् । यस्तो स्थितिको निराकरणका लागि श्री ५ महाराजाधिराज सरकार-बाट हुकुम हुन्छ, "संसारको हरेक राष्ट्रले आफ्नो सरोकारका विषयहरूमा स्वतन्त्र दृष्टिकोण अपनाउने र पूर्ण समानताको आधारमा विश्वव्यापी प्रभाव भएका सबै अन्तर्राष्ट्रिय निर्णयहरूमा भाग लिने परिस्थिति जति जति विकसित हुँदै जान्छ उत्तिकै अनुपातमा शान्तिको क्षेत्र विस्तृत हुँदै जान्छ ।"

शान्तिको धारणालाई बढी व्यावहारिक रूप दिन मौसूफबाट विश्वमा व्याप्त आर्थिक विषमताहरू दूर गर्न प्रभावकारी उपायहरू उठाइनु पर्ने आवश्यकतामाथि जोड दिइबक्सेको छ । "विकास बिना शान्ति सम्भव छैन" भन्ने श्री ५ वीरेन्द्रको महा वाणी विश्वमा स्थायी शान्तिका लागि विकासोन्मुख मुलुकहरूबाट आर्थिक पछौटेपन, दारिद्र्य र शोषण हटाउन व्यापक रूपमा अन्तर्राष्ट्रिय सहयोगको क्षेत्र विस्तार गर्नु पर्ने अनिवार्यता प्रति विश्व समुदायको ध्यान आकर्षित गर्दछ । यस्तै राष्ट्रिय परिप्रेक्ष्यमा पनि द्रुततर आर्थिक विकास हासिल गरेमा मात्र आन्तरिक शान्ति र सुरक्षा दिगो हुन सक्ने तथ्य बारे श्री ५ वीरेन्द्रबाट देशवासीहरूलाई समय समयमा कर्तव्य बोध गराइबक्सेको छ ।

संक्षेपमा, श्री ५ वीरेन्द्रबाट हुकुम भएको "बाँच र बाँच्न देऊ" हाम्रो परराष्ट्र नीतिको मुख्य लक्ष्य हो । शान्ति, स्वतन्त्रता र सहयोगलाई मजबूत पार्दै विभाजनवादी सैनिक गठबन्धनहरूको त्रासबाट विश्वलाई मुक्त गर्ने तर्फ हाम्रो असंलग्न परराष्ट्र नीति सचेष्ट छ । यस्तै विश्वमा अझै रहेका उपनिवेशवाद र साम्राज्यवादका अवशेषहरूको निर्मूल गर्नु, शोषणको अन्त्य गर्नु, जातिवाद र रंगभेदको विरोध तथा स्वतन्त्र मुक्ति आन्दोलनहरूको

जोडदार समर्थन गर्नु पनि हाम्रो परराष्ट्रनीतिको सदा नैतिक जिम्मेदारी रही आएको छ। संयुक्त राष्ट्रसंघ मार्फत र अन्य अन्तर्राष्ट्रिय बैठकहरूमा नेपालले यी कुराहरूको दृढतापूर्वक पालना मात्र गरेको होइन, नयाँ रूपमा उपनिवेशवादलाई पुनर्जीवित गर्ने कुनै पनि प्रयासहरूको कडा विरोध गर्दै आएको छ ।

## नेपाल र संयुक्त राष्ट्रसंघ

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य भएको २२ वर्ष हुन लागेको छ। राष्ट्रसंघको बडापत्रमा उल्लेखित सिद्धान्तहरूप्रति नेपाल गहिरो आस्था राख्दछ र तिनको सदा दृढताका साथ पालना गर्दै आइरहेको छ। विश्वका जटिल समस्याहरूको समाधान युद्ध र संघर्षबाट होइन, शान्तिपूर्ण तरीकाले मेल मिलापद्वारा गरिनु पर्दछ भन्ने हाम्रो असंलग्न परराष्ट्र नीतिको मुख्य लक्ष्य रहिआएको छ।

वास्तवमा राष्ट्रसंघ साना एवं विकासोन्मुख राष्ट्रहरूका लागि आशा, भरोसा एवं सुरक्षित भावनाको प्रतीक बनेको छ र यस विश्व संस्थाका क्रियाकलापलाई बढी प्रभावकारी तुल्याउनमा उनीहरूको ठूलो अभिरुचि छ।

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट "शान्ति, न्याय तथा प्रगतिका लागि प्रभावकारी साधनका रूपमा राष्ट्र संघलाई सुदृढ पार्दै लैजानु पर्ने तथ्यमाथि जोड दिइबक्सेको छ। किनकि राष्ट्रसंघीय आदर्शलाई अलग्गै राखेर असंलग्नता र त्यसमा आधारित नीतिको सार्थकताको परिकल्पना गर्नु असम्भव प्रतीत नभए तापनि कठिन अवश्य हुन्छ।

नेपालले विश्वभर शान्ति कायम राख्ने राष्ट्रसंघद्वारा गरिएका हर प्रयासहरूमा सदा सक्रिय योगदान गर्दै आएको छ। सन् १९६१ मा अफ्रिकाको कंगो (हाल जायरे) मा गृह युद्ध चम्केर स्थिति असामान्य हुँदा त्यहाँ शान्ति स्थापना गर्न राष्ट्रसंघको आह्वानमा नेपालले आफ्नो सैनिक जत्थाहरू पठाएको थियो। यसपछि सन् १९७३ मा अरब इजरायली युद्ध पछि

गाजा क्षेत्रमा शान्ति कायम राख्न पनि आफ्ना जवानहरू पठाइ राष्ट्र-संघलाई सहयोग गरेको थियो ।

यी बाहेक आणविक अस्त्रहरू उपर प्रतिबन्ध र निशस्त्रीकरण, रङ्गभेद, उपनिवेशवाद नीतिको व्यापक विरोध तथा आर्थिक सहयोग सम्बन्धी राष्ट्र संघद्वारा उठाइएका हर महत्वपूर्ण घोषणा पत्र र सम्झौता-हरूमा नेपालले आफ्नो सक्दो योगदान दिएको छ ।

राष्ट्रसंघको एक जिम्मेदार सदस्यको हैसियतले नेपालले अपनाएको असंलग्न परराष्ट्र नीति र विश्वशान्तिका लागि गरेको सकारात्मक योगदानको फलस्वरूप नेपाल २०२५ सालमा राष्ट्रसंघ महासभाको तेइसौं अधिवेशनमा सर्वाधिक बहुमतले दुइ वर्षका लागि सुरक्षा परिषद्को सदस्य निर्वाचित भएबाट नेपालको शान्तिप्रिय परराष्ट्र नीतिको विश्व समुदायमा राम्रो कदर भएको सहजै अनुमान गर्न सकिन्छ ।

राष्ट्रनायक श्री ५ वीरेन्द्रको सक्रिय नेतृत्वमा नेपाल र राष्ट्रसंघ बीच विभिन्न क्षेत्रमा सहयोग व्यापक हुँदै गइरहेको छ । विश्वमा तनाव कम गर्न, शान्तिको पक्ष दरिलो पार्न तथा आर्थिक सहयोगको क्षेत्र विस्तार गर्नमा नेपालले राष्ट्रसंघलाई अझ सुदृढ र सक्षम तुल्याउन सक्दो प्रयास गरेको छ भने नेपालको आर्थिक विकासमा राष्ट्रसंघ मार्फत प्राप्तभएको सहयोगको मात्रामा वृद्धि हुँदै गइरहेको छ ।

नेपालको चौथो योजनामा राष्ट्रसंघ विकास कार्यक्रमबाट नेपालका विभिन्न विकास आयोजनाहरूमा उल्लेखनीय सहायता प्राप्त भएको थियो । यसरी प्राप्त हुँदै आएको सहायता पाँचौं योजनामा झण्डै ५० करोड जति पुगेको छ । यो सहायता कार्यक्रम विकासशील राष्ट्रहरूको आर्थिक उत्थानमा बहुपक्षीय सहायताको उत्कृष्ट नमूना हो र यसबाट नेपालको कृषि, उद्योग, शिक्षा, परिवहन र स्वास्थ्य एवं समाजिक सेवा क्षेत्रमा उल्लेख-नीय कामहरू भइरहेका छन् । यी कार्यक्रमहरूको कार्यान्वयनबाट सामान्य नेपाली जनतामा समेत संयुक्त राष्ट्रसंघप्रति गहिरो आस्था, सम्मानको भावना जागृत हुनु स्वाभाविकै हो ।

## सन्दर्भ सामग्रीहरू


१. राजनैतिक कार्यक्रम:– प्रकाशक, गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति, पुल्चोक, २०३३ ।

२. श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा, भाषण र सन्देशहरू, खण्ड २, ३, ४, ५, प्र. श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग ।

३. पाँचौं योजना:– प्र. श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग ।

४. नेपालको संविधान:– प्र. श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

५. शुभराज्याभिषेक विशेषाङ्क, गोरखापत्र:– प्र. गोरखापत्र संस्थान ।

६. मुलुकी ऐन (संशोधन सहित)

७. Crown, Country and Coronation:– Published by Department of Information, 1975

८. साझा समाचार बुलेटिनहरू:– प्र. साझा केन्द्रीय कार्यालय, पुल्चोक ।

९. गाउँफर्क राष्ट्रिय अभियान, २०२४ ।

१०. राष्ट्रिय विकास परिषद् २०२९, प्र. राष्ट्रिय योजना आयोग ।

११. नारी र विकास– ले. श्रीमती शान्ता पोखरेल ।

१२. संविधान संशोधन, केही प्रश्नोत्तर ।

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, सिंहदरवार, काठमाडौं ।